# सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी भएका आदेशहरुको कार्यान्वयन

## प्रगति प्रतिवेदन-आ.व.२०८२/८३




नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(कानून तथा फैसला कार्यान्वयन महाशाखा)
सिंहदरबार, काठमाडौं

# सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी भएका आदेशहरुको कार्यान्वयन प्रगति प्रतिवेदन – आ. व. २०८२/८३

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

(कानून तथा फैसला कार्यान्वयन महाशाखा)

सिंहदरबार, काठमाडौं

२०८३ असार

# सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी भएका आदेशहरुको कार्यान्वयन प्रगति प्रतिवेदन – आ. व. २०८२/८३


<u>**प्रकाशकः**</u>

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(कानून तथा फैसला कार्यान्वयन महाशाखा)
सिंहदरबार, काठमाडौं।

**प्रकाशन संख्याः** ३०० प्रति

**प्रकाशन मितिः** २०८३ असार

**सल्लाहकारः**

मुख्यसचिव सुमनराज अर्याल

सचिव पुष्कर सापकोटा

**सम्पादन समूहः**

सहसचिव लिलाधर सुवेदी

उपसचिव मनुका घिमिरे

शाखा अधिकृत दिप्ती आचार्य

क.अ. लक्ष्मी कुमारी लोहनी

मुख्य सचिव

नेपाल सरकार

## मन्तव्य

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष सक्षम न्यायपालिकाको व्यवस्था गर्दै न्यायसम्बन्धी अधिकार संविधान, प्रचलित कानून तथा न्यायका मान्य सिद्धान्तबमोजिम न्यायिक निकायमार्फत प्रयोग गरिने व्यवस्था गरेको छ। साथै, मुद्दा तथा मामिलाको सन्दर्भमा अदालतबाट जारी भएका आदेश तथा फैसलाको पालना गर्नु सबै व्यक्ति, संस्था तथा निकायको संवैधानिक दायित्व रहेको छ। यसर्थ, अदालतका आदेश र फैसलाको सम्मानपूर्वक तथा प्रभावकारी रूपमा कार्यान्वयन हुनु कानूनी शासनको आधारभूत आवश्यकता हो।

अदालतबाट भएका फैसला तथा आदेशहरूको वास्तविक महत्व तिनको प्रभावकारी कार्यान्वयनमा निहित हुन्छ। फैसला जति नै न्यायोचित, वस्तुनिष्ठ र समयसापेक्ष भए तापनि त्यसको कार्यान्वयन हुन नसकेमा त्यस्ता फैसला केवल औपचारिक दस्तावेजमा सीमित रहने अवस्था सिर्जना हुन्छ। नागरिकले न्याय प्राप्त गरेको अनुभूति गर्न र राज्यले आफ्नो संवैधानिक तथा कानूनी हकको संरक्षण गर्छ भन्ने विश्वास स्थापित हुन सकेमा मात्र कानूनी राज्यको अवधारणा सार्थक रूपमा कार्यान्वयन हुन्छ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ बमोजिम अदालतका फैसला तथा आदेशहरूको कार्यान्वयन सम्बन्धमा आवश्यक समन्वय, सहजीकरण तथा अनुगमन गर्ने जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ। सोही जिम्मेवारीअनुरूप यस कार्यालयले फैसला तथा आदेश कार्यान्वयनको अवस्थाको नियमित अनुगमन तथा सहजीकरण गर्दै आएको छ। विशेषतः सार्वजनिक सरोकारका विवाद तथा असाधारण अधिकारक्षेत्र अन्तर्गत अदालतबाट जारी भएका आदेशहरूले नागरिकलाई संविधान तथा कानूनद्वारा प्रदत्त अधिकारहरूको निर्वाध उपभोग सुनिश्चित गर्नुका साथै सबै नागरिकले कानूनको समान संरक्षण प्राप्त गर्ने संवैधानिक प्रत्याभूतिको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् भन्ने विश्वांस नेपाल सरकारले लिएको छ।

यसै सन्दर्भमा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक वर्ष २०८२/८३ सम्म अदालतबाट जारी भएका आदेश तथा फैसलाहरूको अभिलेख संकलन गरी तिनको कार्यान्वयन अवस्थाको अध्ययन तथा विश्लेषण सम्पन्न गरेको छ। उक्त अध्ययनका आधारमा तयार गरिएको यो प्रतिवेदनले अदालतका आदेश तथा फैसलाहरूको कार्यान्वयनको वर्तमान अवस्था, कार्यान्वयनका क्रममा नेपाल सरकारबाट भएका प्रयास तथा उपलब्धिहरूबारे सरोकारवाला निकाय र आम नागरिकलाई जानकारी प्रदान गर्ने उद्देश्य राखेको छ।

मुलुकमा विकसित भएका समसामयिक सामाजिक तथा राजनीतिक परिवेश, विशेषगरी युवापुस्ताको सक्रिय नागरिक सहभागिताबाट अभिव्यक्त सुशासन, पारदर्शिता, जवाफदेहिता तथा विधिको शासनप्रतिको बढ्दो जनअपेक्षा, साथै नयाँ सरकार गठनपश्चात् सार्वजनिक सेवा प्रवाह, सुशासन प्रवर्द्धन तथा अदालतका आदेश एवं फैसलाहरूको प्रभावकारी कार्यान्वयनप्रति नागरिकले राखेका अपेक्षाले न्यायिक निर्णयहरूको समयमै र पूर्ण रूपमा कार्यान्वयन हुनुपर्ने आवश्यकतालाई थप सशक्त रूपमा उजागर गरेको छ।

प्रस्तुत प्रतिवेदन मार्फत् कार्यान्वयन हुन बाँकी रहेका आदेश तथा फैसलाहरूको पहिचान गरी तिनको शीघ्र तथा प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूको थप ध्यानाकर्षण गराउने अपेक्षा गरिएको छ। यसबाट आगामी दिनहरूमा अदालतका आदेश तथा फैसलाहरूको कार्यान्वयनमा थप प्रभावकारिता, उत्तरदायित्व र प्रगति हासिल हुने अपेक्षा गरिएको छ। नेपाल सरकार पनि संविधानको प्रभावकारी कार्यान्वयन, विधिको शासनको सुदृढीकरण, सुशासनको प्रवर्द्धन तथा अदालतका आदेश एवं फैसलाहरूको सम्मानपूर्वक, समयबद्ध र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको छ।

अन्त्यमा, यो प्रतिवेदन तयार गर्ने यस कार्यालयका कानून तथा मानव अधिकार क्षेत्र अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

२०८३ असार
ने.सं. ११४६

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

सुमनराज अर्याल
मुख्य सचिव

# संकल्प

नेपालको संविधानको धारा १३३ ले संविधानद्वारा प्रत्याभूत मौलिक हकको प्रचलन गराउन तथा अन्य कुनै कानूनी हकको संरक्षणका लागि, जहाँ प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था नभएको वा उपलब्ध उपचार अपर्याप्त वा अप्रभावकारी देखिएको अवस्थामा, आवश्यक तथा उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्ता हकहरूको प्रचलन सुनिश्चित गर्ने तथा विवादको अन्तिम निरूपण गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको छ। त्यसैगरी, संविधानको धारा १४४ ले उच्च अदालतहरूलाई समेत यस्तै प्रकृतिको अधिकार प्रदान गरेको छ।

उक्त संवैधानिक व्यवस्थाअनुसार सर्वोच्च अदालत तथा उच्च अदालतहरूले नागरिकका मौलिक तथा कानूनी हकहरूको संरक्षण र प्रचलनका साथै सार्वजनिक हक वा सरोकारसँग सम्बन्धित विवादहरूको निरूपण गर्ने क्रममा नेपाल सरकार तथा मातहतका निकायहरूको नाममा बन्दी प्रत्यक्षीकरण, उत्प्रेषण, परमादेश लगायतका सार्वजनिक सरोकारका रिटहरू जारी गर्दै आएका छन्। विशेषतः सार्वजनिक सरोकारका विषयमा सर्वोच्च अदालतबाट जारी भएका आदेशहरूको संख्या उल्लेखनीय रहेको छ, जसले संवैधानिक शासन, विधिको शासन तथा नागरिक अधिकारको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ ले अदालतबाट भएका फैसला तथा आदेशहरूको कार्यान्वयन, समन्वय र अनुगमन गर्ने जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई प्रदान गरेको छ। सोही जिम्मेवारीअनुरूप यस कार्यालयले विशेषगरी सार्वजनिक सरोकारका विषयमा अदालतबाट जारी भएका आदेशहरूको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर पहल, समन्वय तथा अनुगमन गर्दै आएको छ।

यसै क्रममा आर्थिक वर्ष २०७९/०८० देखि २०८१/०८२ सम्म सर्वोच्च अदालतबाट जारी भएका आदेशहरूको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन गरी २०८२ साल असारमा प्रतिवेदन प्रकाशन गरिएको थियो। उक्त प्रयासलाई निरन्तरता प्रदान गर्दै आर्थिक वर्ष २०८२/०८३ सम्म सर्वोच्च अदालतबाट नेपाल सरकारको नाममा जारी भएका परमादेश तथा निर्देशनात्मक आदेशहरूको कार्यान्वयन अवस्थासम्बन्धी यो प्रगति प्रतिवेदन प्रकाशन गरिएको हो।

प्रस्तुत प्रतिवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त भई अभिलेखीकरण गरिएका सर्वोच्च अदालतका आदेशहरूको कार्यान्वयन अवस्थालाई समेटिएको छ। प्रतिवेदन तयारीका क्रममा सबै मन्त्रालयहरू, सर्वोच्च अदालतअन्तर्गतको फैसला कार्यान्वयन निर्देशनालय तथा अन्य सम्बन्धित निकायहरूसँग समन्वय गरी उपलब्ध अभिलेखहरू अद्यावधिक गरिएको छ। तथापि, अभिलेख व्यवस्थापन तथा सूचना अद्यावधिक प्रक्रियाको प्रकृतिका कारण प्रतिवेदनमा केही विवरण समावेश हुन नसकेको अवस्था रहन सक्ने सम्भावना रहेको छ। यस प्रतिवेदनमा कुनै आदेश वा फैसला समावेश नभएको आधारमा त्यस्ता आदेश वा फैसलाको कार्यान्वयन दायित्वमा कुनै प्रकारको असर नपर्ने स्पष्ट गर्न चाहन्छौं। आगामी दिनहरूमा अभिलेख अद्यावधिक तथा प्रतिवेदन सुधारको कार्यलाई निरन्तरता दिइनेछ।

फैसला तथा आदेशहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय तथा सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयको सहभागितामा एक समन्वयात्मक संयन्त्र समेत क्रियाशील रहेको छ। प्रस्तुत प्रतिवेदन सोही संयन्त्रमा विस्तृत छलफल तथा परामर्शपश्चात् अन्तिम रूप दिइएको हो।

यस प्रतिवेदनले नेपाल सरकारका सम्बन्धित निकायहरूबाट अदालतका आदेश तथा फैसलाहरूको कार्यान्वयनका लागि भएका प्रयास, उपलब्धि तथा बाँकी रहेका कार्यहरूको स्पष्ट चित्र प्रस्तुत गर्ने अपेक्षा गरिएको छ। साथै, यसले सम्बन्धित निकायहरूलाई आफ्नो जिम्मेवारीप्रति थप उत्तरदायी, जवाफदेही र संवेदनशील बनाउन सहयोग पुऱ्याउने विश्वास लिइएको छ। सम्मानित अदालतहरूबाट भएका आदेश तथा फैसलाहरूको प्रभावकारी कार्यान्वयन विधिको शासन, संवैधानिक सर्वोच्चता तथा कानूनी राज्यको प्रत्याभूतिका लागि आधारभूत शर्त हो भन्ने विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पूर्ण रूपमा सचेत छ। यस कार्यालयले आगामी दिनहरूमा फैसला तथा आदेशहरूको कार्यान्वयनलाई अझ प्रभावकारी, परिणाममुखी र उत्तरदायी बनाउन थप सक्रिय तथा प्रतिबद्ध भूमिका निर्वाह गर्ने दृढ संकल्प व्यक्त गर्दछ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदनको तयारी, अध्ययन, अभिलेख व्यवस्थापन तथा समन्वय कार्यमा संलग्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून तथा फैसला कार्यान्वयन महाशाखाका सम्पूर्ण कर्मचारीहरू, सम्बन्धित मन्त्रालयहरू, सहयोगी निकाय तथा व्यक्तिहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

२०८३ असार
नेपाल सम्वत् ११४६

पुष्कर सापकोटा
सचिव, कानून

पुष्कर सापकोटा
सचिव

## बिषय-सूची


**परिच्छेद-१** ........................................ १

**सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी भएका आदे कार्यान्वयनको अवस्था** ........ १

१. पृष्ठभूमिः ........................................ १

२. फैसला/आदेशको कार्यान्वयन ........................................ ६

३. फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था ........................................ ७

३.१. संवैधानिक व्यवस्था ........................................ ७

३.२. कानूनी व्यवस्था ........................................ ७

४. फैसला/आदेश कार्यान्वयनका मुलभूत उद्देश्यहरु ........................................ ८

५. फैसला/आदेश कार्यान्वयनका विषयहरु ........................................ ८

६. फैसला कार्यान्वयनको लागि संस्थागत व्यवस्था ........................................ ९

७. फैसला/आदेश कार्यान्वयनका समस्याहरुः ........................................ ११

८. प्रतिवेदनको उद्देश्यः ........................................ ११

९. प्रतिवेदनका सीमाहरुः ........................................ १२

१०. विभिन्न मन्त्रालयबाट कार्यान्वयन भएका र कार्यान्वयन हुन बाँकी आदेशहरुको तुलनात्मक विवरणः ........................................ १२

**तालिका नं १** ........................................ १३

**सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी परमादेश तथा निर्देशनात्मक आदेश र तिनको कार्यान्वयनको अवस्था** ........................................ १३

**तालिका नं. २** ........................................ १६२

**सर्वोच्च अदालतबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सम्बद्ध रहेका रिट निवेदनमा जारी परमादेश तथा निर्देशनात्मक आदेशहरुमध्ये लगत कट्टा भएका आदेशहरुको विवरण** ........................................ १६२

**तालिका नं. ३** ........................................ १७७

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सम्बद्ध रहेका रिट मध्ये सर्वोच्च अदालतबाट खारेज भएका रिटहरुको विवरण** ........................................ १७७

## परिच्छेद-१

## सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी भएका आदे कार्यान्वयनको अवस्था

### १. पृष्ठभूमिः

निवेदक अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत विपक्षी भएको सम्बत् २०६४ सालको रिट नं १०७४ को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट यस अदालतले संविधानको धारा १०७ (१) वा (२) वा (३) वा अन्य कुनै धारा वा कानून अन्तर्गत दिएको आदेश वा निर्णय वा यस अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त वा नेपालका कुनै अदालतले दिएको आदेश वा गरेको फैसला शीघ्र कार्यान्वयन गर्न यो आदेश प्राप्त भएका मितिले १२० दिनभित्र प्रत्येक मन्त्रालयको सचिवले आ-आफ्नो मन्त्रालयको कामको सम्बन्धमा आ-आफ्ना नाममा जारी भएका आदेश कार्यान्वयन गर्न एउटा प्रभावकारी संयन्त्र गठन गरी यस अदालतलाई जानकारी दिनु। गठन गरिने त्यस्तो संयन्त्रलाई Organizational chart मा समावेश गरी कानूनी अस्तित्व स्थापना गर्नु र नेपाल सरकारले आवश्यक निर्णय गरी संयन्त्रको काम, कर्तव्य फैसला कार्यान्वयन गर्न तोक्नु भनी प्रत्येक मन्त्रालयको सचिवको नाममा निर्देशनात्मक आदेश जारी भएको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले सबै मन्त्रालयहरुमा फैसला कार्यान्वयन शाखा/महाशाखाको गठन गरी सो शाखा/महाशाखाको काम, कर्तव्य, अधिकार र कार्यविधि देहाय बमोजिम हुने गरी तोकेको छ।

(१) **कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखाको गठनः** नेपाल सरकारका सबै मन्त्रालयहरुमा एक कानून तथा फैसला कार्यान्वयन शाखा/महाशाखा (यसपछि "शाखा/महाशाखा" भनिएको) रहने छ।

(२) **शाखा/महाशाखाको काम र कर्तव्यः** (१) नेपाल सरकारका विभिन्न मन्त्रालायहरुमा कायम रहेका कानून शाखा/महाशाखाहरुबाट सम्पादन हुँदै आएका काम र कर्तव्यका अतिरिक्त शाखा/महाशाखाको काम र कर्तव्य देहायबमोजिम हुनेछः

(क) आफ्नो मन्त्रालय वा सो मन्त्रालयसँग सम्बन्धित संवैधानिक निकाय वा अन्तर्गत विभाग वा कार्यालयका नाममा जारी भएको वा आफ्नो मन्त्रालय वा सो मन्त्रालयसँग सम्बन्धित संवैधानिक निकाय वा अन्तर्गत विभाग वा कार्यालयबाट कार्यान्वयन हुनपर्ने सर्वोच्च अदालत वा अन्य अदालतबाट

जारी भएको आदेश, निर्णय वा फैसलाहरुको संकलन गरी अद्यावधिक अभिलेख तयार गर्ने।

(ख) आदेश वा फैसला प्राप्त भएको ७ (सात) दिनभित्र आदेश वा फैसला कार्यान्वयन कार्ययोजना तयार गरी स्वीकृत गर्ने, गराउने र सो कार्ययोजनाको १ प्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

(ग) मनासिव कारण भएमा बाहेक आदेशमा उल्लिखित मिति वा कानूनका म्यादभित्रै आदेश वा फैसलाको कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउने।

(घ) कुनै मनासिव कारणले गर्दा आदेश वा फैसलामा उल्लिखित मिति वा कानूनका म्यादभित्रै आदेश वा फैसलाको कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउने।

(ङ) आफ्नो मन्त्रालयसँग सम्बन्धित कुनै वा सबै आदेशका सम्बन्धमा सम्बन्धित निकायहरुबाट आवश्यक विवरण माग भएमा यथाशीघ्र सोबमोजिमको विवरणहरु पठाउने।

(च) आफ्नो मन्त्रालयसँग सम्बन्धित आदेश वा फैसलाको अद्यावधिक विवरण तयार गरी मन्त्रालयको website मा राख्ने र समय समयमा अद्यावधिक गर्ने, गराउने व्यवस्था मिलाउने।

(छ) आदेश वा फैसला कार्यान्वयन सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको श्रावण १५ गतेभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयमा पठाउने र सो को १ प्रति प्रतिलिपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। वार्षिक प्रतिवेदनमा अन्य कुराहरुका अतिरिक्त देहायबमोजिमका कुराहरु अनिवार्यरुपमा उल्लेख भएको हुनुपर्नेछः-

- मन्त्रालयका नाममा जारी वा मन्त्रालयबाट कार्यान्वयन हुनुपर्ने आदेश वा फैसलाको संख्या,
- आदेशको प्रकृति (निर्देशनात्मक, परमादेश वा अन्य कुनै),
- रिट/मुद्दा नं र दर्ता भएको साल,
- निवेदक /वादी र प्रत्यर्थी वा प्रतिवादीको नाम र थर,
- आदेश वा फैसला गर्ने अदालतको नाम,
- आदेश वा फैसला मिति,
- आदेश वा फैसलाको संक्षिप्त विवरण,
- कार्यान्वयन अवस्था,

- कार्यान्वयन सम्पन्न आदेशहरुको संख्या,
- बाँकी आदेशको संख्या,
- आदेश कार्यान्वयन सम्पन्न हुने अनुमानित मिति वा समय,
- बाँकी रहेका आदेश कार्यान्वयनका लागि गरिएका प्रयास र भइरहेको कार्य,
- आदेश वा फैसला कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरु,

२. दफा (२) बमोजिम आदेश वा फैसलाको कार्यान्वयन गर्ने गराउने सिलसिलामा आवश्यक देखिएका अन्य कुनै कार्य शाखा वा महाशाखाले गर्न सक्नेछ।

३. दफा (२) बमोजिम अदालतको आदेश वा फैसला कार्यान्वयन गर्ने गराउने सिलसिलामा नीति वा कानून तर्जुमा वा भइरहेको नीति वा कानूनमा संशोधन वा कुनै विषयमा अध्ययन गर्ने सिलसिलामा समिति वा कार्यदल गठन भएमा सो समिति वा कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा फैसला कार्यान्वयन शाखाको प्रतिनिधिलाई समेत समावेश गर्नुपर्नेछ।

**(३) सम्बन्धित मन्त्रालयका सचिवको काम, कर्तव्य र अधिकारः** (१) आफ्नो मन्त्रालयमा दफा (१) बमोजिमको शाखा/महाशाखा गठन गर्ने, गठित शाखा/महाशाखालाई मन्त्रालयको संगठन तालिकामा समावेश गर्ने मन्त्रालयको मौजुदा दरबन्दीबाट जनशक्ति व्यवस्थापन गर्ने, शाखा/महाशाखाका लागि आवश्यक भौतिक, वित्तीय एवम् अन्य सहयोग उपलब्ध गराउने दायित्व सम्बन्धित मन्त्रालयको सचिवमा रहनेछ।

(२) दफा (२) बमोजिमको कार्यका लागि सम्बन्धित मन्त्रालयको सचिव जिम्मेवार हुनेछ।

(३) दफा (२) बमोजिमको कार्य सञ्चालनका सिलसिलामा आवश्यक निर्णय गर्ने अधिकार सचिवमा रहनेछ।

(४) अदालतको आदेश वा फैसला कार्यान्वयनका सिलसिलामा कुनै द्विविधा आएमा सचिवले सम्पूर्ण विवरण खोली निकासाका लागि दफा ५ बमोजिमको अनुगमन समितिमा लेखी पठाई आएबमोजिम गर्नुपर्नेछ।

**(४) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा फैसला कार्यान्वयन महाशाखाको काम र कर्तव्यः** दफा २ मा उल्लेखित काम र कर्तव्यका अतिरिक्त

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखाको अन्य काम र कर्तव्य देहायबमोजिम हुनेछः

(क) सर्वोच्च अदालत वा महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त हुन आएका नेपाल सरकारका नाममा जारी भएका आदेश वा फैसलाहरु नेपाल सरकार, कार्य विभाजन नियमावली, २०६४ अन्तर्गत रही सम्बन्धित मन्त्रालयमा कार्यान्वयनका लागि लेखी पठाउने।

(ख) नेपाल सरकारका सबै मन्त्रालयका नाममा जारी भएका आदेश वा फैसलाहरुको एकीकृत विवरण तयार गरी अद्यावधिक गर्ने, गराउने।

(ग) दफा (५) बमोजिमको अनुगमन समितिबाट भएको निर्णय वा सिफारिश कार्यान्वयनका लागि लेखी पठाउने।

(घ) दफा (२) बमोजिम सम्बन्धित मन्त्रालयहरुबाट कार्यान्वयन भएका आदेश वा फैसलाहरुको नियमित अनुगमन गर्ने।

(ङ) अदालतको आदेश वा फैसला कार्यान्वयनको वार्षिक प्रतिवेदन तयार गर्ने।

(च) अदालतको आदेश कार्यान्वयनका सम्बन्धमा छलफल गोष्ठी वा अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्ने।

(छ) आदेश वा फैसला कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारबाट भएका निर्णय वा आदेशहरु नेपाल सरकारका सबै मन्त्रालयहरुलाई कार्यान्वयनका लागि लेखी पठाउने र सोको अभिलेख राख्ने।

(ज) आदेश वा फैसला कार्यान्वयनका सिलसिलामा आवश्यक कुनै विषय निर्णयका लागि पेश गरी भएको आदेश वा निर्णयानुसार गर्न नेपाल सरकारका सबै मन्त्रालयहरुमा लेखी पठाउने।

(झ) नेपाल सरकारका विभिन्न मन्त्रालय एवम् अन्य निकायहरुबाट सम्पादन हुने कार्यलाई कानूनी राज्यको अवधारणा अनुरुप सम्पादन गर्न सहयोग पुऱ्याउने किसिमका न्याय र कानूनका विषयमा विभिन्न तालिम, प्रशिक्षण र अन्तरक्रिया सञ्चालन गर्ने।

**(५) अनुगमन समितिः** (१) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०८/१६ को निर्णय बमोजिम देहाय बमोजिमको एक आदेश/फैसला कार्यान्वयन अनुगमन समिति रहेको छ।

(क) सचिव, कानून, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

(ख) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ग) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(घ) महानिर्देशक, फैसला कार्यान्वयन निर्देशनालय -सदस्य

(ङ) सहसचिव (कानून, तथा फैसला कार्यान्वयन महाशाखा) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ।

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त हुन आएका आदेश कार्यान्वयनका लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम सम्बन्धित मन्त्रालयमा कार्यान्वयनका लागी लेखी पठाउने,

(ख) कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन प्रक्रियालाई प्रभावकारी र सहज बनाउन जिम्मेवार निकायलाई अभिप्रेरित गर्ने,

(ग) कार्यान्वयनको स्थिति बारेमा नियमित अनुगमन गर्ने, गराउने,

(घ) कार्यान्वयन भइसकेका आदेशको लगत कट्टा गर्न महान्यायधिवक्ताको कार्यालय मार्फत् सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयमा पठाउने,

(ङ) दफा ३ को उपदफा (४) बमोजिम समितिमा प्राप्त हुन आएको विषयमा आवश्यक निकासा दिने,

(च) आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने।

(३) समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ।

(४) समितिको बैठकमा सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

**(६) आदेश वा फैसला कार्यान्वयनमा आवश्यक सहयोगः** (१) अदालतको आदेश वा फैसला कार्यान्वयनमा दफा २ बमोजिमको शाखा/महाशाखालाई नेपाल सरकारका सबै निकाय एवं पदाधिकारीहरुले आवश्यक सहयोग गर्नुपर्नेछ।

(२) दफा २ बमोजिम अदालतको आदेश वा फैसला कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयबाट आवश्यक बजेट निकासाका लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा लेखी पठाएमा नेपाल सरकार, अर्थ मन्त्रालयले प्राथमिकताका साथ बजेट निकासा गर्नेछ।

## २. फैसला/आदेशको कार्यान्वयन

कुनैपनि विवादको अन्तिम रुपमा किनारा लागेपछि मात्र फैसला कार्यान्वयनको चरण आउँछ। न्यायिक एवम् अर्धन्यायिक निकायहरुबाट व्यक्तिका कानूनप्रदत्त हक अधिकारमा आघात परेको अवस्थामा कागज एवम् प्रमाणको मूल्याङ्कन गरी भएको फैसलाका माध्यमबाट त्यस्ता हक अधिकारलाई पुनर्स्थापित गराउनु नै फैसला कार्यान्वयन हो। अदालत तथा न्यायिक निकायबाट हुने फैसलाले न्यायका पक्षमा एक प्रकारको कागजी उद्घोष मात्र गर्दछ भने फैसला कार्यान्वयनले हक अधिकारमा आघात पर्ने पक्षलाई बास्तविक एवम् पूर्ण न्यायको प्रत्याभूति गर्दछ। फैसला कार्यान्वयन छिटो छरितो र प्रभावकारीरुपमा भएमा मात्र मुद्दाका पक्षलाई वास्तविक अर्थमा न्याय प्राप्त हुन्छ। यसले अदालतप्रतिको आस्था र विश्वसनीयता अभिवृद्धि गरी कानूनी राज्यको स्थापनामा सघाउ पुऱ्याउँछ।

सामान्यतः फैसला कार्यान्वयन भन्ने बित्तिकै अदालतबाट फौजदारीतर्फ प्रतिवादीलाई लागेको दण्ड जरिवाना असूलउपर गर्ने र देवानीतर्फ चलन चलाउने, दाखिल खारेज, नामसारी, निखनाई, अंशबण्डा, बिगो भराउने जरिवाना तथा अदालती शुल्क भराउने[1] लगायतका कार्यहरु भन्ने बुझिन्छ। यस्ता कार्यहरु जुनसुकै तहको अदालतबाट फैसला भएको भएतापनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन फिरादपत्र वा उजुरीपत्र दायर भएको अदालतवाट[2] फैसलाको कार्यान्वयन हुने र पुनरावेदन सुन्ने अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दाको फैसला कार्यान्वयन सम्बन्धित जिल्ला अदालतले गर्ने कानूनी व्यवस्था रहेको देखिन्छ। नियमित अदालतबाट बाहेक अन्य निकायबाट भएको फैसलाको कार्यान्वयन सम्बन्धित निकायबाट नै हुने गर्दछ। अदालतबाट कसैलाई कुनै पदमा बहाली गर्न वा पदबाट हटाउन कुनै फैसला वा आदेश भएमा त्यस्तो फैसला वा आदेश कार्यान्वयनको लागि सम्बन्धित अदालतले सम्बन्धित निकाय वा कार्यालयमा कार्यान्वयनको लागि पठाउनु पर्ने र सम्बन्धित निकाय वा कार्यालयले सोको कार्यान्वयन गरी सम्बन्धित अदालतलाई जानकारी दिनुपर्ने कानूनी ब्यवस्था छ।

---

[1] मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ दफा २२९

[2] मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ दफा २३०

## ३. फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था

### ३.१. संवैधानिक व्यवस्था

नेपालको संविधानले न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने, मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने[3] व्यवस्था गरेको छ। यसको साथै मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको ब्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्ने हुन्छ। सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम अवहेलनामा कारवाही चलाई सजाय गर्नसक्ने[4] संवैधानिक व्यवस्था रहेकोले अदालतबाट भएका फैसला एवम् आदेशको सबैले अक्षरशः पालना गर्नुपर्ने हुन्छ।

### ३.२. कानूनी व्यवस्था

साविकको मुलुकी ऐन, दण्ड सजायको महलको २३, २३क., २६, २७, ४२, ४३, ४५, ४६ नं, जिल्ला अदालत नियमावली, २०५२ को परिच्छेद ११ तथा सर्वोच्च अदालत नियमावली, २०४९ को परिच्छेद १३ ख मा फैसला कार्यान्वयन गर्ने सम्बन्धमा कानूनी व्यवस्था रहेको थियो। हाल जिल्ला अदालत नियमावली, २०७५ को परिच्छेद १० र सर्वोच्च अदालत नियमावली, २०७४ परिच्छेद-१५ मा फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको देखिन्छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद -१५ मा फौजदारी मुद्दाको फैसला कार्यान्वयन सम्बन्धी ब्यवस्था रहेको जस अन्तरगत मुद्दाको फैसला भएपछि सम्बन्धित जिल्ला अदालतले सजायको लगत खडा गरी फैसलाबमोजिम लागेको दण्ड, जरिवाना असूलउपर गर्ने व्यवस्था रहेको छ। त्यसैगरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद २२ मा देवानी प्रकृतिका मुद्दाको फैसला कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ। फिराद पत्र वा उजुरी दायर भएको जिल्ला अदालतले फैसला कार्यान्वयन गर्ने, पुनरावेदन सुन्ने अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दाको फैसला कार्यान्वयन सम्बन्धित जिल्ला अदालतले गर्ने कानूनी व्यवस्था छ। देवानी मुद्दाको फैसला कार्यान्वयन अन्तर्गत चलन चलाउने, दाखिल

---

[3] नेपालको संविधान, धारा १२६

[4] नेपालको संविधान, धारा १२८(४)

खारेज, नामसारी गर्ने, निखन्ने, वा अंशबन्डा छुट्याउने र बिगो भराउने आदि रहेको देखिन्छ।

त्यसै गरी साविकको मुलुकी ऐन, दण्ड सजायको महलको २३, २३क., २६, २७, ४२, ४३, ४५, ४६ नं., जिल्ला अदालत नियमावली, २०५२ को परिच्छेद-११ तथा सर्वोच्च अदालत नियमावली, २०४९ को परिच्छेद-१३ ख मा फैसला कार्यान्वयन गर्ने सम्बन्धमा कानुनी व्यवस्था रहेको थियो।

## ४. फैसला/आदेश कार्यान्वयनका मुलभूत उद्देश्यहरु

शीघ्र न्यायको अवधारणालाई सार्थक तुल्याई समग्र न्यायपालिका प्रति जनआस्था अभिबृद्धि गर्न फैसला कार्यान्वयनको आवश्यकता पर्दछ। फैसला कार्यान्वयनका उद्देश्यहरुलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः-

- नागरिकका आधारभूत हक अधिकारको संरक्षण गरी अपहरित हक अधिकारको पुनर्स्थापना गराउन,
- अपराधीलाई दण्ड सजाय दिलाई पीडितलाई क्षतिपूर्ति सहितको न्याय दिलाउन एवम् अपराधीलाई सामाजिक पुनर्स्थापना गर्न,
- दण्डहिनताको अन्त्य गर्दै मौलिक मानव अधिकारको संरक्षण गर्दै लोकतान्त्रिक मूल्य मान्यताको प्रवर्द्धन गर्न,
- समाजमा शान्ति व्यवस्था र अमन चयन कायम गर्न,
- न्याय प्रशासन एवम् अदालतको सेवा खर्चिलो, बोझिलो, ढिलो र प्रभावहीन भएको भन्ने आरोपलाई हटाई देशमा कानून एवम् प्रर्वद्धन गरी अदालतप्रतिको जनआस्था अभिबृद्धि गर्न,
- समग्र देशको शासन व्यवस्थालाई सहि मार्गदर्शन गरी लोककल्याणकारी राज्यको स्थापना गर्न।

## ५. फैसला/आदेश कार्यान्वयनका विषयहरु

सबै किसिमका मुद्दामा अदालतबाट भएका फैसलाको कार्यान्वयनको विषयलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ।

### (क) फौजदारी मुद्दाको फैसला कार्यान्वयन

फैसला, आदेश वा निर्णय भईसकेपछि सम्बन्धित जिल्ला अदालतको लगत किताबमा लगत कसि सकेपछि अदालतबाटै मुद्दाको अन्तिम किनारा हुँदा लागेको दण्ड

जरिवाना र कैद असूल उपर गरिन्छ। सामान्यतः दण्ड जरिवाना असूलउपर गर्न हदम्याद लाग्दैन।

### (ख) देवानी मुद्दाको फैसला कार्यान्वयन

देवानी मुद्दाको फैसला कार्यान्वयन सम्बन्धित जिल्ला अदालतबाट हुन्छ। यस अन्तरगत चलन चलाउने, दाखिल खारेज, नामसारी गर्ने, निखन्ने वा अंशबन्डा छुट्याउने र बिगो भराउने लगायतका कार्यहरु पर्दछन्। यी कार्यहरुको लागि सम्बन्धित पक्षले अदालतबाट भएको फैसला कार्यान्वयन गरिपाऊँ भनी कानूनले निर्धारण गरेको समयसीमा भित्र निवेदन दिनुपर्ने हुन्छ। अदालतले फैसला कार्यान्वयन गरिदिए वापत् कानूनबमोजिमको लाग्ने दस्तुर पक्षले अदालतलाई बुझाउनु पर्ने हुन्छ। त्यसपछि मात्र अदालतबाट खटिई गएको टोलीबाट फैसला बमोजिम कार्यान्वयन हुन्छ।

### (ग) रिट वा आदेशको कार्यान्वयन

नेपालको संविधानको धारा १२६ मा न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने, मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने व्यवस्था, धारा १२८(४) मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको ब्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्ने व्यवस्था र धारा १३३ मा असाधारण क्षेत्राधिकार अन्तरगत जारी हुने रिट निवेदनमा भएको आदेश एवम् निर्देशनात्मक आदेशको कार्यान्वयन नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरुले गर्नुपर्ने व्यवस्था रहेको छ।

### (घ) अर्ध न्यायिक निकायहरुबाट भएको निर्णयको कार्यान्वयन

प्रचलित नेपाल कानून बमोजिम न्यायिक निर्णय गर्न पाउने अर्ध न्यायिक निकायहरुबाट भएको फैसलाको कार्यान्वयनको लगत कायम गरी तत् तत् निकायबाट कार्यान्वयन हुने गर्दछ।

## ६. फैसला कार्यान्वयनको लागि संस्थागत व्यवस्था

### (क) फैसला कार्यान्वयन निर्देशनालय

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२९ ले अदालत र मातहतका अदालतबाट भएको फैसलाको कार्यान्वयन गर्न गराउन र सो कार्यको अनुगमन

समेतको कार्य गर्न फैसला कार्यान्वयन निर्देशनालयको स्थापना गरेको पाइन्छ। निर्देशनालयले फैसला कार्यान्वयन सम्बन्धी केन्द्रीय निकायको रुपमा कार्य गर्ने गर्दछ।

### (ख) तहसील शाखा

अदालतबाट भएका फैसला कार्यान्वयनको लागि प्रत्येक जिल्ला अदालतमा तहसिल शाखा रहेको छ। मुद्दाको फैसला भईसकेपछि फैसलाको तपसिल खण्डमा उल्लेख भएबमोजिम देवानी र फौजदारी मुद्दाको फैसला कार्यान्वयन तहसील शाखाबाट हुन्छ। फैसला जुनसुकै अदालतबाट भएपनि फैसला कार्यान्वयन सम्बन्धित जिल्ला अदालतको तहसील शाखाबाट हुन्छ।

### (ग) फैसला/आदेश कार्यान्वयन शाखाः

सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी भएका आदेशहरूको कार्यान्वयन जुन मन्त्रालय वा निकायको नाममा आदेश जारी भएको हो सोही मन्त्रालय वा निकायबाट कार्यान्वयन हुने गर्दछ। नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अदालतको आदेश वा फैसला कार्यान्वयन गर्ने र फैसला कार्यान्वयनको अनुगमन गर्ने गहन जिम्मेबारी प्रदान गरेको छ। सोही कानूनी ब्यवस्था बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा फैसला कार्यान्वयन महाशाखा अन्तर्गत फैसला कार्यान्वयन शाखा स्थापना भई अदालतबाट भएका आदेश एवम् फैसलाको कार्यान्वयनको अनुगमन गर्नुका साथै सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा जारी भएका आदेशहरुको आफ्नै कार्यालयबाट कार्यान्वयन गर्नु पर्ने विषय भए तुरुन्तै कार्यान्वयनका लागि सम्बन्धित अधिकारीसमक्ष पेश गरी कार्यान्वयन प्रक्रिया शुरु गर्दछ।

यसरी अदालतबाट जारी भएका आदेश दुई वा सोभन्दा बढी मन्त्रालय वा निकायहरूबाट कार्यान्वयन गर्नुपर्ने प्रकृतिको रहेछ भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्वद्ध मन्त्रालय वा निकायको कानून तथा फैसला कार्यान्वयन शाखासँग आपसी समन्वय गरी फैसला एवम् आदेशको कार्यान्वयन प्रक्रियालाई सहजीकरण गर्ने गर्दछ। यसका साथै, सम्वद्ध मन्त्रालय वा निकायहरूबाट कार्यान्वयन गरिने आदेशहरूको कार्यान्वयन अवस्था, समस्या र समाधानका उपायहरूको पहिचान गर्ने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यकतानुसार सबै मन्त्रालय एवम् निकायका पदाधिकारी वा

प्रतिनिधिहरूको सहभागितामा नियमित छलफल, अन्तरक्रिया र गोष्ठीहरूको समेत आयोजना गर्ने गर्दछ।

## ७. फैसला/आदेश कार्यान्वयनका समस्याहरुः

फैसला कार्यान्वयनले अदालतको साधारण र असाधारण अधिकारक्षेत्र अन्तर्गतका मुद्दाहरुमा भएको फैसला/आदेश कार्यान्वयनको अवस्थालाई चित्रित गर्दछ। सार्वजनिक हक र सरोकार रहेका विवादमा सम्मानित सर्वोच्च अदालतको कानूनी व्याख्या तथा प्रतिपादित सिद्धान्तबाट सार्वजनिक हित वा सरोकारको संरक्षणको सम्बन्धमा महत्वपूर्ण न्यायिक आयामको विकास भएको छ। सम्मानित अदालतबाट भएका फैसला वा आदेशलाई स्रोत र साधनले भ्याएसम्म नेपाल सरकारले यथाशीघ्र कार्यान्वयन गर्दै आएको छ। सार्वजनिक सरोकारका विवादमा अदालतमा दायर हुने विषय वास्तविक हक हितको संरक्षण गर्ने भन्दा व्यक्तिगत प्रचारबाजी गर्ने र बौद्धिक अभ्यास गर्ने उद्देश्यबाट प्रेरित हुने गरेको पनि पाइन्छ। हाम्रो सन्दर्भमा अदालतका फैसला तथा आदेशहरु पूर्णरुपमा कार्यान्वयन हुन सकेको देखिँदैन। यसो हुनुमा देहायका कारणहरु रहेका छन्:-

- फैसला तथा आदेशको कार्यान्वयनको लगत अद्यावधिक हुन नसकेको,
- फैसला तथा आदेश कार्यान्वयनको लागि साक्षी सर्जमिन लगायतका कार्यको लागि पर्याप्त सहयोग हुने नगरेको,
- स्रोत साधनको अपर्याप्तता,
- कार्यान्वयन भएका फैसला तथा आदेशको नियमित लगतकट्टा हुन नसकेको,
- मुद्दामा हुने फैसलाउपर पुनः रिट निवेदन दिई कार्यान्वयन ढिलो गराउन खोज्ने प्रवृत्ति बढ्दो,
- कतिपय फैसला/आदेश स्पष्ट नहुँदा कार्यान्वयनमा कठिनाई भएको।

## ८. प्रतिवेदनको उद्देश्यः

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्वद्ध मन्त्रालय एवम् निकायहरूबाट अदालतबाट भएका फैसला/आदेशहरूको कार्यान्वयन स्थितिका बारेमा प्रगति विवरण माग गरी फैसला/आदेश कार्यान्वयन सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गरी अदालतबाट भएका फैसला/आदेशको कार्यान्वयन हुँदै आएको छ। यस वर्ष पनि यस कार्यालयमा अभिलेख रहेका र अन्य मन्त्रालयबाट प्राप्त भएका आ.व. २०८२/०८३ सम्म भएका फैसलाहरुको कार्यान्वयनको अवस्थालाई उल्लेख गरी फैसला कार्यान्वयनको प्रतिवेदन तयार गरिएको छ।

## ९. प्रतिवेदनका सीमाहरुः

प्रस्तुत प्रतिवेदनले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत नेपाल सरकारका विभिन्न मन्त्रालय विपक्षी भई यस आ.व. ०८२/०८३ मा प्राप्त सर्वोच्च अदालतबाट भएका फैसला/आदेशहरुको कार्यान्वयनको अवस्था, लगत कट्टा र रिट खारेजीलाई समेटिएको छ। साथै आ.व. २०८१/०८२ मा प्रकाशित प्रतिवेदनमा कार्यान्वयनमा रहेका भनी उल्लेख भएका तर हाल सम्म पनि लगत कट्टा नभई कार्यान्वयनमा थप प्रगति देखिएका प्राप्त आदेशहरु तथा आ.व. २०८१/०८२मा लगत कट्टा भएका तर आ.व. २०८१/०८२ मा प्रकाशित प्रतिवेदनमा समावेश नभएका विवरणहरु  समेतलाई समावेश गरिएको छ।

## १०. विभिन्न मन्त्रालयबाट कार्यान्वयन भएका र कार्यान्वयन हुन बाँकी आदेशहरुको तुलनात्मक विवरणः

सम्मानित अदालतबाट आ.व. २०८२।८३ सम्म जारी भएका आदेशहरुमध्ये नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट प्राप्त कार्यान्वयनको अवस्थामा रहेका फैसला/आदेश, कार्यान्वयन सम्पन्न भई फैसला कार्यान्वयन निर्देशनालयबाट लगत कट्टा भएका र सम्मानित सर्वोच्च अदालतबाट खारेज भएका रिटहरुको विवरण देहायका तालिकाहरुमा उल्लेख भए बमोजिम रहेको] छः-

१. तालिका नं. १ - सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी परमादेश तथा निर्देशनात्मक आदेश र तिनको कार्यान्वयनको अवस्था
२. तालिका नं. २ - सर्वोच्च अदालतबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सम्बद्ध रहेका रिट निवेदनमा जारी परमादेश तथा निर्देशनात्मक आदेशहरुमध्ये लगत कट्टा भएका आदेशहरुको विवरण
३. तालिका नं. ३ - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सम्बद्ध रहेका रिट मध्ये सर्वोच्च अदालतबाट खारेज भएका रिटहरुको विवरण

## परिच्छेद-२

### तालिका नं १

### सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवाद अन्तर्गत जारी परमादेश तथा निर्देशनात्मक आदेश र तिनको कार्यान्वयनको अवस्था

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| १. | ०७३-WO-०१०५ अच्युत प्रसाद खरेल | २०७४/८/२७ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ......चौंरी संरक्षण बारे के कस्तो राष्ट्रिय नीति बन्नु उपयुक्त हुन्छ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, संकटापन्न वन्यजन्तु र वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७४ र जैविक विविधता महासन्धि (Convention on Biological Diversity) एवं साइटिस Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) को संरक्षण सम्बन्धी व्यवस्थासँग कसरी तादम्यता कायम हुन सक्छ भन्ने विषयमा पनि अध्ययन गर्न जरुरी देखिन्छ। त्यसैले यी समस्त विषयमा | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८२/१२/१४ को निर्णय बमोजिम नेपाल सरकार गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपक्षी विकास मन्त्रालय तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा रायका लागि पठाइएको र राय प्राप्त हुने क्रममा रहेको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सरोकारवालाहरुको सहभागितामा विशेषज्ञसहितको टोली गठन गरी एक वर्षभित्र आवश्यक अध्ययन गर्नू गराउनू र अध्ययन प्रतिवेदनको आधारमा आवश्यक नीतिगत र कानूनी सुधार समेत गर्नू भनी विपक्षी प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ। | |
| २. | ०७६-WO-०१३८ केदारशरण विकलसमेत | २०८१/७/२६ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | राष्ट्रिय जनावर गाईको संरक्षण तथा प्रवर्द्धन गर्न छुट्टै कानूनी व्यवस्था भएको नदेखिएको र यसरी राष्ट्रिय जनावर गाईको संरक्षण गर्ने राज्यको दायित्व हुने भएकोले गाईको संरक्षण एवं प्रवर्द्धन गर्नका लागि छुट्टै ऐन समेत निर्माण गर्नु पर्ने आवश्यकता देखियो। यसका लागि उपयुक्त कानूनी व्यवस्था गर्ने लगायतका विषयमा | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८२/१२/१४ को निर्णय बमोजिम नेपाल सरकार गृह मन्त्रालयमा कार्यान्वयनका लागि पठाइएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | देहायबमोजिम गर्नू गराउनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतका नाममा परमादेश जारी हुने ठहर्छ। | |
| ३. | ०७३-WO-०८३० अमिता गौतम पौडेलसमेत | २०७४/१/२१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | भुकम्पको कारणले क्षति ग्रस्त भएका पुरातात्विक महत्वका सम्पदाहरुको पुनर्निर्माण तथा वातावरण संरक्षणको मुख्य जिम्मेवारी नेपाल सरकारको भएको तर अन्तर सरकारी निकायहरु बीचको समन्वयको अभावले त्यस्ता सम्पदाहरुको पुनर्निर्माण हुन नसकेको एवं वातावरणमा पनि ह्रास आइरहेको हुँदा नेपाल सरकार तथा यस मातहतका निकायहरुले कानून बमोजिमको आ-आफ्नो दायित्व पुरा गरेको नदेखिएकोले पुरातात्विक महत्वका सम्पदाहरुको पुनर्निर्माण गर्न तथा वातावरण | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८२/१२/१४ को निर्णय बमोजिम नेपाल सरकार शहरी विकास मन्त्रालयसँग भुकम्पबाट क्षतिभएका सम्पदाको विवरण माग भएकोमा कार्यान्वयनको प्रकृयामै रहेको जानकारी प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | संरक्षण गर्न माथि उल्लेखित कार्यहरु लगायत अन्य जे जो गर्नु पर्ने हुन्छ गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेश जारी हुने ठहर्छ। | |
| ४. | ०७४-WO-०२५० कृष्णसिंह महरा | २०८०/६/२५ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ....नेपाल भौगोलिक विविधतायुक्त देश भएको र देशका सबै भु-भाग सुगमता र विकासको हिसाबले समेत समानता नभई विविधतायुक्त रहेको अर्थात कुनै सुगम कुनै दुर्गम र कुनै अति दुर्गम क्षेत्र रहेको छ। नेपालमा सामाजिक सिमान्तकृतता अर्थात आर्थिक राजनैतिक शैक्षिक धार्मिक र कानूनी लगायतका कारणले मात्र बहिस्करणमा नपरि विकाशको दुरी अर्थात स्वास्थ्य. शिक्षा, सडक, आवास, पानी, बत्ती, रोजगारीको अवसरमा पहुंच लगायतका अवस्था | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८२/१२/१४ को निर्णय बमोजिम नेपाल सरकार, गृह मन्त्रालयमा कार्यान्वयनका लागि पठाइएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | गर्दा पनि विकाश र राजनैतिक सहभागिताबाट बन्चित भएका छन। यस्तो पिछडीएको क्षेत्रको पहिचान गरी त्यस्तो वर्गको सहभागिताको सुनिश्चितता गर्नु संवैधानी दायीत्व रहेको छ। तसर्थ निर्वाचन आयोगबाट पिछडीएको क्षत्र निर्धारण गर्दा उक्त संवैधानिक मर्म र भावनालाई यथार्थपरक ढंगबाट कार्यान्वयन गर्नुपर्ने औचित्यता रहेको र यसको लागि उपयुक्त विधिको विकास गरी वैज्ञानिक ढंगबाट विभिन्न सुचकांक (जस्तैः- शिक्षा, साक्षरता, रोजगारी, भौगोलिक अवस्था, यातायातको पहुँच, खानेपानीको पहुँच, स्वास्थ्य अवस्था, विद्युतको पहुँच आदि) को यथार्थपरक तथ्यांकको माध्यमबाट पिछडिएको क्षेत्र पहिचान गरेपछि मात्र वास्तविक पिछडिएको क्षेत्र निर्धारण भै | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | त्यस क्षेत्रबाट प्रतिनिधित्व हुन सक्ने हुँदा सर्वप्रथम पिछडिएको क्षेत्र निर्धारण गर्ने सन्दर्भमा विज्ञसहितको संलग्नतामा त्यस्ता क्षेत्र पहिचानको लागि आवश्यक पर्ने सूचकांक के के हुन अपरिहार्य रहन्छ एकिन गरी टुंगो गर्नु गराउनु।<br>पिछडिएको क्षेत्र निर्धारण पूर्वाधारको लागि सुचकांक तयार भैसकेपछि यसलाई स्वचालित क्रियाबाट कार्यान्वयन गर्न नेपाल सरकारको कुन कुन निकायहरु बीचमा के कस्तो समन्वय र कार्यको आवश्यकता पर्ने हो सोलाई एकिन गरी त्यस्ता निकायहरु पहिचान गरी सम्बद्ध विषयको तथ्यांक प्राप्त गर्न त्यस्ता सम्बद्ध निकायहरुको लागि आवश्यक कार्यविधि र | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | प्रक्रिया तयार गरी कार्यान्वयनमा ल्याउनु ल्याउन लगाउनु।<br>यसरी तोकिएका सुचकांकहरुको विवरण सम्बद्ध निकायबाट प्राप्त गरी प्राप्त सुचकांकको विवरणलाई प्रशोधन गरी त्यसलाई प्रभावकारी र स्वचालित रुपमा कार्यान्वयनमा ल्याई प्राप्त सुचकांकको आधारमा आवश्यकता अनुसार पिछडिएको क्षेत्र निर्धारण गर्नू गराउनू होला भन्ने व्यहोराको निर्देशनात्मक आदेश जारी। | |
| ५. | ०८१-WO-१२०७<br>विवेक चौधरी | २०८२/९/२३<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ....ध्वनी प्रदूषणले शैक्षिक र स्वास्थ्य क्षेत्रमा पार्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न, ध्वनीको उत्सर्जक एवम् नियमनकारी निकाय लगायतको उत्तिकै समन्वय, साझेदारी र सहयोगको आवश्यकता हुन्छ। कुनै व्यक्तिको | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयनका |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | स्वच्छ र शान्त वातावरणमा शिक्षा र स्वास्थ्य उपचार पाउँने अधिकारलाई कसैले राजनीतिक तथा गैरराजनीतिक उद्देश्यका साथ गर्ने भेला, सभा सम्मेलन, प्रदर्शनको नाममा कुण्ठित र संकुचित नहुने गरी संयमित भई र उपयुक्त स्थानमा कसैलाई बाधा नपुग्ने गरी गर्नु पर्ने हुन्छ। नेपालको संविधानले शिक्षा, स्वास्थ्य लगायतका विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको सन्दर्भमा शैक्षिक तथा स्वास्थ्य सेवा प्रदायक संघसंस्था वरपरको वातावरण शान्त र स्वच्छ हुनु अपरिहार्य हुन्छ। काठमाडौं महानगरपालिकामा अवस्थित प्रदर्शनीमार्ग नजिकै रहेका नेपाल ल क्याम्पस लगायतका शिक्षण संस्था र काठमाडौं मोडेल अस्पतालमा प्रदर्शनी मार्ग र भृकुटीमण्डप क्षेत्रमा हुने | लागि गृह मन्त्रालयमा पठाइएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | अधिवेशन, महाधिवेशन, सभा-सम्मेलन र प्रदर्शनीजस्ता कार्यक्रमबाट निस्कने चर्को ध्वनी, प्रदुषित वायु तथा सिर्जित अव्यवस्थित भिडभाडको कारण सो क्षेत्र वरपरका शैक्षिक संस्थामा विद्यार्थीको स्वच्छ र शान्त वातावरणमा अध्ययन अध्यापन गर्न पाउँने हक तथा स्वास्थ्य संस्थामा उपचारको लागि रहेका विरामीहरूको उपचार कार्यमा प्रतिकूल असर पर्ने अवस्था हुँदा निवेदकले उठान गरेको विषयको सम्बोधन गर्न सम्बन्धित निकायका नाममा आदेश जारी गर्नुपर्ने देखिन आयो। | |
| ६. | ०७७-WC-०००३ | २०७९/७/२३ | ...मुलुकी अपराध संहिता, २०७४ को दफा १७०(२) मा रहेको हदम्याद सम्बन्धी व्यवस्था संविधानसँग बाझिएको भन्ने नदेखिए पनि | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | अधिवक्ता शैलेन्द्र प्रसाद अम्बेडकर (हरिजन) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | राज्यबाट व्यक्तिलाई दिइने यातना एक गम्भीर कसूरको रुपमा रहेको, यातनाका असरहरु तुरुन्त देखा नपरी केही समय व्यतित भइसकेपछि पनि देखा पर्न सक्ने दृष्टान्तहरु रहेको, यातनाको असरले गर्दा कतिपय अवस्थामा ६ महिना भित्रै उजुर गर्न पीडित मानसिक रुपमा तयार हुन सक्ने अवस्था नरहन पनि सक्ने भएको र पर्याप्त हदम्याद नहुँदा पीडितको न्याय सम्बन्धी हकमा आघात पुग्न सक्ने समेत भएबाट यातनामा उजुर गर्ने हदम्यादको विषयमा अन्य देशले अवलम्बन गरेको अभ्यासका साथै संयुक्त राष्ट्र संघ मानव अधिकार समितिको सिफारिस समेतलाई मध्यनजर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७०(२) मा रहेको यातनामा ६ | बमोजिम आदेश कार्यान्वयनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा लेखी पठाइएको र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट मुलुकी अपराध (पहिलो संशोधन) संहिता, २०८२ मा उक्त हदम्याद छ महिनाबाट एक वर्ष हुने गरी संशोधन प्रस्ताव गरिएकोले आदेश बमोजिमको विषय सम्बोधन हुने जुन अहिले सर्वसधारणको सुझावको लागि कानून,न्याय तथा संसदीय मामिलाको वेबसाइटमा मस्यौदा |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | महिनाभित्र उजुर गरिसक्नु पर्ने हदम्यादको अवधिको पर्याप्तताको विषयमा आवश्यक भए थप अध्ययन गरी पुनरावलोकन गर्नु भनी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ। | राखिएको भन्ने जानकारी प्राप्त हुन आएको। |
| ७. | ०७८-WO-०३८६<br>ज्ञानेन्द्रराज आरण | २०८२/३/०२<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ...हाल वितरण भईरहेको पीडित परिचयपत्रले धारक वास्तविक पीडित हो वा पीडित परिवारको सदस्य हो भन्ने प्रस्ट नभएको हुँदा निवेदनमाग बमोजिम पीडितको परिवारको सदस्यलाई परिचयपत्र उपलब्ध गराउँदा पीडित परिचयपत्रमा वास्तविक पीडितको नाम समावेश गर्ने प्रयोजनार्थ सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को अनुसूची-१७ मा आवश्यक संसोधन गरी वास्तविक पीडितको | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा लेखी पठाइएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | नामसमेत उल्लेख हुने गरी परिचयपत्र जारी गर्नू भनी विपक्षीहरुका नाउँमा परमादेश जारी हुने ठहर्छ। | |
| ८. | ०७६-WO-०३४५<br>कृष्ण प्रसाद शेरचन | २०८१/२/०७<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | निवेदकहरूको घरजग्गालाई असर पर्ने वा सो समेत लिई भत्काई सडक निर्माण/विस्तार गर्नको लागि प्रत्यर्थी काठमाडौं महानगरपालिका वडा नं. ३ को कार्यलायबाट काठमाडौं उपत्यका नगर विकास प्रधिकरणलाई मिति २०७६/०६/०८ प. सं. ०७६/०७७ च.नं. ६६८ मा लेखेको पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। सार्वजानिक हित र विकासको लागि सडक विस्तार गर्न निवेदकहरूको जग्गा आवश्यक परेको भए निवेदकहरूलाई जग्गा प्राप्ति ऐन, २०३४, काठमाडौं उपत्यका विकास | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम काठमाडौं उपत्यका विकास प्राधिकरणलाई आदेश कार्यान्वयन सम्बन्धमा के कसो भएको छ खुलाइ पठाइदिन भनी पत्राचार गरेको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | प्राधिकरण ऐन, २०४५ तथा सार्वजानिक सडक ऐन २०३१ लगायतका कानूनी व्यवस्था बमोजिमको प्रकृया अवलम्वन गरेर मात्र जग्गा प्राप्ति वा सडक विस्तारका कार्य गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। | |
| ९. | ०७९-WO-०४९० तारालाल श्रेष्ठसमेत | २०८१/१०/१७ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | साइकल यात्री तथा पैदल यात्रीसमेतले सुरक्षितरुपमा सार्वजनिक सडक प्रयोग गरी हिडडुल गर्न पाउने अधिकारको सुनिश्चितताका लागि कम्तीमा पनि शहरी क्षेत्रका सार्वजनिक सडकमा साइकल लेन, साइकल पार्किङ, साइकल यात्री सुरक्षाका लागि ट्राफिक संकेत, साइनेज (संकेत चिन्ह) को ब्यवस्था तथा साइकल संस्कृतिको बिकासका लागि गर्नुपर्ने | आदेश कार्यान्वयनका लागि पूर्वाधार विकास मन्त्रालयमा लेखी पठाउने र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई बोधार्थ दिने भन्ने फैसला कार्यान्वयन अनुगमन समितिको मिति |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | उपायहरू अवलम्वन गर्न, यस सम्बन्धी एकिकृत नीति, कानून तथा कार्यबिधि बनाउन, यस सम्बन्धी नीति कार्यक्रमलाई प्राथमिकता दिई आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गर्न गराउन सम्बद्ध बिपक्षीहरूका नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ। | २०८३/०३/१० को निर्णय बमोजिम पत्राचार गरिएको। |
| १०. | ०७३-WO-१०२३ अधिवक्ता डा.चन्द्रकान्त ज्ञवाली | २०७८/१२/१२ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | खुला सीमानाको नियमन र व्यवस्थापन हुन नसकेको कारण सो को दुरुपयोग गरी सीमा क्षेत्रमा विभिन्न अवैध र अपराधिक गतिविधि भएको, जसले गर्दा शान्ति सुरक्षामा चुनौति बढेको देखिँदा त्यस्ता गतिविधि रोकी प्रभावकारी सीमा व्यवस्थान गर्नु गराउनू भनी प्रत्यर्थीहरुका नाममा देहाय बमोजिमको परमादेश जारी हुने ठहर्छ। | आदेश कार्यान्वयनका लागि गृह मन्त्रालयमा लेखी पठाउने फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम पत्राचार भएको।<br>आदेश कार्यान्वयनको लागि संस्कृति महाशाखा र राष्ट्रिय |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | अभिलेखालयलाई पत्राचार गरी कार्यान्वयनको अवस्थाको जानकारी माग भएको भन्ने जानकारी सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त भएको। |
| ११. | ०७४-WC-००१२<br>पुजा कुमारी रायसमेत | २०८१/५/१२<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ र छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० मा भर्नाको क्रममा छात्रवृत्तितर्फ आरक्षण भएको सिटको प्रतिशत र त्रिभुवन विश्वविद्यालय अन्तर्गत चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुलाई समेत नियमन गर्ने त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन | आदेश कार्यान्वयनका लागि राष्ट्रिय चिकित्सा शिक्षा आयोगमा लेखी पठाउने फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम पत्राचार भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सम्बन्धी नियम, २०५० तथा त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४ मा उल्लेखित आरक्षित सिटको व्यवस्थामा समाञ्जश्यता रहेको देखिंदैन। त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययनमा आरक्षणको व्यवस्था मिलाउदा एकरुपता कायम गर्न आवश्यक हुँदा चिकित्साशास्त्र अध्ययनको भर्नाको क्रममा समावेशिताको मर्म बमोजिम छात्रवृत्तिमा आरक्षित सिट सङ्ख्या निर्धारण गर्दा लक्षित वर्ग, क्षेत्र, एवम् आर्थिक स्तर जस्ता सारभूत विषयमा एकरुपता कायम हुने गरी कानून निर्माण गर्नु तथा प्रचलित कानूनमा कुनै विभेदकारी | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | व्यवस्थासमेत रहे भए सो समेतलाई दृष्टिगत गरी कानूनको परिमार्जनको व्यवस्था गर्नु गराउनु भनी प्रत्यर्थीहरुको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ। | |
| १२. | ०७२-WO-०४५० अधिवक्ता वीरेन्द्रप्रसाद थपलिया | २०८०/४/२४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा नेपालको संविधान, पेरिस सिद्धान्त, सर्वोच्च अदालतबाट यस भन्दा अघि भएको आदेशहरु तथा आयोग आफैंले ऐन संशोधनका सम्बन्धमा प्रस्ताव तयार गरी सिफारिस गरेको भन्ने देखिएकाले यस सन्दर्भमा निम्न बुँदाहरुमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छः-<br>राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखामा पठाएको च.नं. | राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी विधेयक तर्जुमाको क्रममा रहेको हुँदा आदेशमा उल्लेखित बिषयहरु आवश्यकता अनुसार समावेश हुने भन्ने व्यहोराको फैसला कार्यान्वयन अनुगमन समितिबाट मिति २०८३/०३/१० मा निर्णय भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | LAD ५०५ मिति २०७२/०९/२३ को पत्रसाथ ऐन संशोधनको लागि पठाएको प्रस्तावमा आवश्यक परामर्श गरी संघीय संसदमा पेश गर्ने प्रयोजनका लागि कानून न्याय तथा संसदिय मामिला मन्त्रालयलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत पत्राचार गर्नू। राष्ट्रिय मानव अधिकार आयोगबाट गम्भीर मानव अधिकार उल्लङ्घनका विषयमा अनुसन्धान र छानविन भई फैसला सहित मुद्दा चलाउनको लागि सिफारिस भई आएका विषयहरुलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नु। महान्यायाधिवक्ताको कार्यालयले आयोगसँग आवश्यक समन्वय र परामर्श गरी | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सम्बन्धित अदालतमा मुद्दा दर्ता गर्ने प्रवन्ध मिलाउनु भनी पत्राचार गर्नू।<br>मानव अधिकार उल्लङ्घनकर्ताको सूची सार्वजनिक गर्ने तथा त्यस्ता व्यक्तिहरुलाई मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा मानी निजहरुको नियुक्ति, वढुवा वा प्राप्त गर्ने अन्य अवसरहरुका सम्बन्धमा छेकबार लगाउने कानूनी प्रावधानको व्यवस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई लेखि पठाउनू।<br>विद्यमान संवैधानिक प्रावधान अनुसार राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो सिफारिस तथा निर्णयको कार्यान्वयन नगर्ने कुनै निकाय, पदाधिकारी वा व्यक्तिलाई अवहेलना/मानहानी सम्बन्धी कारवाही गर्न सक्ने नै भए तापनि | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | कानूनी स्पष्टताका लागि ऐनमा उपयुक्त संशोधन गरी कार्यान्वयन गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउनू।<br>राष्ट्रिय मानव अधिकार आयोगमा रहेका वा आयोगले प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पेश गरेका द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित उजुरीहरु सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता आयोगका ऐन, आयोगको सक्षमता र स्वतन्त्रता तथा यस अदालतको आदेश बमोजिम कानूनमा संशोधन भएमा त्यस्ता उजुरीहरुको नक्कल आफूसँग राखी सम्बन्धित आयोगहरुमा सक्कल उजुरीहरु पठाई दिनू भनी राष्टिय मानव अधिकार आयोग तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई पत्राचार गर्नू। | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहनको उजुरी तथा सूचना, तथ्याङ्कलाई एकिकृत रुपमा राख्न विद्युतीय प्रणालीको विकास गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगमा पत्राचार गर्नू। | |
| १३. | ०७९-WO-१४५७ ज्ञानेन्द्रराज आरण | २०८०/१०/१५ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | प्रस्तुत आदेश प्राप्त गरेका एक महिनाभित्र सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारीहरुको नियुक्तिका लागि समिति गठन कार्य सम्पन्न गरी नियुक्ति प्रकृया प्रारम्भ गर्नु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा परमादेश जारी हुने।<br>आदेश प्राप्त गरेको १५ दिन भित्र पीडितको शीघ्र सत्य तथ्य जान्न पाउने र न्यायको हकको | फैसला कार्यान्वयन अनुगमन समितिबाट मिति २०८३/०३/१० मा आयोगहरु गठन हुने प्रक्रियामा रहेको भन्ने व्यहोराको निर्णय भएको भएकाले आदेश कार्यान्वयनको प्रकृयामा रहेको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सुनिश्चित र संरक्षित गर्नका लागि सशस्त्र द्वन्द्वबाट पीडित भएका व्यक्तिहरुको संस्थाका प्रतिनिधिहरु र दुवै आयोगका सचिबहरुसंग परामर्श गरी पदाधिकारीहरु नभएको अवस्थामा आयोगका सचिबले कार्यटोली गठन गरी पीडित मैत्री वातावरण सृजना गरी प्रारम्भिक छानबिनको कार्य प्रारम्भ गर्न गराउन सक्ने गरी आवश्यक र उपयुक्त प्रबन्ध गर्न गराउन भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने। | |
| १४ | ०७१-WO-०५१६ अधिवक्ता राम कुमार दिक्षित | २०७३/१०/२० प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | श्रावण महिनाको अन्तिम सातामा अविरल वर्षाका कारण राप्ती नदीमा श्रावण २९ गते आएको बाढीका कारण प्रभावित नागरिकहरू सुरक्षित पुर्नस्थापना, दीर्घकालीन रूपमा बाढी पहिरो रोकथामको लागि वन जंगलको विनाश | फैसला कार्यान्वयन अनुगमन समितिबाट मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयनका |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | रोक्न, पर्यावरणको सुरक्षा, बाढीबाट नागरिक र गाउँहरूको सुरक्षाको लागि तटबन्धको निर्माण लगायतको विषय सार्वजनिक हित र सरोकार (Public Interest Litigation) को विषय भएकोले विपक्षीहरूका नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउन निवेदन गर्दछु।<br>निवेदकले माग गरेको विषय नेपाल सरकार समेतको जवाफबाट जनताको हितमा नै राम्रो गर्न सरकार सकारात्मक रहेको देखिएको अवस्था निवेदकले माग गरेको विषयमा कार्यान्वयन गर्न गराउन प्रभावकारी कदम चाल्न भनी परमादेशको आदेश जारी हुने ठहर्छ। | लागि गृह मन्त्रालयमा लेखी पठाइएको। |
| १५. | ०७४-WO-०७४८ | २०७५/९/०९ | साविकमा क्रिष्टल होटल रहेको कि.नं. ९४२ को जग्गामा महर्जन विजनेस एसोसिएट्सले विजनेस कम्पलेक्स भवन बनाइरहेको र सो क्षेत्र | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | वरिष्ठ अधिवक्ता प्रकाशमणी शर्मासमेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | हनुमानढोका दरबार संरक्षित स्मारक क्षेत्र अर्थात् मुख्य क्षेत्र(Core zone) बाहिरको सिमा सोको उपक्षेत्र (Preserved Cultural Heritage sub-zone) अर्थात् सन्निकटक्षेत्र (Buffer Zone) मा पर्ने भए पनि सो भवन निर्माण बारे काठमाडौं महानगरपालिकाबाट स्वीकृत भएको नक्साबमोजिम भवनको उचाई ३५(पैतिस) फिटको सिमामा रहने र सोको झ्यालढोका र भवनको बाहिरी आकृति हनुमानढोका संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्डबमोजिम गर्ने र सो स्थानमा रहेको साविकको कुमारीको निराकार मूर्ति एवम् प्रतिमासमेत पुरातत्व विभाग काठमाडौं महानगरपालिका र प्रत्यर्थी महर्जन विजनेस कम्पलेक्सबीच भएको त्रिपक्षीय | बमोजिम आदेश कार्यान्वयन सम्बन्धमा के कसो भएको छ खुलाई पठाइदिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखी पठाइएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सम्झौताबमोजिम उपयुक्त स्थानमा पुर्नस्थापना गर्ने गरी परमादेशको आदेश जारी हुने ठहर्छ। | |
| १६. | ०७५-WO-०५९९ अधिवक्ता प्रकाश नेपाली | २०७७/१२/६ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | "....दलित समुदाय र सो समुदायका व्यक्तिका समानता, विभेदहिनता, समता, समावेशीता, सहभागिता सम्बन्धी हक अधिकारको प्रचलन र समाजिक न्याय सुनिश्चित हुने आवश्यक प्रवन्ध गर्नू, गराउनू भनी नेपाल सरकार र विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ।" | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयन सम्बन्धमा महिला, बालबालिका, लैङ्गिक तथा अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा लेखी पठाइएको। |
| १७. | ०८०-WO-०६८९ अम्मर प्रसाद अधिकारी | २०८२/३/१० प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | अतः माथि उल्लेखित आधार कारणहरुबाट सट्टा भर्नामा पाएको जग्गाको भोगाधिकार निवेदकहरुमा नै नीहित रहेको र राज्यबाट सट्टा भर्ना पाएको जग्गाको भोगचलन गर्न पाउने | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयन |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | वातावरण सिर्जना गर्ने दायित्व पनि राज्यकै भएकाले जग्गाधनी आफैले कानूनी प्रकृया मार्फत भोग चलन गराउने भनी गृह मन्त्रालय (सचिवस्तर) को मिति २०६९।३।४ को निर्णय र सो निर्णयका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङलाई लेखेको च.नं. ५९७ मिति २०६९।०३।०६ को पत्रबाट निवेदकहरुको साम्पतिक अधिकारमा आघात पर्न गएको देखिन आएकोले उक्त निर्णय बदरयोग्य भई निवेदक डिल्ली प्रसाद प्रसाई विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको ०६९-WO-०१२४ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा बदर भैसकेको अवस्था हुँदा पुनः सोही पत्र बदर गर्न उत्प्रेषणको आदेश जारी गरिरहनु परेन। उल्लिखित ०६९-WO-०१२४ को रिट निवेदन | सम्बन्धमा गृह मन्त्रालयमा लेखी पठाइएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | र तत्पश्चात् यस अदालतबाट ०७१-WO-०२७९ समेतको मुद्दामा जारी आदेश बमोजिम नै कानून बमोजिम कसैको हक स्थापित भएदेखि बाहेक निवेदकहरुले सट्टा भर्ना पाई श्रेस्ता बमोजिम हक पुगेको जग्गामा निवेदकहरुले निर्वाध भोग गर्न सक्ने अवस्था सृजना गरी निजहरुलाई भोग गर्न दिनु दिलाउनु, कुनै कारणवश वस्तुस्थितिमा परिवर्तन भएको कारणले दर्ता श्रेस्ता बमोजिम भोगचलन गराई दिन सम्भव नभएमा सरकारले नीतिगत रुपमा निर्णय गरी क्षतिपूर्ति दिने दिलाउने वा अन्यत्र जग्गा विकास गरी पूर्वाधार निर्माण गरी भोगचलन गर्न योग्य जग्गा उपलब्ध गराउने वा अन्य कुनै उपयुक्त उपाय अबलम्वन गरी सट्टा भर्ना सम्बन्धी समस्या समाधान गर्न प्रचलित | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | कानूनद्वारा निर्दिष्ट गरिए बमोजिम सम्भव भए सो बमोजिम गरी र सम्भव नभए अन्य उपयुक्त नीति तय गरी नीतिगत रुपमा प्रत्यर्थीहरुले राज्य संयन्त्र प्रयोग गरी सट्टा भर्ना सम्बन्धी जग्गाको समस्या समाधान चालिसौं वर्षदेखि हुन नसकेकोले समाधान गर्न अविलम्व पहल गरी ६/६ महिनाको आवधिक रुपमा कार्य प्रगतिको जानकारी यस अदालतलाई समेत दिनु भनी प्रत्यर्थीहरुको नाममा परमादेश जारी हुने ठहर्छ। | |
| १८. | ०७२-WO-०२८५<br>अधिवक्ता सोम प्रसाद लुइँटेल | २०७४/०५/०७<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | यस अदालतबाट मिति २०७२।१०।०७ मा जारी भएको निर्देशनात्मक आदेशबमोजिम हालसम्म पनि कानून निर्माण नभएको हुँदा सो सम्बन्धी कानूनी व्यवस्था गर्न ढिलाई भएको | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयन |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | देखिन आयो। तसर्थ यस अदालतबाट मिति २०७२।१०।०७ मा जारी भएको निर्देशनात्मक आदेशलाई गम्भीरतापूर्वक लिई तीन महिनाभित्र एउटा कार्यदल गठन गरी सरोकारवाला र विशेषज्ञहरुसंग छलफल समेत गरी वारदात नै स्थापित नभएको वा कसूरमा कुनै रुपबाट पनि सहभागी भएको नदेखिएका व्यक्तिहरुलाई अदालतको फैसलामा ईङ्गित गरेबमोजिम क्षतिपूर्ति पाउने कानूनी व्यवस्था गर्नको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेतको नाममा पुनः यो निर्देशनात्मक आदेश जारी गरी दिएको छ। | सम्बन्धमा गृह मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा लेखी पठाइएको। |
| १९. | ०७९-WO-००९७ | २०७९/१२/८ | नेपाल सरकारद्वारा प्रकाशित खण्ड ७२ फागुन २९ गते २०७९ सालको राजपत्रमा निवेदकका | फैसला कार्यान्वयन अनुगमन समितिको मिति |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | जमूना रोका | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | पिता टिकाराज आरणलाई शहीद घोषणा गर्ने निर्णय भएको भन्ने नेपाल सरकारको मिति २०७९।११।१५ को निर्णय भएको देखिंदा निज टिकाराज आरण सहित समान स्तरका शहीद परिवारलाई राज्यको तर्फबाट प्रदान गरिने सेवा सुविधामा निवेदकको हकमा समेत समान व्यवहार गर्नु भनी विपक्षीहरुको नामा परमादेशको आदेश जारी हुने ठहर्छ। | २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालयमा लेखी पठाइएको। |
| २०. | २०७८-WO-१०५७ खजान्ती महत्तो नुनियाँ | २०८२/३/४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे पनि माथि विवेचित कुराहरुलाई हृदयंगम गर्दै संघ, प्रदेश तथा स्थानीय तह र तीनवटै तह अन्तरगतका निकायबाट नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हकको व्यवस्था, मर्म र भावनालाई पूर्ण रुपमा व्यवहारमा रुपान्तरण | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयन सम्बन्धमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | गर्नका लागि नियमित र निरन्तर रुपमा सक्रियता र क्रियाशीलता अपनाउनु/अपनाउन लगाउनु भनी प्रत्यर्थीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ। | सामान्य प्रशासन मन्त्रालय र सातै प्रदेशलाई लेखी पठाइएको। |
| २१. | ०७२-WO-०४०७ /०७२-WO-०४०८ विरेन्द्र प्रसाद थपलिया समेत | २०८०/३/१० प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | अदालतले नागरिक राहत कार्यविधि, २०६८ मा गरिएको "द्वन्द्व पीडित" र "पीडित परिवार" को परिभाषा संकुचित रहेको भन्दै यातना, यौनहिंसा, अपहरण, अङ्गभङ्ग, अपाङ्ग तथा घाइते पीडित र तिनका परिवारलाई समेत समावेश हुने गरी संशोधन गर्न, बेपत्ता व्यक्तिका पत्नीलाई "एकल महिला" को मान्यता नदिई सामाजिक सुरक्षा भत्ताबाट वञ्चित गर्ने व्यवस्था पनि बदर गरेको छ। अबदेखि बेपत्ता व्यक्तिका पत्नीले बेपत्ता छानबिन आयोग, जिल्ला प्रशासन कार्यालय वा | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयन सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा लेखी पठाइएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सम्बन्धित पालिकाको सिफारिसका आधारमा एकल महिला भत्ता पाउने व्यवस्था गर्न, त्यसैगरी घाइते, अपाङ्ग तथा अङ्गभङ्ग भएका द्वन्द्वपीडितका राहत, वर्गीकरण, स्वास्थ्य, शिक्षा र मासिक भत्तासम्बन्धी व्यवस्थाहरू असमान र परस्पर बाझिएको ठहर गर्दै समान रूपमा सेवा सुविधा उपलब्ध हुने गरी कानून संशोधन गर्न, शिक्षा तथा छात्रवृत्तिसम्बन्धी विभेदपूर्ण व्यवस्थाहरू पनि संशोधन गर्न निर्देशन अदालतले आमा-बुबा गुमाएका द्वन्द्वपीडित टुहुरा बालबालिकाको पुनर्स्थापना कार्यक्रम केवल ३४ जिल्लाका ६२० बालबालिकामा सीमित गरिएको कार्यलाई असंवैधानिक ठहर गरेको छ र सबै जिल्लाका समान प्रकृतिका द्वन्द्वपीडित टुहुरा बालबालिकालाई पुनर्स्थापना कार्यक्रम | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | लागू गर्न तथा प्रशासनिक ढिलाइका कारण १८ वर्ष उमेर नाघेर सहायता नपाएका बालबालिकालाई समेत एकमुष्ट आर्थिक सहायता दिन आदेश जारी गरिएको छ। | |
| २२. | ०७९-WO-०७९६ एपेक्स कन्स्ट्रक्सन कम्पनी प्रा.लिसमेत | २०८१/७/११ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | कालीगण्डकी कोरिडोर अन्तर्गतको बेनी जोमसोम कोरला सडक खण्डको मालढुङ्गादेखि बेनी कालिपुलसम्मको १३ कि.मी. सडक स्तरोन्नती कार्यको ठेक्काको निम्ति नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को अधिनमा रही जिल्ला अनुगमन समितिको प्रभावकारी अनुगमन तथा प्रदेश एवम् स्थानिय तहले आ-आफ्नो क्षेत्रभित्र | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयन सम्बन्धमा जलजला गाउँपालिकालाई के कसो भइरहेको छ भन्ने सम्बन्धमा खुलाई पठाउन पत्राचार गरिएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | हुने ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माणमूखी पदार्थको उत्खनन्, संकलन तथा विक्री कार्यको लागि तय गरेका विधि, प्रकृया, कार्यविधि एवम् अनुगमनको आवश्यक व्यवस्था मिलाई गिट्टी, ढुङ्गा, बालुवा लगायतका आवश्यक पर्ने सामग्रीहरुको उत्खनन् कालीगण्डकी नदीबाट गर्न दिनु, दिलाउनु भनी प्रत्यर्थीहरुको नाउँमा परमादेशको आदेश जारी गरिदिएको छ।<br>कालीगण्डकी नदीको ऐतिहासिक महत्व, विद्युत एवम् सिचाँईमा जलस्रोतको उपयोग एवम् ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् सम्बन्धमा वातावरण लगायतका विकासका हर स्तम्भलाई प्रभावकारी प्रयोग एवम् प्रतिफलका निमित्त यत्नशील रहेको देखिएको सो सम्बन्धमा मुलतः ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्, उपभोग एवम् विक्री | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | वितरणलाई अझ व्यवस्थित, अनुमानयोग्य, प्रभावकारी अनुगमन तथा कसूर गर्नेलाई दण्डित गर्नेसमेतका रोहबाट देहाय बमोजिमको निर्देशनात्मक आदेश समेत जारी गरी दिएको छ। | |
| २३. | ०७७-WO-०१२८<br>वरिष्ठ अधिवक्ता प्रकाशमणी शर्मासमेत | २०७९/८/०६<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | "……पुरातात्विक विभागले गर्ने उत्खन्नबाट प्राप्त भएको स्मारकको नक्सा (Drawing, Design) बमोजिम मौलिक प्रविधि, सामाग्री र यथासम्भव सो भूकम्पबाट क्षति भएको ऐतिहासिक भवनमा प्रयोग भएका वस्तुहरू नै प्रयोगमा ल्याई पुर्नःनिर्माण गरी/गराई भूकम्पबाट क्षति हुनु भन्दा अगाडी साबिक दरबारको मौलिक स्वरुपमा सम्भव भएसम्म भग्नावशेष भएकै स्थानमा साबिक दरबार नै | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र भोतिक पूर्वाधार मन्त्रालयमा पत्राचार गरिएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | पुर्नःनिर्माण गर्नु गराउनु र बाँकी सिलखाना दरबारले चर्चेको सम्पूर्ण जग्गा ४२६२.९० वर्ग मिटर (८-६-१-१) साबिक बमोजिम खुल्ला कायम गर्नु गराउनू र सो स्थानमा घर, भवन लगायतका कुनै पनि संरचना निर्माण भएको भए तत्काल भत्काई खाली गराउनु भनी प्रत्यर्थीहरु नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, रक्षा मन्त्रालय तथा नेपाली सेना, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, काठमाडौं महानगरपालिका समेतका नाममा परमादेशको आदेश जारी गरी दिएको छ।" | काठमाडौं महानगरपालिका वडा नं. २१ लगनटोलस्थित २०० वर्ष पुरानो पुरातात्विक महत्वको सिलखाना दरबारलाई जनरल रणवीरसिंह थापाको घर (निवास) को रुपमा चिनिँदै आएको, यसलाई स्थानीय बोलीचालीमा सिलखाना, भीमसेन थापाका भाइ बस्ने निवास, घोडा राख्ने तबेला आदि भनिँदै आएको। उक्त ऐतिहासिक तथा पुरातात्विक भवन (मिति २०७२ सालको महाभुकम्प पश्चात जिर्ण अवस्थामा रहेको) मा वि.सं. १८९६ देखि नेपाली सेना, श्री |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | टु.मु. कोतखाना डिपोले विभिन्न पुराना हतियारहरुको भण्डारण गरी रेखदेखको लागि फौज खटाउदै आएकोमा मिति २०४१ सालबाट तत्कालिन ग्यारिजन गण (हाल श्री रणभैरव गण) ले फौज खटाई बाहिरी सुरक्षा गर्दै आएको भन्ने जानकारी प्राप्त रक्षा मन्त्रालयबाट प्राप्त भएको। |
| २४ | ०७८-WO-१४७४ अधिवक्ता पदमबहादुर श्रेष्ठसमेत | २०८१/१/१७ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९।२।६ मा पारित ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा | आदेश कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने र बोधार्थ कानून, न्याय तथा |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ उक्त मापदण्डको दफा ४(१०) र दफा ११(१) को हदसम्म उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। साथै, हालसम्म क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापन गर्नको निम्ति कुनै कानूनी व्यवस्था भएको नदेखिँदा ढुंगा, गिट्टी, बालुवा उत्खनन गरी क्रसर उद्योगहरु सुव्यवस्थित रुपमा र वातावरण मैत्री रुपमा सञ्चालन हुने सुनिश्चितताको लागि ढुङ्गा गिटी बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनको लागि आवश्यक कानून बनाउनू भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौँको नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ। | संसदीय मामिला मन्त्रालयलाई दिने भन्ने व्यहोराको फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम पत्राचार गरिएको।<br>ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनका विषय संवोधन हुने गरी निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक,2080 यस मन्त्रालयबाट मिति 2080।03।19 मा तर्जुमा सहमति प्रदान गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | मन्त्रालयले मिति 2080।07।16 मा प्रतिनिधि सभामा दर्ता गरेकोमा प्रतिनिधिसभा विघटन भई विधेयक निस्कृय भएको भन्ने व्यहोराको जानकारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्राप्त भएको। |
| २५. | ०७३-WO-१२९७ पदम सुन्दर लिम्बुसमेत | २०७९/१०/२४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | सन्धिको प्रभाव, संविधानप्रदत्त अधिकार र राष्ट्रको सम्मान तथा स्वाभिमानको विषय उठाएकोले यो विषयलाई सतर्कतापूर्वक हेर्न, नेपाल र संयुक्त अधिराज्य तथ युरोपेली मानव अधिकार अदालतवाट निर्णयहरु तथा अन्य संस्थागत प्रयासको विषयमा समेत विज्ञहरुबाट अध्ययन अनुसन्धान गराउन, सरोकारवालासँग | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम आदेश कार्यान्वयनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पत्राचार गरिएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | छलफल चलाउन तथा नेपाल र संयुक्त अधिराज्य वीच रहेको ऐतिहासिक एवं विशिष्ट सम्वन्धमा प्रतिकूल असर नपर्ने वरु अझ मजवुत हुने किसिमवाट दुई राष्ट्रको हितमा गोर्खा सेनाको सेवा सुविधालाई समुचित, समयानुकुल र समानतामा आधारित अरु सम्मानजनक वनाउन आवश्यक र उचित कदम लिन विपक्षीहरुको ध्यानाकर्षण गराउनु भनी यो निर्देशनात्मक आदेश जारी गरिएको छ। | |
| २६. | ०७३-WF-०००१ अधिवक्ता विदुर प्रसाद अधिकारीसमेत | २०७३/१२/१७ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | "………परीक्षण प्रक्रिया (Vetting Process) सम्बन्धी खास कानूनको व्यवस्था हालसम्म निर्माण भएको नदेखिएकोले यस सम्बन्धमा आवस्यक प्रबन्ध गर्नु भनी दिएको आदेश कार्यान्वयनका सम्बन्धमा तदारुखताका साथ | बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को व्यवस्था बमोजिम संवोधन हुने भन्ने फैसला कार्यान्वयन |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | काम कारवाही अगाडि बढाएको नदेखिंदा माथि उल्लेखित रिट निवेदनहरुमा जारी भएको निर्देशनात्मक आदेशहरुको कार्यान्वयन गर्नेतर्फ आवस्यक पहल गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा पुनः यो निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। " | अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय भएको। |
| २७. | ०७७-WO-००१९ अ.शशि बस्नेत | २०७९/३/०३ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | यस अदालत अन्तर्गत रहको फैसला कार्यान्वयन निर्देशनालयले प्रधानमन्त्री कार्यालयमा रहेको फैसला कार्यान्वयन समिति र सम्बन्धीत मन्त्रालयमा तथा महान्यायाधिवक्ताको कार्यालयमा रहेको आदेश कार्यान्वयन अनुगमन समितिसँग समन्वय र सहकार्य गरी फैसला वा आदेश कार्यान्वयनको रणनीति कार्यान्वयनको | फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०८३/०३/१० को निर्णय बमोजिम समन्वय गरिदिन फैसला कार्यान्वयन निर्देशनालयलाई पत्राचार गरिएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | निमित्त पहल गर्न वातावरण संरक्षण र प्रदुषण नियन्त्रण सम्बन्धी भएगरेका आदेश एवं फैसलाहरूको संकलन गरी कार्यान्वयनको स्थिति, उपलब्धि, कार्यान्वयनको चुनौती, कार्यान्वयनको निमित्त जिम्मेवार निकाय, अवरोध गर्ने पक्षहरू तथा तत्वहरूको पहिचान गरी यो आदेश प्राप्त भएको ६ महिनाभित्र कार्यन्वयन रणनीति प्रतिवेदन तयार गरी अध्ययन प्रतिवेदनबमोजिम फैसला कार्यान्वयनको लागि पहल गर्नू गराउनू भनी विपक्षीहरूको नाउँमा परमादेश जारी गरिदिएको छ। | |
| २८ | ०७९-WO-०७९८/ सगरमाथा आयुर्वेद | २०७९/१२/०१ / स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | "...निवेदनको विषयवस्तु कुनै न कुनै रुपमा सार्वजनिक सरोकारको विषयसँग सम्बन्धित समेत रहेको देखिएको र परम्परागत | औषधी उत्पादन कुशल संहिता, २०७२ को मिति २०८२/०३/२२ मा भएको दोस्रो |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | औषधी उद्योगको तर्फबाट अख्तियार प्राप्त बुद्धिमान शाक्य | | औषधीहरुको हकमा समेत विश्वव्यापीरुपमा मानिदै आएको यो प्रणाली कार्यान्वयनको सन्दर्भमा नेपालमा पर्याप्त र व्यवस्थित तयारी समेत भएको नपाइँदा यसलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा विपक्षीहरुका नाउँमा देहाय बमोजिमको निर्देशनात्मक आदेश जारी गरिदिएको छः-<br>क) एलोपेथिक औषधी र परम्परागत औषधीको लागि एउटै मापदण्ड रहेकोमा परम्परागत औषधीको लागि WHO ले जारी गरेको मापदण्ड तयार गरी लागू गराउने सन्दर्भमा यथाशिघ्र कानूनी तथा संरचनात्मक प्रवन्ध गरी लागू गर्नु गराउनू। साथै परम्परागत औषधी कम्पनी दर्ता गर्दा अनिवार्यरुपमा यो मापदण्डको पालना गर्ने, साविकमा दर्ता भएका | संशोधन मार्फत फैसला कार्यान्वयन हुने गरी संहितामा विषय वस्तुहरु समावेश गरी जारी गरिएको भन्ने जानकारी प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | कम्पनीका हकमा भने थप अवधी (Grace period) वा (Buffer period) को रुपमा बढीमा दुई वर्ष तयारीका लागि समय पाउने प्रवन्ध गर्नु भनी प्रत्यार्थी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको औषधी व्यवस्था विभागलाई लेखी पठाउनु समेत व्यहोराको आदेश। | |
| २९. | ०७७-WO-००३५ / मानसिक स्वास्थ्य स्वालम्बन संगठनका तर्फबाट | २०८१/०८/१७/ स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | "...मानसिक स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्न र मानसिक स्वास्थ्यको संरक्षण र संवर्द्धन गर्न देहाय अनुसारको निर्देशनात्मक आदेश जारी गरिदिएको छः | राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ स्वीकृत भै कार्यान्वयनमा आएको। प्रत्येक स्थानीय तहबाट कार्यक्रम सञ्चालन गर्ने गरी आवधिक रुपमा बजेट विनियोजन एवं |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | आफ्ना हकमा समेत | | क.नेपालको संविधानले प्रत्याभूत गरेको स्वास्थ्यको हकमा अन्तर्निहित रहेको मानसिक स्वास्थ्यको हकलाई कार्यान्वयन गर्ने पर्याप्त रणनीति समेत समेटी राष्ट्रिय मानसिक स्वास्थ्य नीति, २०५३ लाई परिमार्जन गरी नयाँमानसिक स्वास्थ्य नीति जारी गर्नू,<br>ख.शारीरिक स्वास्थ्य सरह मानसिक स्वास्थ्यको क्षेत्रमा समानस्तरको संरचना, बजेट, मानवीय स्रोतको व्यवस्था गरी मानसिक स्वास्थ्य समस्याबाट पीडित व्यक्तिहरूलाई आवश्यकता अनुसार औषधी उपचार उपलब्ध हुने वातावरण सिर्जना गर्नू गराउनू,<br>ग.प्रत्येक वर्ष हुने बजेट विनियोजनमा मानसिक स्वास्थ्य क्षत्रमा रहेका समस्याको स्वरूप हेरी | कार्यक्रम कार्यान्वयनमा रहेको, मानसिक स्वास्थ्य सम्बन्धी विधेयक तर्जुमाको लागि अवधारणापत्र तयारी तथा आवश्यक अध्ययन गर्ने कार्य भै रहेको भन्ने जानकारी स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमार्फत प्राप्त भएको तथा कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. ३७६, मिति २०८२/०१/१७ को पत्रबाट आर्थिक नीति विश्लेषण महाशाखालाई आदेशको प्रतिलिपि आवश्यक कारवाहीको लागि पठाइएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सोको समाधान गर्न संरचना, बजेट र मानवीय स्रोतमा गुणात्मक एवम् संख्यात्मक वृद्धि गर्दै लैजानू,<br>घ.मानसिक स्वास्थ्य सेवालाई शारीरिक स्वास्थ्य सरह समानस्तरको व्यवहार प्रत्याभूत गर्न मानसिक स्वास्थ्य क्षेत्रमा समग्र स्वास्थ्य क्षेत्रको निश्चित प्रतिशत बजेट विनियोजन हुने वाध्यात्मक व्यवस्था सहितको मानसिक स्वास्थ्य सम्बन्धी विशिष्टकृत कानूनको निर्माणार्थ आवश्यक कार्य गर्नू गराउनू,<br>ङ.संघ तथा प्रदेश मातहतका सबै अस्पतालहरूमा बहुआयामिक जनशक्ति (मनोचिकित्सक, मनोविद, मनोचिकित्सा परिचारीका, मानसिक स्वास्थ्य सम्बन्धी सामाजिक कार्यकर्ता, साइकोथेरापिष्ट आदि) | कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. ४४४, मिति २०८२/०२/२२ को पत्रबाट आर्थिक नीति विश्लेषण महाशाखालाई आदेशको प्रतिलिपि आवश्यक कारवाहीको लागि पठाइएको भन्ने व्यहोराको जानकारी अर्थ मन्त्रालय मार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | नियुक्त गरी मानसिक स्वास्थ्यको अन्तरंग तथा बहिरंग सेवा शुरुवात गर्नू। मानसिक स्वास्थ्यको क्षेत्रमा आबद्ध रहेका सामाजिक कार्यकर्ता र मनोविज्ञ सम्बन्धी शिक्षण सिकाइलाई व्यवहारिक बनाई अनुमति पत्र सम्बन्धी आवश्यक व्यवस्था गरी सेवा प्रवेशका लागि मार्ग प्रशस्त गर्नू,<br>च.मानसिक स्वास्थ्य सेवालाई स्थानीय सरकारले उपलब्ध गराउने सामुदायिक सेवा, स्वास्थ्य बीमा, अपाङ्गता परिचयपत्र, रोजगारी र संघ तथा प्रदेश अन्तर्गतका अन्तरसम्बन्धित सेवाहरूसँग आबद्ध गर्नू,<br>छ.मानसिक स्वास्थ्य जनस्वास्थ्यसँग सरोकार राख्ने विषय भएकाले यस क्षेत्रमा रहेको कलंकलाई न्यूनीकरण तथा अन्त्य गर्न | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नू। मानसिक स्वास्थ्यको क्षेत्रमा रहेको लान्छना र विभेद हटाउन त्यस्तो कार्यलाई कसूर मानी आवश्यक दण्ड सजायको व्यवस्था गर्नू,<br>ज.मानसिक स्वास्थ्यको गुणस्तरीय सेवा प्रदान गर्न परनिर्भर भई आश्रय लिइरहेका मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तिहरूलाई समुदायमा आधारित पुनःस्थापनाको अवधारणा बमोजिम सामाजिक सुरक्षा र स्वरोजगारीको प्रवर्द्धन तथा व्यवस्था गरी आफ्नै परिवार तथा समुदायमा पुनःस्थापना गर्नू,<br>झ.मानसिक स्वास्थ्यको क्षेत्रमा आयुर्वेद, योग लगायतका वैकल्पिक उपचार पद्धतिको | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | अवलम्बन गरी समग्रजीवन शैलीमा परिवर्तन ल्याउने किसिमले आवश्यक व्यवस्था गर्नू,<br>ञ.मानसिक स्वास्थ्यको क्षेत्रमा विद्यमान अवस्था बारे मानव अधिकार अध्ययन गरी मानसिक स्वास्थ्य सेवालाई हिंसा र यातनारहित तुल्याउन अपरिस्कृत ECT (Electroconvulsive Therapy) लाई क्रमशः निरुत्साहित गर्दै लैजानू,<br>ट.मानसिक स्वास्थ्यमा विद्यमान अनैच्छिक उपचार (Involuntary treatment) सेवालाई चिकित्सकीय अवधारणाबाट मानव अधिकारको अवधारणातर्फ निर्देशित गर्दै यस क्षेत्रमा रहेका अन्तर्राष्ट्रिय मापदण्डको अवलम्बन मार्फत् छोटो अवधिको अनैच्छिक उपचार सेवालाई प्रवर्द्धन गरी मानसिक | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | स्वास्थ्य समस्याका विरामीहरूलाई हुन सक्ने वा भइपरी आउने अनावश्यक यातना र क्षतिबाट जोगाउन आवश्यक अनुगमन गर्नू,<br>ठ. मानसिक स्वास्थ्य समस्यासँग जोडिएका सबै कानूनहरूलाई मानव अधिकार सन्धी अनुरूप समायोजन गरी मानसिक स्वास्थ्य समस्याका विरामीहरू विरुद्धका सबै खाले विभेदकारी कानूनहरूलाई संशोधन एवम् परिमार्जन गरी सहयोगी सहितको निर्णय पद्धति (Assisted Decision Making) र कानूनी क्षमता प्रबर्द्धन गर्दै उनीहरूको संरक्षणका लागि सहयोगी प्रणाली निर्माण गर्नू..." भन्ने आदेश। | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| ३०. | ०६९-WO-०१२३ प्रा.डा. सूर्यबहादुर कार्की | २०७२/५/१७/ स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | ."जनसमुदायको सु-स्वास्थ्य केन्द्रिकृत चासोको विषय मानी प्राकृतिक चिकित्सा प्रणालीलाई नियमन, निरीक्षण तथा कुशल व्यवस्थापन गर्ने प्रयोजनार्थ सम्बन्धित विषयका ज्ञान भएका विज्ञहरुको टोली गठन गरी सम्बन्धित विषयको अध्ययन गरी तत्सम्बन्धमा निर्देशिका वा नियम बनाई जे जस्तो कार्यहरु गर्नुपर्ने हो कानून बमोजिम गर्नु र ऐन कानून बनाउन पर्ने देखिएमा सो तर्फ सक्षम निकाय वा राज्यको अङ्गसँग आफ्नो आवश्यकतानुसार गर्नुपर्ने वा बनाउन अनुरोध गर्नुपर्ने हो, सो गर्ने बनाउने तर्फ पहल गर्नु गराउनु भनी विपक्षी मध्यको स्वास्थ्य मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी गरीदिएको छ..." | प्रत्येक वर्षको वार्षिक बजेटमा प्राकृतिक चिकित्सा सम्बन्धी कार्यक्रम सञ्चालन गरिदै आएको। नयाँ कानून तर्जुमा गर्ने सम्बन्धमा अध्ययन भै रहेको भन्ने जानकारी स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| ३१. | ०७२-WO-०११९ / अधिवक्ता पुष्पराज पाण्डे | २०७३/०३/३०/ स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | .." सरोगेसीका सम्वन्धमा चिकित्सा विज्ञानमा भएको विकास र यसको सकारात्मक प्रयोग गर्ने सन्दर्भमा विश्वको विभिन्न देशहरुले कानुन निर्माण गरी व्यवसायीक सट्टा आमा (Commercial Surrogacy) लाई निषेध गरेका र कानुनले तोकेको शर्तहरुको अधिनमा रहि केवल आफ्ना देशका निसन्तानः दम्पतीको हकमा भने परोपकारी सरोगी सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने गरेको अभ्यास एवं नेपालमा विभिन्न स्वास्थ्य संस्थामा दृश्य वा अदृश्य रुपमा व्यवसायिक प्रकृतिको सरोगेसी सेवा संचालनमा आएको अवस्थालाई मध्यनजर गर्दा नेपालमा व्यवसायिक सरोगेसी सेवालाई नियन्त्रण गर्न र सन्तान सुख प्राप्त गर्न असमर्थ तथा असमक्ष भाएका स्वदेशी निसन्तान दम्पतीको हकमा | कानून तर्जुमा गर्नुपर्ने आवश्यकता एवं अवधारणाका सम्बन्धमा छलफल भै रहेको साथै कानून तर्जुमा वा संशोधन मार्फत गर्ने भन्ने विषयमा नीतिगत निष्कर्षमा पुग्नको लागि आवश्यक अध्ययन भै रहेको भन्ने जानकारी स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सामाजिक चाहना अनुरुप परोपकारी सट्टा आमा (Altruistic Surrogacy सम्बन्धी सेवा कानुनको निर्माण हुनु आवश्यक भएको हुँदा निम्न विषयहरुको सम्बोधन हुने गरी सरोगेसी सम्बन्धी कानून निर्माण गर्न विपक्षी बनाइएका सरकारी निकायहरुका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ। | |
| ३२. | ००१०.२०६५) भुवन प्रसाद निरौला वि. | २०६८/३/१६/ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | सैनिक सेवाको संवेदनशील प्रकृति, कठोर अनुशासनको पालनाको आवश्यकता र सैनिक सेवामा प्रवेश गरेकै कारणवाट सैनिक जनशक्तिले मानव अधिकार र न्यायको अधिकार समर्पण गर्नु नपर्ने परिस्थित विचको सन्तुलित स्थिति सिर्जना गरी देशका सवै जनताले झैं सैनिक सेवामा कार्यरत जनशक्तिहरुले पनि | सैनिक ऐन, २०६३ मा समय सापेक्ष संशोधनको लागि तर्जुमा गरिएको मस्यौदा आवश्यक कारबाहीको लागि मिति २०८०।११।१० मा नेपाली सेनाबाट यस मन्त्रालयमा प्राप्त भएकोमा यस मन्त्रालयको नेतृत्व |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | न्याय गर्ने गराउने र प्राप्त गर्न आधुनिक, सभ्य र लोकतान्त्रिक प्रणाली विकास गर्न सैनिक ऐन, २०६३ का विभिन्न प्रावधानहरुको पुनरावलोकन गरी कानून एवं संस्थागत सुधारका साथै त्यसको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक देखिएकोले यो आदेश प्राप्त भएको मितिले ६ महिनाभित्र न्याय, कानून तथा सुरक्षा क्षेत्रको प्रतिनिधित्व भएको एउटा कार्यदल गठन गरी न्याय एवं कानूनको क्षेत्रमा कार्यरत विशेषज्ञ सैनिक सँगठन भित्रका सबै तहका जनशक्ति, सरकारका सुरक्षा संयन्त्र, नागरिक समाज तथा मानव अधिकारकर्मी समेतसँग पर्याप्त परामर्श गरी सैनिक ऐनमा रहेका सैनिक न्यायसँग सम्वन्धित मौजुदा | (मन्त्री, सचिव तथा नेपाली सेनाको नेतृत्व (प्रधानसेनापति) तहमा भएको परिवर्तनको कारण तत्कालीन अवस्थामा कारबाही अगाडि बढाइएको सैनिक (पहिलो संशोधन) ऐन, २०८१ मा भएका विषयवस्तुहरु (Contents) तथा कानून तर्जुमाको दृष्टिकोणबाट समेत पुनरावलोकन गरी तत् सम्बन्धी कानून निर्माण वा संशोधनको लागि प्रस्तावित विधेयक समेत नेपाली सेना, प्रधानसेनापतिको कार्यालय, जङ्गी अड्डामा फिर्ता गर्ने र सो निकायबाट आवश्यकता अनुसार |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | व्यवस्थाहरुको पुनरावलोकन गरी आवश्यक सुधारको जो चाहिने प्रवन्ध गर्नु, गराउनु। | कार्यदल/ समिति बनाई यस मन्त्रालय र सम्बद्ध निकायका प्रतिनिधि समेत सहभागी गराई मस्यौदा परिमार्जन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने गरी मिति २०८१।७।११ मा निर्णय (सचिवस्तर) भएकोले सोही बमोजिम यस मन्त्रालयबाट परिमार्जित मस्यौदा संलग्न गरी नेपाली सेना प्रधानसेनापतिको कार्यालयमा पठाइएकोमा त्यस कार्यालयबाट सर्वोच्च अदालतको आदेशको मर्म र भावना अनुसार सैनिक ऐन, २०६३ मा संशोधन गर्नेगरी तर्जुमा गरिएको |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | मस्यौदामा छलफल भई केही प्रावधानहरु थप तथा संशोधन गरी उक्त मस्यौदालाई अन्तिम रुप दिने कार्य भइरहेको व्यहोराको जवाफ प्राप्त भएको भन्ने जानकारी प्राप्त भएको। |
| ३३. | ००२ (०६४) माधवकुमार बस्नेत | रक्षा मन्त्रालय | सैनिक ऐन, २०६३ को दफा ७५ (पक्राउ परेको व्यक्तिलाई २४ घण्टा भन्दा बढी अवधिसम्म मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई थुनामा राख्न सक्ने व्यवस्था) संविधानको धारा १ (१), १२ (२), २४ (३) तथा ICCPR को धारा ९ (३) (ग) समेतसँग वाझिएको भन्ने रिट निवेदनमा उक्त दफा ७५ लाई अमान्य घोषित गरिएको र सोवाट आनुषाङ्गिक रुपमा पर्न | भुवन प्रसाद निरौला वि. रक्षा मन्त्रालय समेत ००१०-०६५ को रिट निवेदनमा आदेश कार्यान्वयन गर्दा यस रिट निवेदनको विषयवस्तु पनि स्वच्छ न्यायसँग नै सम्वद्ध भएकोले सो अनुसार सैनिक ऐन (पहिलो संशोधन) को मस्यौदामा समावेश |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | जाने असर समेतलाई दृष्टिगत गरी कानूनी सुधार अविलम्व गर्नु भन्ने निर्देशनात्मक आदेश जारी। | गरिएको भन्ने जानकारी रक्षा मन्त्रालयबाट प्राप्त भएको। |
| ३४. | ०३८७ (२०६४) को प्रो. पव्लिकका तर्फवाट प्रकाशमणि शर्मा | २०६५/२/२२ रक्षा मन्त्रालय | निर्णय भएको मितिले १ वर्षभित्र निवेदनमा उल्लेख भए बमोजिम सिंहदरवार स्थित घोडा तवेला र त्यसमा पालिएका घोडाहरु हालको स्थानवाट स्थानान्तरण गर्नु, त्यहाँ भएका फोहोरहरुलाई वैज्ञानिक र सुरक्षित ढङ्गले स्थानान्तरण गर्ने वा विसर्जन गर्ने व्यवस्था गर्नु, उक्त क्षेत्र वरिपरि दुर्गन्ध आउने वा अन्य कुनै ढङ्गले वातावरणीय ह्रास आउने कुनै काम नगर्नु, नगराउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालयका नाममा परमादेश जारी। | सिंहदरवारस्थित साविकमा नेपाली सेनाको क्याभलरी (घोडा तबेला) रहेको ठाँउमा सर्वोच्च अदालतको नयाँ भवन निर्माण भईरहेको र रक्षा मन्त्रालयको नयाँ भवन निर्माण भई रक्षा मन्त्रालय बसिरहेको।<br>नेपाल क्याभल्री र पशु बिकास तथा पशु चिकित्सा निर्देशनालयलाई नारायणहिटि दरवार परिसरभित्र स्थानान्तरण |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | गरीएको भन्ने जानकारी रक्षा मन्त्रालयबाट प्राप्त भएको। |
| ३५. | ०७७-wo-०७८८, ०४०६, ०४०७ उपेश सापकोटासमेत | नेपाल सरकार, रक्षा मन्त्रालयसमेत | सैनिक ऐन, २०६३ को दफा १८(५) र दफा १४३(१) अनुसार उक्त अधिकृत तथा प्राविधिक अधिकृतहरुलाई चरण झार्ने, निष्कासन गर्ने तथा सजाय सम्बन्धी नियमावली, २०६९ लाई अझ थप कानूनी शक्ति प्रदान गर्न आवश्यक व्यवस्था मिलाउनु भनी नेपाल सरकार रक्षा मन्त्रालय तथा नेपाली सेना, जङ्गी अड्डा, भद्रकाली समेतको नाममा निर्देशनात्मक आदेश जारी भएको। | आदेशबमोजिमको व्यवस्था समावेश हुने गरी सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३ स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भई उक्त आदेश कार्यान्वय भइसकेको जानकारी रक्षा मन्त्रालयबाट प्राप्त भएको। |
| ३६. | ०७९-WO-१०८२, ज्ञानेन्द्रराज आरणसमेत। | २०८०/९/१३ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत। | साथै नेपालको संविधानको मूल भावना विपरीत निर्णय गर्ने आधिकार संविधानको धारा ७५ ले मन्त्रिपरिषदलाई दिएको सम्झन नमिल्ने हुँदा जनयुद्ध दिवसको अवसरमा भनी देशभर | जनयुद्ध दिवसको अवसरमा भनी देशभर सार्वजनिक बिदा दिने नेपाल सरकारको निर्णय र सूचना सम्मानित सर्वोच्च अदालतको |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सार्वजनिक बिदा दिने नेपाल सरकारको मिति २०७९।१०।२९ को निर्णय र यस वर्षमा समेत मिति २०८०।११।१ गते सोही बिदा दिने भन्ने निर्णय तथा नेपाल राजपत्र भाग ५ खण्ड ७२ संख्या ६५ मिति २०७९।१२।२ मा प्रकाशित सूचना एवम सो सन्दर्भमा विभिन्न प्रदेश सरकारबाट भएका निर्णय र सूचनाहरुसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ। | आदेशद्वारा बदर गरिएको र सो आदेश नेपाली सेना, प्रधानसेनापिको कार्यालयलाई पठाइएको।<br>नेपाल सरकार मन्त्रिपरिषद्को २०८० माघ २५ गते बसेको बैठकले फागुन १ गतेको सार्वजनिक बिदा आधिकारिक रूपमा खारेज गर्ने निर्णय गरेको।<br>गृह मन्त्रालयले २०८० माघ २८ र २९ गते सार्वजनिक सूचना जारी गर्दै राजपत्रमा साविकमा प्रकाशित भएको फागुन १ गतेको बिदा कायम नरहेको स्पष्ट हुँदा आदेश |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | कार्यान्वयन भएको भन्ने जानकारी प्राप्त भएको। |
| ३७. | ०७३-WO-१०२३, चन्द्रकान्त ज्ञवालीसमेत। | १।१२।२०७८ नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत। | नेपालको संविधान तथा कानूनको अधिनमा रही नेपाल भारत बीच विगतमा भएका सन्धि सम्झौता एवम् ऐतिहासिक दस्तावेजहरु समेतका आधारमा नेपालका मिचिएका सीमा क्षेत्रको स्पष्टता र सिमा अंकनको लागि भारतसँग कुटनीतिक रुपमा पहल गरी समझदारी कायम गरी उचित प्रक्रियाबाट पुनः विवाद उत्पन्न नहुने गरी विवादित सीमाको उचित किसिमले सीमांकन गरी विवाद समाधान गर्नू।<br>साथै हराएका सीमा स्तम्भको निर्माण, पुनर्स्थापना गर्ने र दशगजा क्षेत्र खाली गराउने कार्य विज्ञ समूहले गरिरहेको भन्ने लिखित | सीमा सम्बन्धी ऐतिहासिक दस्तावेजको खोज, सङ्कलन र अध्ययन, सीमा सम्बन्धी संयन्त्रहरुमा नेपाली सेनाको तर्फबाट प्रतिनिधित्व गर्ने, विभिन्न निकाय सीमा सम्बन्धी विषयमा राय सुझाव दिने, सूचनाको सङ्कलन र विश्लेषण गर्ने लगायतका कार्यहरु हुदै आएको भन्ने व्यहोराको जानकारी रक्षा मन्त्रालयबाट प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | जवाफमा उल्लेख गरेको देखिँदा उक्त कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाई सम्पन्न गरी गराई सीमा विवाद समाधान गर्नू गराउनू। | |
| ३८. | ०७३-WF-०००१, विदुर प्रसाद अधिकारीसमेत। | २०७३/१२/१७ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत। | कुनै सार्वजनिक उत्तरदायित्व बहन गर्ने व्यक्तिलाई राज्यसत्ताको उपयोग गर्ने किसिमको खास जिम्मेवारी दिँदा राज्य र सर्वसाधारण थप संकटमा पर्न सक्ने हुनाले संक्रमणकालीन न्यायको व्यवस्था गर्न र खास गरी सार्वजनिक पदमा नियुक्ति तथा वढुवालगायतका अन्य कारवाही गर्दा उपरोक्त बमोजिम जिम्मेवारी दिन सार्वजनिक उत्तरदायित्व बहन गर्ने त्यस्तो पदाधिकारीले मानव अधिकार उल्लंघन गरे नगरेको कुराको परीक्षण गरी जिम्मेवारी सुम्पने सम्बन्धमा परीक्षण प्रक्रिया (Vetting Process) | सैनिक व्यक्तिहरुको नियुक्ति, बढुवा तथा शान्ति सेनाका विभिन्न जिम्मेवारीहरुमा नियुक्ति हुन मानव अधिकार तथा मानवीय कानून उल्लङ्घन सम्बन्धी कसुरमा सजाय नपाएको हुनुपर्ने भन्ने सैनिक ऐन २०६३, तथा विभिन्न सैनिक सेवा नियमावलीहरु तथा शान्ति सेना छनौट सम्बन्धी कार्यविधि, २०७५ जारी भई कार्यान्वयन हुँदै आएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
| --- | --- | --- | --- | --- |
| | | | सम्बन्धी खास कानूनको व्यवस्था हालसम्म निर्माण भएको नदेखिएकोले यस सम्बन्धमा आवस्यक प्रबन्ध गर्नु भनी दिएको आदेश कार्यान्वयनका सम्बन्धमा तदारुखताका साथ काम कारवाही अगाडि बढाएको नदेखिंदा माथि उल्लेखित रिट निवेदनहरुमा जारी भएको निर्देशनात्मक आदेशहरुको कार्यान्वयन गर्नेतर्फ आवश्यक पहल गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा पुनः यो निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। | सैनिक सेवा नियमावली, २०६९ को नियम ३६ को उपनियम (१) को खण्ड (ज) मा मानव अधिकार र मानवीय कानूनको उल्लंघ हुने कार्य गरेको भनी अदालतबाट ठहर भएको सैनिक व्यक्ति बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नसक्ने व्यवस्था रहेको भन्ने जानकारी प्राप्त भएको। |
| ३९. | ०७९-WO-१४२८ | २०८०/०८/२५ सूचना तथा सञ्चार मन्त्रालय | "....जेनेभा महासन्धिको प्रावधानको उल्लङ्घन र कसुर हुन गएमा मुद्दा हेर्ने निकाय, कार्यविधि तथा दण्ड सजाय जस्ता महासन्धिको प्रावधान | चलचित्र जाँच समितिले राष्ट्रिय विभुति, राष्ट्रको पहिचान, शान्ति सुरक्षा लगायतका विषयमा |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | अधिवक्ता श्री अनिता सापकोटा | | बमोजिम सो महासन्धिको कार्यान्वयनका विविध विषय समावेश गरी राष्ट्रियस्तरमा प्रभावकारी कानूनी व्यवस्थाको निर्माण गर्न आवश्यक र उपयुक्त देखिंदा तत्सम्बन्धमा आवश्यक अनुसन्धान गरी गराई उपयुक्त कानून निर्माणको लागि कारबाही चलाउनु। | चलचित्रको जाँच गरेर मात्र चलचित्र प्रर्दशनको लागि अनुमति प्रदान गर्ने गरेको छ।<br>मित्रराष्ट्रका चलचित्र जाँच सम्बन्धी निकायमा आवश्यक पहल र पत्राचार भएको जानकारी सूचना तथा सञ्चार मन्त्रालयमार्फत प्राप्त भएको। |
| ४० | ०८०-WO-१०११<br>वर्ल्ड लिङ्क कम्युनिकेशन लि. | २०८१/१/३०<br>नेपाल दूरसञ्चार प्राधिकरण समेत | "......प्रचलित कानूनले असुल उपर गर्नु पर्ने भनी बर्गीकरण गरेको बेरुजु असुल उपर नगरी लगत कट्टा गर्न मिल्ने कानूनी व्यवस्था नदेखिएको र सो सम्बन्धमा सार्वजनिक लेखा समितिको पछिल्लो अर्थात मिति २०८०/०६/२६ को निर्णयले दूरसञ्चार सेवा | कानून बमोजिम तिर्नु बुझाउनु पर्ने रोयल्टी र RTDF को लगत बमोजिमको बेरूजु रकम असुल उपर गर्न आदेश जारी भएको।<br>सो बमोजिम वर्ल्ड लिङ्कले २ अर्ब १५ करोड रकम तिरेको भन्ने |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | प्रदायकले तिर्न बुझाउन बाँकी राजश्व अनिवार्य रूपमा असुल उपर गराउने भनी निर्णय गरेको देखिदाँ सो बमोजिम गर्नु गराउनु..” | व्यहोराको जानकारी सूचना तथा सञ्चार मन्त्रालयमार्फत प्राप्त भएको। |
| ४१. | ०८०-WO-१०११ प्रवीण सुवेदी | २०८१/०८/१३ सूचना तथा सञ्चार मन्त्रालय समेत | पब्जी लगायत खेलहरू सञ्चालन गर्नेले दर्ता एवम् सञ्चालन शर्त कानूनमा नै व्यवस्थित गर्न गराउन आवश्यक कार्य गर्नू। बालबालिकामा नकारात्मक असर पार्ने हुँदा यस्ता गेम तथा एप्सलाई नियमन गर्न आवश्यक कानून बनाई लागू गर्नू भनी निर्देशनात्मक आदेश जारी गरिदिएको छ। | नेपाल दूरसञ्चार प्राधिकरणमा पब्जी लगायतका अनलाइन बेटिङ एपहरू बन्द गर्न यस मन्त्रालयबाट पत्राचार भई पब्जी बन्द भएको। नियमनको लागि कानून तर्जुमाको काम भइरहेको भन्ने जानकारी सूचना तथा सञ्चार मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| ४२ | ०६४-WO-०४२४ज्योति पौडेल समेत | २०६६-०४-२८ प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | राज्यले महिला पीडित भएका सबैखाले फौज्दारी मुद्दा र खासगरी घरेलु हिंसा सम्बन्धी मुद्दा मात्र हेर्ने बेग्लै अदालत गठन गर्दा त्यस्तो अदालतबाट पीडित महिलाले छिटो छरितो र Humiliate नभई शुलभ न्याय पाउने हुनाले महिला पीडित भएका फौज्दारी मुद्दा खासगरी घरेलु हिंसाबाट पीडित मुद्दा हेर्ने एउटा छुट्टै Fast Track court गठन गर्न आवश्यक रहेकोले उक्त कुराहरु अध्ययन गरी नेपाल सरकार महिला तथा वालबालिका मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्न चार सदस्य समिति गठन गरिदिएको छ। Fast track court गठन सम्बन्धी समितिले दिएको राय नेपालमा एकै पटक लागू गर्न कठीन हुनसक्छ तसर्थ क्रमश नेपाल सरकारले लागू | २०६७ सालमा तयार भएको प्रतिवेदन अनुसार घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा देहाय बमोजिम लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ मार्फत संशोधन भइसकेको हुँदा यस मन्त्रालयको नाममा रहेको लगत कट्टा गरिदिनुहुन भनी पत्राचार भएको भन्ने व्यहोराको जानकारी महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | गर्दै जानू भनी निर्देशनात्मक आदेश समेत जारि गरिदिएको छ। | सुरक्षा मन्त्रालयबाट प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| ४३ | ०७०-WO-०४०० औतारी लामा भुपती बज्र लामा | २०७५-०२-२४ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समेत। | बौद्ध घ्याङ बौदनाथ गुठिको व्यवस्थापन संचालन तथा पूजा आजा गर्ने कार्यमा बाधाअड्चन नियन्त्रण समेतको कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुका नाउमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ। साथै उक्त गुठी क्षेत्र भित्र चन्दा उठाउने कार्य गर्न पाउने नपाउने के हो ? पाउने भए सो को दर रेट कसले कहा उठाउने हो? उक्त गुठी क्षेत्रमा नाच गान भिडियो खिच्ने सुटिङ गर्ने छयाङ्कन गर्ने समेतका कार्य गर्न पाउने, नपाउने के हो? पाउने हो भने के कस्तो प्रकृतिको हो र कसले गर्ने गराउने हो भन्ने सम्बन्धमा व्यवस्थित गर्ने सरोकारवालासँग आवश्यक परामर्श छलफल गरी स्पष्ट नीति निर्माण गरी व्यवस्थित गर्नु भन्ने नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक | आदेश कार्यान्वयनको लागि मिति २०८२/०३/०२ मा संस्कृति महाशाखालाई पत्राचार गरी कार्यान्वयनको अवस्थाको जानकारी माग भएको भन्ने जानकारी सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | उडयन मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ। | |
| ४४ | ०७१-WO-०३७१सरोजकुमार न्यौपाने | २०७३-४-२० प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | वली प्रथा रोक्न वाञ्छनिय देखिएको र यसका लागि प्रचलित सामाजिक एवं सांस्कृतिक मान्यताहरुलाई पनि यथोचित रुपमा सम्बोधन गर्न आवश्यक देखिएको हुदा बली दिने कार्य रोक्न वा बन्द गर्नका लागि देहाय बमोजिमको कार्य गर्नु गराउनु भनी विपक्षी नेपाल सरकारका सम्बद्ध मन्त्रालय एवं कार्यालयहरु समेतका नाउँमा देहाय बमोजिमको निर्देशनात्मक आदेश जारी गरिएको छ। | आदेश कार्यान्वयनको लागि मिति २०८२/०२/१४ मा संस्कृति महाशाखालाई पत्राचार गरी कार्यान्वयनको अवस्थाको जानकारी माग भएको भन्ने जानकारी सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त भएको। |
| ४५ | ०७९-WO-००६१ | २०८१-११-०४ | श्री बुढानिलकण्ठ मन्दिरको मर्मत संभार, विस्तार गर्ने र संरक्षण गर्ने पवित्र उद्देश्यले मन्दिरका नाममा जग्गा प्राप्तिको लागि सरकारले | आदेश कार्यान्वयनको लागि मिति २०८२/०२/११ मा पुरातत्त्व विभागलाई पत्राचार गरी |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | स्वामी निगमानन्द(नगेन्द्र प्रसाद पौडेल) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | सम्पूर्ण विवरण उल्लेख गरी मिति २०४४।०५।३१ को गोरखापत्रमा प्रकाशित सूचनामा उल्लेख गरेका जग्गाहरु अधिग्रहण गर्ने, मुआब्जा दिने लगायतका काम कारवाही हाल सम्म अनिर्णित अबस्थामा रहेको देखिएकोले उक्त सूचना बमोजिम जग्गा प्रासिको कार्यलाई टुङ्गोमा पुऱ्याउन देहाय बमोजिम गर्ने गराउने गरी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी भएको। | कार्यान्वयनको अवस्थाको जानकारी माग भएको भन्ने जानकारी सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त भएको। |
| ४६ | ०७३-WO-१०२९<br>कैलाश महर्जन समेत | २०८०-११-१०<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | "..... सडक विस्तार गर्दा ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी प्रत्यर्थी काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय ललितपुरबाट | आदेश कार्यान्वयनको लागि मिति २०८२/०२/११ मा पुरातत्त्व विभागलाई पत्राचार गरी कार्यान्वयनको अवस्थाको जानकारी माग भएको भन्ने |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सातदोबाटो-ठैव-गोदावरीकुण्ड सम्मको सडक बिस्तार गर्दा ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको यथोचित संरक्षण नभएको अवस्था भए सडक आसपास पर्ने पुरातात्विक र प्राचिन महत्वका मठ, मन्दिर तथा संरचनाहरुको संरक्षण, सम्बर्धन र प्रवर्धन गर्नका लागी पुरातत्त्व विभागसँग समेत समन्वय गरी विभागका विज्ञहरुको राय सुझाव लिई तदनुरुप आवश्यक र उपयुक्त कार्य गर्नु भन्ने निर्देशनात्मक आदेश..." | जानकारी सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त भएको। |
| ४७ | २०६२ सालको रिट नं ३७६७ | सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पशुपति क्षेत्रविकास कोष ऐनले कोषलाई दिएको अधिकार एवं कर्तव्य भन्दा बढी क्षेत्राधिकार ग्रहण गरी एवं प्राकृतिक न्यायको सिद्धान्त प्रतिकुल हुने गरी दाबीका जग्गाहरुको भई | आदेश कार्यान्वयनको लागि मिति २०८२/०१/११ र २०८२/०२/११ मा पशुपति क्षेत्र विकास कोषलाई पत्राचार |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | रहेको संरक्षकको नाम कट्टागरी भएको पशुपति क्षेत्र अमालकोट कचहरीको मिति २०६०/११/१२ को निर्णय एवं सो निर्णयको आधारमा मालपोत कार्यालयलाई लेखेको मिति २०६०।१२।२० को पत्र र मालपोत कार्यालय चावहिलबाट मिति २०६१।२।२५ मा भएको निर्णय एवं निवेदकको पिताको नाउँ संरक्षकबाट हटाउने गरी भएका अन्य निर्णय एवं पत्राचार समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ। अब यी निवेदकलाई रीत पूर्वक झिकाई प्राकृतिक न्यायको सिद्धान्त बमोजिम निवेदकलाई समेत सुनवाईको मौका दिई संरक्षकको नामसारी सम्बन्धमा पुनः निर्णय गर्नु भनी विपक्षीहरुका नाउँमा परमादेशको आदेश समेत जारी गरी दिएको छ। | गरी कार्यान्वयनको अवस्थाको जानकारी माग भएको भन्ने जानकारी सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट जानकारी प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| ४८ | ०७२-WO-०१४०<br>अधिवक्ता तुलसी सिंखडा | २०७३-०९-०६<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं | श्री पशुपतिनाथ क्षेत्रको सन्दर्भमा मृगस्थली एवं श्लेषमान्तक वन क्षेत्रमा लामो समयदेखि भूस्खलन र भू-क्षय भैरहेको र ट्र्याक खोलिएको क्षेत्र कुरुप समेत भैराखेको हुँदा सो क्षेत्र एवं समस्त पशुपतिक्षेत्रको दीगो संरक्षण, व्यवस्थापन र विकासको लागि न्यूनतम रुपमा पनि देहाय बमोजिमको कार्यहरु गर्नु भनी विपक्षीहरुका नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको छः<br>(क) मृगस्थली श्लेषमान्तक वन क्षेत्रमा भूस्खलनलाई रोक्न र हाल मोटरबाटो खोलिएको क्षेत्र र सो पूर्व र पश्चिमको भागलाई पूर्ववत स्वरुपमा फर्काउन आवश्यक ठाउँमा माटो भर्ने, टेवा पर्खाल | आदेश कार्यान्वयनको लागि मिति २०८२/०१/०५ मा संस्कृति महाशाखालाई पत्राचार गरी कार्यान्वयनको अवस्थाको जानकारी माग भएको भन्ने जानकारी सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | लगाउने, वृक्षारोपण गर्ने र बनाईएका कंक्रिटका संरचना भत्काउने कार्य समेत गरी वातावरण विनासलाई रोकी वन सम्पदालाई पूर्व अवस्थामा फर्काउनु।<br>(ख) मृगस्थली श्लेष्मान्तक वन क्षेत्रका ऐतिहासिक कुण्डहरुलाई पुनर्जिवीत र पुनःस्थापित गर्नु।<br>(ग) मृगस्थली श्लेष्मान्तक क्षेत्रमा तिर्थालुहरु विशेष रुपमा जम्मा हुने वालाचतुर्दशी, शिवरात्री जस्ता पर्वहरुमा तिर्थालुहरुलाई हिड्न सजिलो हुने र अन्य अवस्थामा समेत जङलभित्र  पैदल यात्रा र विचरणको लागि सहज हुने गरी पैदल मार्ग निर्माण र सुधार गर्नु। | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | (घ) मृगस्थली क्षेत्रमा पुरातात्विक महत्वका संरचनाहरुलाई ऐतिहासिकता र वर्तमान उपयोगको दृष्टिबाट आवश्यक रहेकोमा पुनःनिर्माण जिर्णोद्वार गर्ने वाहेक गुरुयोजनाको उदेश्य र मर्म विपरित नयाँ स्थायी संरचनाहरु निर्माण नगर्नु र खुला क्षेत्र तथा जंगल क्षेत्रलाई यथावत कायम राख्नू। नयाँ निर्माणहरु गर्नु पर्दा हालको कोर क्षेत्र र कन्सोन्यान्ट क्षेत्र भन्दा वाहिरका गुठी जग्गाहरुमा योजना बनाई निर्माण कार्य गर्नू।<br>(ङ) मृगस्थली र श्लेष्मान्तक वनको समस्त क्षेत्रको सूरक्षा र सफाईको लागि व्यवस्था गर्नू। | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | (च) काठमाडौ उपत्यकाको वढ्दो जनसंख्या र जनघनत्व समेतलाई दृष्टिगत गर्दा मृगस्थली श्लेष्मान्तक वनमा लास गाड्ने कार्य वन्द गर्नूपर्ने भएबाट र सो वन्द गर्न माथि परमादेशको आदेश जारी गरिएको हुँदा सम्बद्ध संप्रदायको धार्मिक भावनामा चोट नपुग्ने गरी वैकल्पिक स्थानको व्यवस्था गर्नू।<br>(छ) युनेश्कोको विशेषज्ञ टोलीले सीमाङ्कन हुन बाँकी रहेको क्षेत्र भनी औंल्याएको क्षेत्रमा स्पष्ट देखिने गरी सीमाङ्कन गर्नू।<br>(ज) पाशुपत क्षेत्रको एकिकृत रुपमा संरक्षण र विकासको लागि गुठी जग्गा वाग वगैचा लगायतका सम्पदाहरुको समेत उचित | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | व्यवस्थापन गर्न गुरुयोजनाको कार्यक्षेत्र विस्तार र परिमार्जन गरी देवपाटन क्षेत्र र अन्यत्र रहेका अचल सम्पत्तिहरुको दिगो व्यवस्थापन र विकास गर्नू।<br>(झ) समस्त पशुपति क्षेत्रलाई विश्वभरका दर्शनार्थी भक्तजनहरुको पावन तीर्थस्थल एवं धार्मिक पर्यटन केन्द्रको रुपमा विकास गर्नेतर्फ योजनाबद्ध रुपमा कार्य गर्नू।<br>(ञ) सोको लागि आवश्यक वजेट र प्राविधिक सहयोग सरकारबाट कोषलाई उपलव्ध गराउनु। | |
| ४९ | ०८०-WO-०५८१ | २०८२/०५/१६ | फुकोट कर्णाली जलविद्युत आयोजना निर्माणका लागि नेपाल सरकारले निम्न विषयहरूमा आधारित रही उक्त आयोजनालाई नेपाल र | विद्युत उत्पादन कम्पनी लिमिटेडलाई पत्राचार गरी फैसला कार्यान्वयन |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | यशुदा कुमारी बराल समेत | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत | नेपालीको हित अनुकूल व्यवस्थापनको वातावरण तयार गर्न तपसिलका विषयहरू समेटी आयोजना कार्यान्वयनलाई राष्ट्रिय हित अनुकूल र प्रभावकारी बनाउनका लागि विपक्षीहरूको नाममा विभिन्न निर्देशनात्मक आदेश जारी भएको। (क) ...... "NHPC agrees that JVC will provide 21.9 percent of monthly generated power and energy from the project (the Free Energy and Power)" भनिएबाट नेपालले निर्माणको तयारी समेत गरिसकेको उच्च प्रतिफलयुक्त आयोजनाबाट नेपाल सरकारले केवल २१.९ प्रतिशत बिजुली मात्र प्राप्त गर्ने। (ख) ...... (Joint Venture) को दर्ता सो को नियमन कम्पनी व्यवस्थापनमा नेपालको कानूनी | निर्देशनालयलाई जानकारी गराईएको भन्ने व्यहोराको जानकारी उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय मार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | व्यवस्थाको पालना गरी आयोजना कार्यान्वयन गर्ने,<br>(ग) "...... आयोजना कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदायको लागि प्राप्त प्रतिफलको समन्यायिक वितरण साथै स्थानिय हक हित र सरोकार सम्बन्धी उचित मागको सम्बोधन समेत हुने गरी आयोजना संचालन गर्ने,<br>(घ) ......... आयोजनाले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) बहन समेत गर्नुपर्ने र वातावरण संरक्षण, कृषि उत्पादनको बजारीकरण, जलवायु संरक्षण लगायत न्यायमा पहुँच जस्ता विषयहरूमासमेत आयोजना मार्फत सहयोग पुऱ्याउने व्यवस्थाको सुनिश्चितता गर्ने, | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | (ङ) .......... आयोजना निर्माणको प्रगति विवरण आयोजना विकास अवधि वा सम्पन्न नहुन्जेलसम्म फैसला कार्यान्वयन निर्देशनालयमा संयुक्त उपक्रमबाट प्रत्येक ६/६ महिनामा प्रतिवेदन पेश गर्ने गरि व्यवस्थापन गर्ने। | |
| ५० | ०७७-WO-१२५६ अधिवक्ता प्रकाशमणि शर्मा | २०८१/०७/११ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | कालीगण्डकी नदीको जलउपयोग एवम् ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्, उपभोग एवम् बिक्री वितरणलाई अझ व्यवस्थित, अनुमान योग्य, प्रभावकारी अनुगमन तथा कसूर गर्नेलाई दण्डित गर्नेसमेतका रोहबाट देहाय बमोजिमको निर्देशनात्मक आदेश समेत जारी गरी दिएको छ।<br>(क) ......प्राविधिक मूल्याङ्कन गरी आवश्यक परेको खण्डमा कालिगण्डकी नदीमा २०% वा | कालीगण्डकी तिनाउ डाईभर्सन बहुउद्देश्यीय आयोजनाबाट विवरण माग गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र फैसला कार्यान्वयन निर्देशनालयमा पत्राचार गरिएको भन्ने व्यहोराको जानकारी उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय मार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | बढी पानी समेत साविक नदीमा छोड्ने व्यवस्था मिलाउनू।<br>(ख) ...आयोजनाबाट काली गण्डकी नदी र त्यहाँको नदीजन्य पदार्थको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग हुने गरी तथा श्री कालिगण्डकी नदीको अवलोकन तथा अनुभूत भावी पुस्ताले समेत गर्न पाउने गरि सो आयोजना निर्माण तथा संचालन गर्नु।<br>(ग) ..... फोहरमैलाको संकलन प्रशोधन तथा अन्तिम विसर्जनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको क्रमिक रुपमा निर्माण तथा संचालनका लागि उचित व्यवस्था गरि उत्पादित तथा संकलित फोहरमैला कालीगण्डकी नदीमा प्राविधिक दृष्टिकोणले भारवहन क्षमता भन्दा | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | अधिक रुपमा विसर्जन गर्ने लगायतका नदी प्रदुषण हुने कार्य नगर्नु” | |
| ५१. | ०८१-WO-२८०३<br>नुम्बुर हिमालयन हाइड्रोपावर लि. को तर्फवाट अख्तियार प्राप्त शिशम कुँवर | २०८२/६/२७<br>उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयसमेत | निवेदक कम्पनीले जडित क्षमता ५१,००० किलोवाट उल्लेख गरी विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र जारी भएकोमा निवेदक कम्पनीले जडित क्षमता संशोधन गरी २९:०४ कायम गरी पाउन विभाग समक्ष ०७५/१/३१ मा निवेदन दिई मिति २०७५/१२/१९ को पत्रबाट सोहि बमोजिम सैद्धान्तिक सहमती पाई विद्युत विकास विभागबाट मिति २०७९/७/१७ मा भएको निर्णयानुसार जडित क्षमता २९.०४ मेगावाट कायम गरी अनुमतिपत्र संशोधन गरी सोको जानकारी समेत गराएको देखिएको अवस्थामा | आवश्यक कार्यान्वयनको लागि विद्युत विकास विभागमा पत्राचार गरीएको भन्ने व्यहोराको जानकारी उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय मार्फत जानकारी प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | निवेदक कम्पनीबाट पेश गरेको निवेदन सम्बन्धमा निकाश नदिई विपक्षीबाट रोयल्टी वापतको रकम कट्टा गर्ने गरी गरेको पत्राचार तथा सो सम्बन्धी सूचना कानून सम्मत रूपमा भएको नदेखिदा उत्प्रेषणको आदेशद्वारा वदर गरिदिएको छ। अब, निबेदक कम्पनीले विपक्षी समझ दिएको ०८०/६/२१ समेतको निवेदनहरुको सम्बन्धमा जो जे बुझ्नु पर्ने बुझी आवश्यक कानून बमोजिमको निकाश दिई कानून बमोजिमको रोयल्टी लिनु भनी विपक्षीहरुको नाममा परमादेश जारी हुने ठहर्छ। | |
| ५२. | रिट नं. ३४४७ | २०६६/०९/०१प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | काठमाण्डौ उपत्यकाको भूमिगत जलस्रोतको लाई के कति हदसम्म दोहन गर्दा वातावरण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको मिति |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | प्रकाशमणि शर्मा | | सन्तुलन लगायतमा प्रतिकुल असर पर्दैन, भूमिगत जलस्रोतको प्राकृतिक रुपमा पानी परिपूर्ति हुने अवस्था समेतको अध्ययन गर्न आदेश प्राप्त भएको मितिले ६० दिन भित्र आवश्यक संख्यामा सम्बन्धित विशेषज्ञहरु संलग्न रहेको एक अध्ययन समिति गठन गरी सो समितिले दिएको प्रतिवेदनको आधारमा काठमाडौं उपत्यकाको भूमिगत जलस्रोतको दोहन सम्बन्धमा आवश्यक नीति निर्धारण गर्नु। | २०८३/०१/२८ को निर्णयानुसार सहसचिवको नेतृत्वमा उक्त विषयको अध्ययन गरी प्रतिवेदन पेश गर्न समिति गठन भई कार्य भइरहेको भन्ने व्यहोराको जानकारी उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय मार्फत प्राप्त भएको। |
| ५३. | ०७५-WO-१३७० अधिवक्ता भद्र प्रसाद नेपाल | २०८०/१२/०६ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | पैठारी गरिएका खाद्यपदार्थहरूमा विषादी अवशेष परीक्षणका लागि मुख्य भन्सार बिन्दुहरूमा तथा आन्तरिक रुपमा प्रयोग गरिने विषादीको अवशेष परीक्षणका लागि समेत आवश्यक र उपयुक्त देखिएको स्थानहरूमा यथाशीघ्र स्तरीय | कानून तथा फैसला कार्यान्वयन शाखाको मिति:- २०८२/१२/१५ च.नं. ८७ को उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको पत्र मार्फत् द्विपक्षीय तथा क्षेत्रीय व्यापार |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | प्रयोगशालाहरू स्थापना गर्नु गराउनू, ताजा तरकारी र फलफूल पैठारी गर्दा सम्बन्धित भन्सारबिन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादीको अवशेष परीक्षण गरी विषादीको अधितम अवशेष सीमा (Maximum Residue Limits) भित्र रहेका खाद्यान्नलाई मात्र प्रवेश अनुमति दिई सो सीमा नाघेका तरकारी र फलफूल आदि खाद्यान्नलाई पैठारी निषेध गर्नु गराउनू, फलफूल तथा तरकारीमा विषादी अवशेष परीक्षण गर्दा अन्तराष्ट्रिय रुपमा स्वीकार गरिएको Codex Alimentarius को MRLS लाई मार्गदर्शक मानकको रुपमा अबलम्बन गरी छुट्टै राष्ट्रिय सीमा निर्धारण गर्नुपरेमा मानव स्वास्थ्यलाई हानि नहुने पर्याप्त र मनासिव आधार (resonable certainity of no harms) मा | महाशाखा, मन्त्रालय गुणस्तर तथा नापतौल विभाग, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, काठमाण्डौमा कार्यान्वयनको लागि पठाईएको भन्ने व्यहोराको जानकारी प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | निर्धारण गर्नु गराउनू, विषादीको प्रयोग, व्यवस्थापन र नियन्त्रणसम्बन्धी कार्यविधि र मापदण्ड (Protocol) बनाई प्रभावकारी कार्यान्वयन गर्नु गराउनू, संघ, प्रदेश तथा स्थानीय तहलाई समेत दिएको देखिँदा तीनै तहले नीतिगत तथा संरचनागत समन्वय गरी विषादीको प्रयोग तथा विषादी अवशेष परीक्षणका सन्दर्भमा प्रभावकारी ढङ्गले अनुगमन गर्ने गराउने। | |
| ५४ | ०७७-WO-१२७१<br>कृष्ण कुमार शाह समेत | २०८०-१२-२१<br>प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत | "…. जोखिमयुक्त अवस्थामा काम गर्ने राष्ट्रसेवक भएको र निजहरुको जोखिमयुक्त कार्य अवस्था समेतलाई विचार गरी नेपाल सरकारले मिति २०७२/०५/२३ मा प्रयोगशालाको जोखिमभत्ता निर्देशिका, २०७२ जारी गरेको। | मन्त्रालयको मिति २०८२/३/२४, च.नं. ३२ को पत्रबाट लगत कट्टाको लागि निर्देशनालयमा पत्राचार गरिएकोमा मन्त्रालयको मिति |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सो बमोजिम निवेदकहरुले मिति २०७३/६/२१ देखि २०७७/३/३० सम्म जोखिम भत्ता पाउँदै आएको समेत देखिँदा कोभिड १९ को कारण शिथिल भएको आर्थिक अवस्थामा सुधार आई देशको अर्थतन्त्र पुनः पहिलाको अवस्थामा कायम हुन आए पछि यी निवेदकहरुले पाउँदै आएको उक्त जोखिम भत्तालाई नियमित रुपमा प्रदान गर्ने तर्फ विचार गर्नू भनी निर्देशनात्मक आदेश जारी हुने।" | २०८३/२/२८, च.नं. १२६ को पत्रबाट लगत कट्टा भए नभएको एकिन गरी पठाईदिन निर्देशनालयमा ताकेता पत्र पठाईएको भन्ने व्यहोराको जानकारी उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयमार्फत प्राप्त भएको। |
| ५५. | ०७३-WO-०२१३<br>सुसन काजी श्रेष्ठ समेत | २०७४/०६/०४<br>अर्थ मन्त्रालय समेत | विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्न, विदेशी विनिमयमा लगानी गर्ने, विदेशी विनियममा ऋण लिने विदेशी मुद्रामा नेपाल बाहिर लगानी फिर्ता लैजाने प्रयोजनका लागि राष्ट्र बैङ्कमा निवेदन दिने सम्बन्धमा आवश्यक | नेपाल राष्ट्र बैङ्क विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ जारी गरी शेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानी बापत |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | कागजात सहित दरखास्त (निवेदन) परेको बढीमा १५ दिनभित्र स्वीकृति प्रदान गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गरी सो निर्णयको जानकारी अविलम्व सम्बन्धित पक्षलाई दिने व्यवस्था गर्नू गराउनू भनी विपक्षीहरु अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। | विदेशी मुद्रा नेपाल पठाउन वा भित्र्याउन बाहेक अन्य विदेशी लगानीका लागि यस बैङ्कको स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरेको छ। सोही विनियमावलीमा यस बैङ्कबाट प्रदान हुने विदेशी लगानीको लेखाङ्कन र विदेशी लगानी तथा आर्जित रकम फिर्ताको सटही स्वीकृति क्रमशः ७ र १५ कार्य दिनभित्र प्रदान हुने व्यवस्था समेत गरिएको छ। साथै विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ र औद्योगिक व्यवसाय ऐन, २०७६ अन्तर्गत |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | विदेशी लगानीलाई सहजीकरण गर्न एकल विन्दु सेवा केन्द्र समेत स्थापना भइसकेको छ भनी नेपाल राष्ट्र बैङ्कबाट लेखी आएको भन्ने व्होराको जानकारी अर्थ मन्त्रालय मार्फत प्राप्त भएको। |
| ५६. | ०६०-wo-३३८९ भुवनमान सिंह प्रधान | २०६२/०७/२९ नेपाल राष्ट्र बैङ्क समेत | जुन काम गर्न नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति चाहिन्छ, सो काम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति नलिई कुनै सरकारी संस्थाले गर्दछ वा बैंकिङ कारोबारको नाममा सर्वसाधारण जनताको Deposit रकम फिर्ता नदिई संस्थापक तथा सञ्चालकहरू लुकी भागी हिँड्छन् र Depositor हरू ठगिन्छन् भने | अर्थ मन्त्रालय, कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. ५१, मिति २०७८।०४।३१ को पत्रबाट तहाँ बैङ्कबाट गरिएका कानूनी र नीतिगत तथा सो सम्बन्धमा भए गरिएका कार्यहरुको |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | त्यसलाई नेपाल राष्ट्र बैङ्कले नियमन तथा सुपरीवेक्षण गरी सो रोक्नेतर्फ आवश्यक कदम उठाउनुपर्ने कर्तव्य नेपाल राष्ट्र बैङ्कको समेत हुने हुन्छ। तसर्थ, वर्ल्ड बहुउद्देश्यीय सहकारी संस्था लि. जस्तो नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति नलिई बैंकिङ कारोवार गर्ने गरेको संस्थाको नियमन निरीक्षण तथा सुपरीवेक्षण गरी आवश्यक शर्त तथा निर्देशन दिई कानूनको दायराभित्र ल्याउनेतर्फ आवश्यक कारबाही गर्नु भनी मिति २०६२/०७/२९ मा सर्वोच्च अदालतबाट विपक्षी नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालयको नाममा निर्देशनात्मक आदेश हुने ठहर्छ। | पछिल्लो अद्यावधिक विवरण पठाउन नेपाल राष्ट्र बैङ्क, कानून महाशाखालाई लेखी सोको बोधार्थ अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखालाई दिइएको।<br>सहकारी ऐन, २०७४ तथा नियमावलीको व्यवस्था बमोजिम नेपाल सरकारबाट कार्यविधि बनेमा सहकारी संस्थाहरुको निरीक्षण सुपरीवेक्षण कार्य अघि बढाउन निरीक्षण तथा सुपरीवेक्षण विभाग गठन गर्ने सम्बन्धमा यस बैङ्कबाट कार्य |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | भइरहेको भनी नेपाल राष्ट्र बैङ्क, कानून महाशाखाको च.नं. १०९, मिति २०७८।०५।२७ को पत्रबाट लेखी आएको।<br>सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवम् सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन, नियमन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवम् समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न र विद्यमान सहकारी ऐन, २०४८ मा भएको कमी कमजोरीलाई पहिचान र समसामयिक परिमार्जन गरी सहकारी संस्थाहरुको प्रभावकारी |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | नियमनका लागि सहकारी ऐन, २०७४ कार्यान्वयनमा ल्याइसकिएको। उक्त ऐनको दफा १२ मा नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिई संस्था वा सङ्घको बचत स्वीकार गर्ने, त्यस्तो संस्था वा सङ्घलाई ऋण प्रवाह गर्ने वा बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्य लिई संस्था वा सङ्घ आपसमा मिली सहकारी बैङ्कहरु गठन गर्न सक्ने व्यवस्था गरिएको र यसरी सञ्चालन हुने सहकारी बैङ्कले आफ्नो कारोबारको वास्तविक स्थिति देखिने गरी नेपाल राष्ट्र |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | बैङ्कबाट स्वीकृत ढाँचा बमोजिमको हिसाब किताब र स्रेस्ताहरु राख्नुपर्ने व्यवस्था सोही ऐनको दफा ५८ मा रही सोको नेपाल राष्ट्र बैङ्कबाट नियमन हुने व्यवस्था गरिएको। त्यसैगरी सहकारी बैङ्कको लेखापरीक्षण प्रतिवेदन वा सो बैङ्कको निरीक्षण प्रतिवेदनका आधारमा नेपाल राष्ट्र बैङ्कबाट समय समयमा दिइएको निर्देशनको पालना नगरेमा, सदस्य हित विपरीत कुनै कार्य गरी सदस्यलाई हानी नोक्सानी पुऱ्याएमा वा सहकारी बैङ्कको |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | सञ्चालन दक्षतापूर्वक र प्रभावकारी रुपमा नगरी सो बैङ्कलाई हानी नोक्सानी पुऱ्याएमा त्यस्तो सहकारी बैङ्कको समितिलाई निलम्बन गरी त्यस्तो बैङ्कको व्यवस्थापन आफैंले वा अन्य कुनै निकायद्वारा गर्न गराउन सक्ने व्यवस्था ऐ. ऐनको दफा ५९ ले गरेको र दफा ६० बमोजिम दर्ता खारेज गर्नको लागि नेपाल राष्ट्र बैङ्कले रजिष्ट्रारलाई परामर्श दिनेसम्मको अधिकार दिएको र सोही बमोजिम कार्यान्वयन भइरहेकोले नेपाल राष्ट्र बैङ्कको |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | पूर्व स्वीकृति नलिई बैंकिङ कारोवार गर्ने गरेको संस्थाको नियमन निरीक्षण तथा सुपरीवेक्षण गरी आवश्यक शर्त तथा निर्देशन दिई कानूनको दायराभित्र ल्याउनेतर्फ आवश्यक कारबाही गर्नु भन्ने आदेश कार्यान्वयन भएको हुँदा सम्मानित अदालतको आदेश कार्यान्वयनका सम्बन्धमा अर्थ मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालय र सम्बन्धित निकायहरूको तर्फबाट गर्नुपर्ने कार्यहरू गरिसकिएको भन्ने |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | व्यहोराको जानकारी अर्थ मन्त्रालयबाट प्राप्त हुन आएको। |
| ५७. | ०७२-wo-०८३९ धर्मप्रसाद पौडेल समेत | २०७४/१०/१५ अर्थ मन्त्रालय समेत। | नेपाल सरकारका सम्बद्ध निकाय, नेपाल राष्ट्र बैङ्क तथा सहकारी संस्थाको नियमन गर्ने निकायहरु समेतका बीच आवश्यक समन्वय कायम गरी स्वस्थ उत्तरदायित्वपूर्ण बैंकिङ कारोबारको व्यवस्था मिलाउन बैंकिङ प्रकृतिको कारोबार गर्ने सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैङ्कबाट पूर्व स्वीकृति लिनुपर्ने तथा कारोबारको जानकारी लिने, अनुगमन गर्ने, तथ्याङ्क राख्ने समेतका कार्यहरु गर्नू गराउनू भनी विपक्षीहरुका नाममा नाममा परमादेश जारी हुने ठहर्छ। | उक्त फैसला कार्यान्वयनको लागि कार्यविधिको आवश्यक भएको र सहकारी ऐन, २०४८ खारेज भई लागू भएको सहकारी ऐन, २०७४ को दफा ९५ र ९७ अन्तर्गत पचास करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाहरुको मात्र यस बैङ्क मार्फत निरीक्षण र सुपरीवेक्षण गर्न सकिने हुँदा सहकारी नियमावली, २०७५ को नियम ७२ को उपनियम (५) र |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | (६) बमोजिमको कार्यविधि बनेपछि आवश्यक संयन्त्र बनाई त्यस्ता संस्थाहरुको निरीक्षण र सुपरीवेक्षणको कार्य अगाडि बढाईने भनी नेपाल राष्ट्र बैङ्क, कानून महाशाखाको पत्रबाट जवाफ प्राप्त भएको भन्ने व्यहोराको जानकारी अर्थ मन्त्रालयबाट प्राप्त हुन आएको। |
| ५८ | ०७८-WO-०६६० प्रेमीलाल प्रसाद चौधरी समेत | २०७९/१०/२४ अर्थ मन्त्रालय समेत | आरक्षण व्यवस्थाको कार्यान्वयन कानून मार्फत् गरिनुपर्ने हुँदा सङ्घीय निजामती सेवा ऐन तथा अन्य सेवा सम्बन्धी ऐन कानूनहरू निर्माण लगायत सबै प्रबन्ध मिलाउने कार्य आदेश प्राप्त | यस कानून तथा फैसला कार्यान्वयन महाखाको च.नं. १७९, मिति २०८०/०९/२२ को पत्रबाट अर्थ मन्त्रालयको प्रशासन महाशाखा, राजस्व |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | भएको ९(नौ) महिनाभित्र सम्पन्न गर्नु गराउनु भन्ने समेतको आदेश जारी भएको। | व्यवस्थापन महाशाखा, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, बजेट तथा कार्यक्रम महाशाखा, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा, आर्थिक नीति विश्लेषण महाशाखा, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, वित्तीय सङ्घीयता समन्वय महाशाखालाई प्रस्तुत आदेश कार्यान्वयन सम्बन्धमा तहाँ महाशाखा र महाशाखासँग अन्तरसम्बन्धित अन्तर्गतका निकाय/कार्यालय/सार्वजनिक |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | संस्थान लगायतमा कार्यान्वयनको अवस्था, चरण र हालसम्म भए गरेका सम्पादित कार्यहरू भए ७ (सात) दिनभित्र यस महाशाखामा उपलब्ध गराउनु हुन भनि पत्राचार गरिएको।<br>(क) आरक्षण व्यवस्थाको कार्यान्वयन कानून मार्फत् गरिनुपर्ने हुँदा सङ्घीय निजामती सेवा ऐन तथा अन्य सेवा सम्बन्धी ऐन कानूनहरू निर्माण लगायत सबै प्रबन्ध मिलाउने कार्य आदेश प्राप्त भएका ९(नौ) महिनाभित्र सम्पन्न गर्नु गराउनु भन्ने |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | समेतको आदेश बमोजिम नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम कानून तर्जुमा गर्ने विषयगत मन्त्रालयबाट सो सम्बन्धी कार्य अगाडि बढेको पाइएको तर सो सम्बन्धी कार्यले पूर्णताप्राप्त गरी नसकेको अवस्था छ।<br>(ख) प्रकरण नं.(क) बमोजिमका कानून निर्माण गर्दा त्यस्ता कानूनमा उल्लिखित आर्थिक तथा वित्तीय सरोकारका विषयहरूको हकमा यस मन्त्रालयसँग |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | राय परामर्श माग हुने र राय परामर्श प्रदान गर्दा त्यस्ता विषयमा आदेश बमोजिमको अवस्था विद्यमान भए नभएको विषयमा अध्ययन हुने गरेको र सुझाव समेत दिने कार्य हुँदै आएको अवस्था छ।<br>(ग) प्रकरण नं (क) बमोजिमका कानूनी प्रवन्ध मिलाएपछि त्यस्ता कानूनी व्यवस्थाले थारू लगायत हालसम्म नसमेटिएका अन्य नयाँ आरक्षित वर्गको लागि विद्यमान तथ्याङ्कीय मान, |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | सम्मानित अदालतबाट विभिन्न समयमा भएका आदेशहरू, नेपालको संविधानले लिएका समावेशीकरणका सैद्धान्तिक आधार एवम् मार्गदर्शन तथा अन्य मापदण्ड समेतका आधारमा उपयुक्त अनुपातको व्यवस्था गरी सोही अनुपातमा हुन आउने पदहरू आरक्षित हुने।<br>(घ) उपर्रोक्त प्रकरणहरू उल्लिखित आधार बमोजिम यस मन्त्रालयसँग |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | सम्बन्धित र अन्तर्गतका सार्वजनिक निकायहरूको कानूनमा समेत आरक्षण तथा पद निर्धारण लगायतका कार्य व्यवस्थित हुने। यस कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. १३२, मिति २०८२।०८।०४ गतेको पत्रबाट सबै महाशाखामा फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ५३३, मिति २०८२।०७।१९ को पत्रको प्रतिलिपि आवश्यक कारवाहीका लागि पत्र पठाइएको भन्ने |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | जानकारी अर्थ मन्त्रालय मार्फत र सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको छ। सो विधेयकमा थारु, मुस्लिम लगायतका वर्गलाई आरक्षणको व्यवस्था गरिएको छ भन्ने व्यहोराको जानकारी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| ५९ | ०७१-WO-०४४४<br>ज्योति बानियाँ | २०७३/०८/३०<br>नेपाल सरकार, अर्थ मन्त्रालय समेत | यातायात क्षेत्रमा रहेका बेथिति र अव्यवस्थाहरूको पहिचान गरी कानूनी, नीतिगत र व्यवस्थापकीय पक्षमा गर्नुपर्ने सुधारका विषयमा समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ अन्तर्गत सरोकारवालाहरूको प्रतिनिधित्व समेत रहने गरी एक उच्च स्तरीय आयोग गठन गर्नेतर्फ कानून बमोजिम नीतिगत निर्णय गरी आवश्यक कार्य गर्न गराउनु भनी परमादेश जारी भएको। | कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. १०७, मिति २०८१/०७/२६ को पत्रबाट बजेट तथा कार्यक्रम महाशाखा, आर्थिक नीति विश्लेषण महाशाखालाई आदेश कार्यान्वयनका लागि आर्थिक दायित्व पर्ने र नीतिगत निर्णय समेत गर्नुपर्ने देखिएकोले सोसम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायसँग समन्वय गर्न, सोसम्बन्धमा आवश्यकता अनुसार यस मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्न र नीतिगत विषयमा राय/परामर्श |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | माग भएमा सोही बमोजिम सम्मानित अदालतको आदेशलाई आधार मानी निर्णय गर्न समेतका लागि तहाँ महाशाखासँग सम्बन्धित विषयहरू भएकोले कार्यान्वयनको लागि पठाइएको। सो सम्बन्धमा भए गरेका काम कारबाहीको जानकारी कानून तथा फैसला कार्यान्वयन महाशाखामा उपलब्ध गराउनु भनी अनुरोध गरिएको।<br>कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. ४४६, मिति २०८२/०२/२६ को पत्रबाट |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | बजेट तथा कार्यक्रम महाशाखा, आर्थिक नीति विश्लेषण महाशाखालाई आदेश कार्यान्वयनको अवस्था सम्बन्धी प्रगति विवरणको जानकारीका लागि पत्र लेखिएको भन्ने व्यहोराको जानकारी अर्थ मन्त्रालयबाट प्राप्त हुन आएको। |
| ६०. | ०७२-WO-०२६२<br>अधिवक्ता विकास भट्टराई | २०८०/०५/२४<br>नेपाल सरकार, अर्थ मन्त्रालय समेत | पकेटमा राख्न मिल्ने सानो आकारको संविधानको प्रति छपाई गरी प्रत्येक प्रदेशमा प्रत्येक घरबास वा धुरीमा उपलब्ध गराउने, सजिल्लै हेर्न र डाउनलोड गर्न मिल्ने गरी निश्चित एक वेभसाइटमा राख्ने लगायतको कार्य | कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. १५८, मिति २०८०/०८/२९ को पत्रबाट बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबारलाई सो सम्बन्धमा सम्बन्धित निकायबाट |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | गर्न विभिन्न निकायको नाममा परमादेश जारी भएको। | स्रोतको माग भई आएमा यस मन्त्रालयको जिम्मेवारी क्षेत्र भित्र रही फैसला बमोजिम आवश्यक कार्य गर्नु हुन भनी अनुरोध गरिएको।<br>कानून मन्त्रालयबाट पकेट संविधान वितरण भैरहेको भन्ने व्यहोराको जानकारी प्राप्त भएको। |
| ६१. | ०७९-WC-००५७<br>चन्द्रा कुमारी थानी समेत | २०८०/०१/२४<br>नेपाल सरकार, अर्थ मन्त्रालय समेत | सम्झौताको एक पक्ष नेपाल सरकार देखिएको र नेपाल सरकार सार्वभौम नेपाली जनताको प्रतिनिधि एवं सार्वजनिक हितको न्यायिकसमेत देखिंदा आयोजनाको कार्यान्वयनको सन्दर्भमा उठेका विभिन्न प्रश्नहरुलाई समेत मध्यनजर | कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. १९, मिति २०८०/०४/१३ को पत्रबाट अन्तराष्ट्रिय आर्थिक समन्वय महाशाखा र बजेट तथा कार्यक्रम |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | गर्दा देहायको विषयमा देहाय बमोजिम गर्नू भनी नेपाल सरकार मन्त्रिपरिषदका नाममा निर्देशनात्मक आदेश जारी भएको।<br>(क) प्रस्तावितं माथिल्लो कर्णाली जलविद्युत आयोजनाको विकासको लागि सम्झौता भएको करिब १० वर्षसम्म विकासकर्ता कम्पनीले वित्तीय व्यवस्थापन गर्न नसकेको र अदालतको अन्तरिम आदेशको कारण गुम्न गएको समय बाहेक वित्तीय व्यवस्थापनको लागि गरिएको थप सम्झौता (Addendum) को विपरीत हुने गरी वित्तीय व्यवस्थापनको लागि अनवरत म्याद थप दिनु आयोजनाको सिघ्र विकासमा सन्निहित विकास र समृद्धिको चाहना, हित तथा सार्वजनिक नीतिसमेतको विपरीत हुने देखिंदा गुम्न गएको समयको समायोजन गर्ने बाहेक सो प्रयोजनको | महाशखालाई आदेश कार्यान्वयनको लागि अनुरोध गरिएको भन्ने व्यहोराको जानकारी अर्थ मन्त्रालयबाट प्राप्त हुन आएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | लागि अब थप म्याद नदिनु र आयोजनाको काम तदारुकतापूर्वक सम्पन्न गर्नू गराउनू।<br>(ख) सम्झौता अन्तर्गत वित्तीय व्यवस्थापन पूर्व नेपाल सरकारले निर्वाह गर्नुपर्ने दायित्व मध्ये जग्गा अधिग्रहण तथा खरिदको लागि समन्वय गर्नुपर्ने कुराको हकमा अधिकांश कार्य सम्पन्न गरिएको पाइएतापनि अझै अछाम जिल्लामा पर्ने केही हेक्टर जग्गा श्रेष्ताको अभावमा खरिद हुन नसकेको भन्ने पाँईदा सो श्रेस्ता खडा गरी जग्गा खरिदलाई सहजीकरण गर्न नेपाल सरकारबाट गर्नुपर्ने कार्य तुरुन्त गर्नू गराउनू।<br>(ग) आयोजनाको कारण स्थानीय वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी वातावरणको रक्षा गर्ने र स्थानान्तरण गरिनुपर्ने परिवार र आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | परिवार र व्यक्तिहरुको उचित बसोबाससहित क्षतिपूर्तिको प्रबन्ध र आयोजनाबाट रोजगारी समेत उपलब्ध गराउने तर्फ आवश्यक कार्य गर्नू गराउनू।<br>(घ) जलस्रोत ऐन, २०४९ को दफा ७ ले जलस्रोतको उपयोगमा प्राथमिकता तोकेको कुरालाई मध्यनजर गरी कर्णाली नदीको जलाधार क्षेत्रमा खानेपानी आयोजनाको विकास र विद्यमान सिंचाई आयोजनालाई रोकतोक गर्ने वा प्रतिकूल असर पार्ने कार्य नगर्नू नगराउनू।<br>(ङ) माथिल्लो कर्णाली जलविद्युत आयोजनाबाट नेपाल सरकारलाई निःशुल्क प्राप्त हुने विद्युत र शेयरको लाभांश र राजस्व समेतको हिसाब गरी सरकारलाई वार्षिक रुपमा प्राप्त हुने रकमको न्यायोचित प्रतिशत रकम स्थानीय तह मार्फत | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
| --- | --- | --- | --- | --- |
| | | | वार्षिक रुपमा कर्णाली नदीको जलाधार क्षेत्रका जनताहरुको शिक्षा, स्वास्थ्य कृषि, उद्यम लगायतका आर्थिक, शैक्षिक र सामाजिक विकास तथा वातावरण संरक्षणको लागि खर्च हुने गरी विनियोजित भई जाने प्रबन्ध गर्नू गराउनू भन्ने आदेश भएको। | |
| ६२. | ०७५-WO-०३६९ जनहित संरक्षण मञ्चको तर्फबाट आफ्नो हकमा समेत वरिष्ठ अधिवक्ता प्रकाशमणी शर्मा | २०७५/१२/०५ नेपाल सरकार, अर्थ मन्त्रालय समेत | मिति २०७२/०१/१२ को भूकम्प पछि क्षति भएका उक्त संरचनाहरुलाई संरक्षण गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको मिति २०७४/०७/०५ र पुरातत्व विभागको मिति २०७४/०७/०८ को पत्रहरुबाट आवश्यकता अनुसार हावापानी लगायतका बाह्य प्रभावबाट जोगाई थप क्षति हुन नदिने गरी संरक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने र Public Trust Doctrine, Preventive and precautionary | यस कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. ४५६, मिति २०८२।०२।२७ गतेको पत्रबाट बजेट तथा कार्यक्रम महाशाखामा फैसला/आदेशको प्रतिलिपि आवश्यक कारवाहीका लागि पठाइएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | Principle एवं स्वामित्वसमेतका आधारमा त्यस्तो कर्तव्य र दायित्व नेपाल सरकारमा रहेको छ। तसर्थ उक्त संरचनाहरुलाई थप हानी हुन नदिने कार्य र उपाय तत्कालै अबलम्बन गर्न गराउन नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, पुरातत्व विभाग र काठमाडौं महानगरपालिकाको नाममा निर्देशनात्मक आदेश जारी भएको। | यस कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. १२०, मिति २०८२।०८।०४ गतेको पत्रबाट बजेट तथा कार्यक्रम महाशाखामा फैसला कार्यान्वयन निर्देशनालयको च.नं. २९४, मिति २०८२।०७।२० को पत्रको प्रतिलिपि आवश्यक कारवाहीका लागि पठाइएको भन्ने व्यहोराको जानकारी अर्थ मन्त्रालयबाट प्राप्त हुन आएको। |
| ६३. | ०७९-WO-००२४ | २०८२।०३।१६<br>अर्थ मन्त्रालय समेत | निवेदकहरुले उठाएको बिषय आम जनसरोकार र जनस्वास्थ्यको बिषय भएकोले वातावरण प्रदुषण नियन्त्रणको सन्दर्भमा भएको वर्तमान | कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. ४१४, मिति २०८२।१२।१९ गतेको |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | अभ्युदय भेटवाल समेत | | प्रवन्ध, प्रयास भन्दा अझ बढि परिणाममुखी कार्य गर्नु अति आवश्यक देखिएकोले हालको संवैधानिक दायित्व र सिमालाई मध्यनजर गरी उपलब्ध स्रोतमध्येबाट वातावरण तथा प्रदुषण नियन्त्रणको शिर्षकमा रकम बिनियोजनका लागि निश्चित सिमा (प्रतिशत) सुनिश्चित हुने गरी राष्ट्रिय नीति कार्यक्रम तथा बार्षिक बजेट लगाएतका अन्य प्रभावकारी र परिणाममुखी उपायहरुको प्रबन्ध गर्नु गराउनु भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ। | पत्रबाट बजेट तथा कार्यक्रम फैसला/आदेशको प्रतिलिपि आवश्यक कारवाही तथा जानकारीका लागि पठाइएको भन्ने व्यहोराको जानकारी अर्थ मन्त्रालय मार्फत प्राप्त भएको। |
| ६४ | ०८१-WO-११३० | २०८२।९।३० अर्थ मन्त्रालय समेत | "..... आउदो कर्जा नीति/निर्देशन बनाउँदा सामयिक पुनरावलोकन गरी वातावरणमैत्री प्रविधि एवम् विद्यूतीय सवारी साधनको प्रयोग, | यस कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. ४४९, मिति २०८३।०१।०८ |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | अधिवक्ता प्रकाशमणी शर्मा समेत | | प्रवर्धन र संरक्षण हुने, जीवास्मा/पेट्रालियम इन्धन प्रयोग भई चल्ने सवारी साधनलाई निरुत्साहन हुने यी दुवैका विच उर्जा रुपान्तरण हुनसक्ने सार्थक फासला (Meaningful Gap) कायम हुने गरी कर्जा नीति/निर्देशन जारी गर्ने गर्नु भनी प्रत्यर्थी नेपाल राष्ट्र बैङ्कको नाममा यो परमादेशको आदेश जारी गरिदिएको छ, कर तथा भन्सार दर निर्धारण गर्दा वातावरणमैत्री प्रविधि एवम् विद्यूतीय सवारी साधनको प्रयोग, प्रवर्धन र संरक्षण हुने, जीवाश्मा/पेट्रालियम इन्धन प्रयोग भई चल्ने सवारी साधनलाई निरुत्साहन हुने र उर्जा रुपान्तरण हुने यि दुवैकाविच सार्थक फासला (Meaningful Gap) कायम हुने गरी भन्सार तथा करका दर निर्धारण तथा कर नीति तय गर्नु गराउनु भनी अन्य | गतेको पत्रबाट बजेट तथा कार्यक्रम महाशाखा र राजस्व व्यवस्थापन महाशाखामा फैसला/आदेशको प्रतिलिपि आवश्यक कारवाही तथा जानकारीका लागि पठाइएको।<br>यस कानून तथा फैसला कार्यान्वयन महाशाखाको च.नं. ४७६, मिति २०८३।०१।१६ गतेको पत्रबाट बजेट तथा कार्यक्रम महाशाखा र राजस्व व्यवस्थापन महाशाखामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौं को च.नं. ३९३८, मिति |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | प्रत्यर्थीहरुका नाममा यो परमादेशको आदेश जारी गरिदिएको छ, वातावरणमैत्री प्रविधिको प्रवर्धन गर्ने राज्यको सकारात्मक दायित्व अन्तर्गत विद्युतीय सवारी साधन सम्बन्धी नीति, कर, शुल्क वा प्रशासनिक व्यवस्थालाई पुनरावलोकन गरी वातावरण संरक्षण, प्रदूषण न्यूनीकरण तथा दिगो विकासको सिद्धान्त अनुकूल हुने गरी यथाशीघ्र आवश्यक कानुनी तथा नीतिगत व्यवस्था मिलाउनु भनी अन्य प्रत्यर्थीहरुका नाममा यो परमादेशको आदेश जारी गरिदिएको छ। | २०८३।०१।०७ को आदेश कार्यान्वयन सम्बन्धी पत्रको प्रतिलिपि आवश्यक कारवाही गरी आदेश कार्यान्वयन सम्बन्धमा भएका कामकारबाहीको प्रगतिको जानकारी यस महाशाखालाई गराउनु हुन भनी अनुरोध गरिएको भन्ने व्यहोराको जानकारी अर्थ मन्त्रालयबाट प्राप्त भएको। |
| ६५. | ०७५- WO-०५९२ | २०८०-१०-१५ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ मा भएको व्यक्तिगत घटना दर्ता सम्बन्धी परिवर्तित व्यवस्था बमोजिमको ऐ. नियमावली, | आदेश कार्यान्वयनका लागि च.नं. ४, मिति २०८१।०४।३० मा गृह |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | अधिवक्ता पुन्देवी महर्जन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेत | २०७७ को अनुसूची १० को Digitalize Software रहेको नदेखिएको र Digital Form ले सबै Information नभरी जन्मदर्ता हुन नसक्ने हुँदा सोलाई ऐनको र नियमावलीको व्यवस्था बमोजिम सरलीकृत गर्नु गराउनु र ऐनले नराखेको अनावश्यक विवरण दिन नसकेको अवस्थामा समेत जन्मको आधिकारिक सूचना स्वीकार गर्ने गरी जन्मदर्ताको Digitalize Software परिमार्जन गरी विकास गर्नु भनी विपक्षीहरुको नाममा परमादेश जारी हुने ठहर्छ। | मन्त्रालयलाई पत्राचार गरिएको भन्ने व्यहोराको जानकारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्राप्त भएको। |
| ६६. | ०७९-WC-००५३ | २०८०-११-३० | प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ मा संविधान द्वारा प्रत्याभूत समानुपातिक समावेशी ताको हक अनुरुप थप परिमार्जन आवश्यक हुँदा आगामी | आदेश कार्यान्वयनका लागि च.नं. ४, मिति २०८१।०४।३०, मा गृह |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | बरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | आवधिक निर्वाचन पूर्व प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, 2074 समेतका विभिन्न तहका निर्वाचनसंग सम्वन्धित प्रचलित कानूनमा संविधानको शव्द, भाव र मर्म अनुरुप आवश्यक पुनरावलोकन गर्नू गराउनू भनी प्रत्यर्थीहरुका नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। | मन्त्रालयलाई पत्राचार गरिएको भन्ने व्यहोराको जानकारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्राप्त भएको। |
| ६७. | ०७४-WO-०२६५<br>सोनाहा विकास समाज | २०७४/११/११<br>स्वास्थ्य मन्त्रालय समेत | आदीवासी, जनजातिहरुको समस्या शान्तिपूर्ण, वैधानिक र न्यायिक रुपमा समाधान गर्न विपक्षीहरुले आफुले अनुमोदन गरी कार्यान्वयनका लागि नीतिगत प्रतिबद्धता गरे अनुरुपका अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं.१६९ र आदीबासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७ कार्यान्वयनको लागि आवश्यक पर्ने कानून एवम् | मन्त्रालयको च.नं. ५१, मिति २०८२/०८/०५ को पत्रबाट आदेश कार्यान्वयनको लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा विवरण माग गरी पठाईएको छ भन्ने व्यहोराको जानकारी भूमि व्यवस्था, सहकारी, संघीय |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | नीतिनिर्माण संघ तथा प्रदेश तहका कार्यपालिकीय, व्यवस्थापकीय एवम् स्थानीय निकाय समेतले गर्नु गराउनु र यस सम्बन्धमा व्यवस्थापिका संसदमा विचाराधिन विधेयकहरु उपरोक्त महासन्धी र घोषणापत्रको मर्म र भावना अनुरुप हुने गरी पारित वा संशोधन वा परिमार्जन गर्नु गराउनु भनी व्यवस्थापिका संसद सचिवालय र नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नाउँमा यो निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। | मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |
| ६८ | ०७८-WO-०४०८ अजित भण्डारी | २०७९/२/४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | प्रस्तुत रिट निवेदनमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७ तथा शिक्षा ऐन, २०२८ को दफा १६ङ को उपदफा (५) को खण्ड (छ) मा रहेको कानूनी | फैसला कार्यान्वयनको लागि स्थानीय तह समन्वय शाखामा लेखिएको भन्ने व्यहोराको जानकारी भूमि व्यवस्था, |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। | सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |
| ६९. | ०७४-WC-००३१ रामशरण घिमिरे | २०७९।२।४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | नेपालको संविधान, नेपाल पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६ समेतको व्यवस्था तथा अन्तराष्ट्रिय अभ्यास बमोजिम ट्रेड युनियनको अधिकार पाउने गरी विधायिकाले निजामती सेवा ऐन, २०४९ को दफा ५३ मा गरेको व्यवस्थालाई नेपालको संविधानसँग बाझिएको भनी मान्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने भएपनि नेपालको संविधान बमोजिम संघात्मक शासन व्यवस्था अवलम्बन गरी स्थानीय | केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०८३ बाट कर्मचारी ट्रेड युनियन सम्बन्धी व्यवस्था खारेज भएको अवस्था रहेको छ। सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार हुँदा कर्मचारी राजनीतिमा भाग लिन नपाईने सम्बन्धी व्यवस्था एवम् ट्रेड युनियन |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सरकार, प्रदेश सरकार र सङ्घीय सरकारको अभ्यास गरी सोही बमोजिम सङ्घीय निजामती सेवा सम्बन्धी ऐनको लागि तयारी भइरहेको सन्दर्भमा सङ्घीय निजामती सेवा ऐनमा निजामती कर्मचारीहरुको लागि ट्रेड युनियनको व्यवस्था गरिएको खण्डमा राज्यबाट प्रवाह हुने सेवाको प्रभावकारिता र गुणस्तरीयता अभिवृद्धि गर्न यसको भूमिका के कस्तो हुने? राजनितिक आस्थाका आधारमा ट्रेड युनियन गठन हुँदा त्यसबाट समष्टिगत कर्मचारीहरुको हकहितमा पर्न सक्ने प्रतिकुल प्रभावहरु र निजामती कर्मचारीहरुको ट्रेड युनियनको व्यवस्थापनका सम्बन्धमा अन्तराष्ट्रिय अभ्याससमेतको अध्ययन गरी आवश्यक कानूनी व्यवस्था गर्नु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | सम्बन्धी व्यवस्था उक्त विधेयकमा समावेश नभएको र सो विधेयक कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा तर्जुमा सहमतिको लागि पठाईएको भन्ने व्यहोराको जानकारी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | कार्यालय काठमाण्डौको नाममा निर्देशनात्मक आदेश जारी भएको। | |
| ७० | ०७२-WC-००२३ भुवनेश्वर चौधरी | २०७९।२।४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | निजामती ट्रेड युनियन, निजामती कर्मचारीहरुबाट गठन हुने हुँदा सामान्यता आधिकारिक ट्रेड युनियनमा पनि प्रत्यक्ष अप्रत्यक्ष सबैको भावना जोडिएको मान्न सकिन्छ। तर क्षेत्रगत, विभागिय, जिल्ला स्तरमा विविध रुपमा व्यवहारिक अलग अलग समस्या पनि हुनसक्दछ। सोको सम्बोधन हुने केन्द्रीयस्तरमा पनि प्रतिनिधि भए प्रभावकारी हुने भन्ने कुरालाई नकार्न भने सकिदैन। उक्त नियमावली बमोजिम निजामती कर्मचारीको ट्रेड युनियनको निर्वाचन सम्पन्न भइसकेको छ। सोही आधारमा आधिकारिक ट्रेड युनियनमा | केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०८३ बाट कर्मचारी ट्रेड युनियन सम्बन्धी व्यवस्था खारेज भएको अवस्था रहेको छ। सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार हुँदा कर्मचारी राजनीतिमा भाग लिन नपाईने सम्बन्धी व्यवस्था एवम् ट्रेड युनियन सम्बन्धी व्यवस्था उक्त |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | प्रतिनिधिको निर्वाचित भई उक्त थ्रेसहोल्डको अभ्यास र अनुभव पनि गरिसकेको पाइन्छ। निजामती कर्मचारीहरुको ट्रेड युनियन अलग अलग नाउँबाट स्थापना भई भिन्न भिन्न रुपमा सो ट्रेड युनियनका सदस्यहरु आबद्ध भएका हुन्छन्। केन्द्रीय स्तरमा रहने आधिकारिक ट्रेड युनियनमा निर्वाचनबाट प्राप्त मतका आधारमा थ्रेसहोल्डको व्यवस्था गरी सो थ्रेसहोल्ड प्राप्त गरेकाले मात्र प्रतिनिधित्व गर्न पाउने व्यवस्था रहेको छ। यस प्रकारको अभ्यासले निवेदक नेपाल मधेसी निजामती कर्मचारी मञ्चको तथा अन्य विभिन्न निजामती कर्मचारी ट्रेड युनियन जसको थ्रेसहोल्ड अनुसार मत प्राप्त गर्न सक्ने अवस्था श्रृजना नै हुन नसक्ने हुँदा सो ट्रेड युनियनको आ- आफ्नो क्षेत्रगत, विभागिय र | विधेयकमा समावेश नभएको र सो विधेयक कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा तर्जुमा सहमतिको लागि पठाईएको भन्ने व्यहोराको जानकारी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | जिल्ला स्तरिय रुपमा भएका वा हुन सक्ने समस्याहरु र भावनालाई प्रतिबिम्बित गर्न वर्तमान आधिकारिक ट्रेड युनियनबाट के कस्तो सामूहिक सौदाबाजीमा स्थान प्राप्त गरेको छ अध्ययनको विषय रहन्छ। आधिकारिक ट्रेड युनियनमाप्रतिनिधित्व हुन पुर्याउनु पर्ने मत सिमा (थ्रेसहोल्ड) वर्तमान स्थितिमा व्यवहारिक छ, छैन? केन्द्रीय स्तरमा रहने रहने आधिकारिक ट्रेड युनियनमा यथाशक्य सबै ट्रेडयुनियनमा यथाशक्य सबै ट्रेडयुनियनका प्रतिनिधि हुने सम्बन्धमा विवीध दृष्टिकोणबाट अध्ययन अनुसन्धानसमेत हुनु पर्ने स्थिति रहेको छ। नेपालको संविधान बमोजिम संघात्मक शासन व्यवस्था अवलम्बन गरी सोही बमोजिम संघीय निजामती सेवा सम्बन्धी ऐनको लागि तयार | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | भइरहेको सन्दर्भमा संघीय निजामती सेवा ऐनमा यस विषयलाई पनि सम्बोधन हुने गरी आवश्यक व्यवस्था गर्नु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको। | |
| ७१. | ०७७-wc-००९९<br>शैलेन्द्र प्रसाद अम्बेडकर | २०७९।१।७<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | खानीजन्य, नदीजन्य प्राकृतिक श्रोतको दोहन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि निकासी गर्ने सम्बन्धमा संविधानका व्यवस्था, भावना र मर्म समेत अनुकुल हुने गरी सङ्घीय विधायिकाद्वारा निर्मित कानूनले अन्यथा व्यवस्था नगरेसम्म नेपालको कुनै पनि क्षेत्रबाट ढूङ्गा, गिट्टी, बालुवा आदिको निकासी गर्ने गराउने कार्य नगर्नु, नगराउनु; मुलुकको भौगोलिक, भौगर्भिक र वातावरणीय संवेदनशिलता समेतलाई दृष्टिगत | वातावरण तथा विपद् व्यवस्थापन शाखामा आदेश कार्यान्वयनको लागि लेखिएको<br>भन्ने व्यहोराको जानकारी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | गरी प्रशासन र सुरक्षा निकायहरु समेतको परिचालन गरी हाल भैरहेको विदेश तर्फको निकासीलाई रोक्नु र वातावरण संरक्षणमा प्रभावकारी व्यवस्था मिलाउनु। | |
| ७२. | ०७४-WO-०२५० कृष्ण सिंह महरा | २०८०/०६/२५ नेपाल सरकार समेत | रिट निवेदन खारेज हुने ठहरेतापनि रिट निवेदकले उठाएको विषय वस्तु गम्भिर्यतालाई विचार गर्दा पिछडिएको क्षेत्र निर्धारण गर्दा देहाय अनुसारको प्रक्रिया अवलम्बन गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छः<br>(क) नेपाल भौगोलिक विविधतायुक्त देश भएको र देशका सबै भु-भाग सुगमता र विकासको हिसावले समेत समानता नभई विविधतायुक्त रहेको अर्थात कुनै सुगम कुनै दुर्गम र कुनै अति | सङ्घीय निजामती सेवा नियमावलीको प्रारम्भिक मस्यौदामा पिछडिएको क्षेत्रमा रहने स्थानीय तह भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लाका स्थानीय तहलाई सम्झनु पर्छ भनी प्रस्ताव गरिएको छ भन्ने व्यहोराको जानकारी भूमि व्यवस्था, |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | दुर्गम क्षेत्र रहेको छ। नेपालमा सामाजिक सिमान्तकृतता अर्थात आर्थिक, राजनैतिक, शैक्षीक, धार्मीक र कानूनी लगायतका कारणले मात्र बहिस्करणमा नपरी विकासको दुरी अर्थात स्वास्थ्य, शिक्षा, सडक, आवास, पानी, बत्ती, रोजगारीको अवसरमा पहुंच लगायतका अवस्था गर्दा पनि विकास र राजनैतिक सहभागिताबाट बञ्चित भएका छन। यस्तो पिछडीएको क्षेत्रको पहिचान गरी त्यस्तो वर्गको सहभागिताको सुनिश्चितता गर्नु संवैधानिक दायीत्व रहेको छ। तसर्थ निर्वाचन आयोगबाट पिछडिएको क्षेत्र निर्धारण गर्दा उक्त संवैधानिक मर्म र भावनालाई यथार्थपरक ढंगबाट कार्यान्वयन गर्नुपर्ने औचित्यता रहेको र यसको लागि उपयुक्त बिधिको विकास गरी वैज्ञानिक ढंगवाट विभिन्न | सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | सुचकांक (जस्तैः- शिक्षा, साक्षरता, रोजगारी, भौगोलिक अवस्था, यातायातको पहुँच, खानेपानीको पहुँच, स्वास्थ्य अवस्था, विद्युतको पहुँच आदि) को यथार्थपरक तथ्यांकको माध्यमबाट पिछडिएको क्षेत्र पहिचान गरेपछि मात्र बास्तबिक पिछडिएको क्षेत्र निर्धारण नै त्यस क्षेत्रबाट प्रतिनिधित्व हुन सक्ने हुँदा सर्वप्रथम पिछडिएको क्षेत्र निर्धारण गर्ने सन्दर्भमा विज्ञसहितको संलग्नतामा त्यस्ता क्षेत्र पहिचानको लागि आवश्यक पर्ने सूचकांक के के हुन अपरिहार्य रहन्छ एकिन गरी टुंगो गर्नु गराउनु।<br>(ख) पिछडिएको क्षेत्र निर्धारण पूर्वाधारको लागि सुचकांक तयार भैसकेपछि यसलाई स्वचालित क्रियावाट कार्यान्वयन गर्न नेपाल सरकारको | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | कुन कुन निकायहरु बीचमा के कस्तो समन्वय र कार्यको आवश्यकता पर्ने हो सोलाई एकिन गरी त्यस्ता निकायहरु पहिचान गरी सम्बद्ध विषयको तथ्यांक प्राप्त गर्न त्यस्ता सम्बद्ध निकायहरुको लागि आवश्यक कार्यविधि र प्रक्रिया तयार गरी कार्यान्वयनमा ल्याउनु ल्याउन लगाउनु।<br>(ग) यसरी तोकिएका सुचकांकहरुको विवरण सम्बद्ध निकायबाट प्राप्त गरी प्राप्त सूचकांकको विवरणलाई प्रशोधन गरी त्यसलाई प्रभावकारी र स्वचालित रुपमा कार्यान्वयनमा ल्याई प्राप्त सुचकांकको आधारमा आवश्यकता अनुसार पिछडिएको क्षेत्र निर्धारण गर्नु गराउनु" । | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| ७३. | ०६९-wo-००६८<br>राजेन्द्र दुलाल | २०७०।०८।२०<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेत | अपाङ्गता भएका व्यक्तिहरुको हित संरक्षण, सशक्तिकरण एवं विकास गर्ने सम्बन्धी कानून निर्माण गर्दा वा भइरहेको कानूनी व्यवस्थाको संशोधन गर्दा अपाङ्गता भएका व्यक्तिहरु बिच उचित र विवेकसम्मत वर्गिकरण गर्नु र निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को देहाय (ङ) मा अपाङ्ग व्यक्तिहरुको लागि छुटयाईएको पाँच प्रतिशत पदमा अपाङ्गता भएका व्यक्तिहरुको स्थिति हेरी विवेकसम्मत मापदण्ड कायम गरी मनासिव आधारमा निजामती सेवामा पदपूर्ति गर्ने मापदण्ड तयार गरी कार्यान्वयन गर्नु भनी परमादेश जारी हुने ठहर्छ। | अपाङ्गता भएका व्यक्तिका लागि छुट्याइएको पदमा कुनै खास प्रकृतिको कामका लागि खास प्रकृतिका मात्र अपाङ्गता भएका व्यक्तिले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिने भन्ने व्यवस्था प्रस्ताव गरी सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको छ भन्ने |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | | व्यहोराको जानकारी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |
| ७४ | ०७४-WC-००७६ ऋषिराम सिलवाल समेत | २०७९/१०/१८<br><br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | संविधानको मर्म र भावना अनुरुप समावेशिताको सुनिश्चितता गरी व्यवहारमा समतामुलक समाज निर्माण गर्नु कुनै निश्चित संघीय तहको मात्र जिम्मेवारी नभई राज्यका तीनै तहको साझा दायित्व हो। सो दायित्व पुरा गर्न राज्यका तीनै तहबाट जारी हुने कानूनहरुमा समानुपातिक र समावेशी सिद्धान्त अनुकुलका प्रावधानहरु रहन आवश्यक हुन्छ। तसर्थ, यस अघि सर्वोच्च अदालत, संवैधानिक इजलासबाट विशुन्दर पंडित विरुद्ध कटहरिया नगरपालिकासमेत भएको रिट | आदेश कार्यान्वयनको लागि सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखामा पत्राचार गरिएको भन्ने व्यहोराको जानकारी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | नं. ०७६-WC-०००९ मा जारी भएको निर्देशनात्मक आदेश अनुरुप शिक्षा सम्बन्धी कानून बनाउँदा वा संशोधन गर्दा नेपालको संविधानले अङ्गीकार गरेको समानुपातिक समावेशिताको सिद्धान्तलाई आत्मसात् गरी संविधानको मर्म र भावना अनुरुप महिला लगायत अन्य सीमान्तीकृत वर्गको समेतको सहभागिता सुनिश्चित हुने गरी कानून बनाउनु भनी प्रत्यर्थी गोरखा नगरपालिकाको नाममा निर्देशनात्मक आदेश जारी हुने ठगर्छ। | |
| ७५. | ०७८-WC-०००४<br>ओमप्रकाश अर्याल | २०८०-१०-२४<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | "..... नेपाल सरकारका सवै निकायहरु लगायतका अन्य सवै प्रत्यर्थी सार्वजनिक निकायहरुका नाममा नेपालको संविधानको धारा | च.नं. ६४३ मिति २०८१/१०/०८ मा भूमि व्यवस्थापन तथा अभिलेख विभागमा पत्राचार गरिएको तथा |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | १३३ को उपधारा (२) र (३) बमोजिम परमादेश जारी हुने ठहर्छः<br>(क) उचित र पर्याप्त कारण परी हदबन्दी भन्दा बढी जग्गाको सट्टापट्टा वा स्थानान्तरणको लागि स्वीकृति प्रदान गर्नु परेको अवस्थामा स्वीकृति प्रदान गर्दाः (१) जग्गाको क्षेत्रफल; (२) चिया उत्पादन हुने क्षमता वा सम्भाव्यताको प्राविधिक विश्लेषण सहितको निश्चित राय; (३) सट्टापट्टा हुने जग्गाको समानुपातिक क्षेत्रफल एकै स्थानमा (एउटै प्लटमा) उपलव्ध हुने कुराको सुनिश्चितता; (४) सट्टापट्टा गरी लिने र दिने दुवै जग्गाको समानुपातिक मूल्य; (५) तत्काल प्रदान गरी आएको रोजगारी संख्या नघट्ने कुराको सुनिश्चितता; (६) सट्टापट्टा गरिने जग्गामा चिया खेती गरिदाको वातावरणीय प्रभाव मूल्याङ्कन; | च.नं. २०८३/०२/२८ मा जग्गा प्रशासन शाखामा पत्राचार गरिएको भन्ने व्यहोराको जानकारी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | (७) जग्गा सट्टापट्टा वा स्थानान्तरण गर्नु परेको उचित र प्रर्याप्त कारण तथा सोलाई पुष्टि गर्ने वस्तुगत आधार समेतका समग्र पक्ष यकीन (सुनिश्चित) भएपछि मात्र भूमि सम्बन्धी ऐन लगायत सो सम्बन्धी अवधारणा अनुकूल हुने गरी हदबन्दी भन्दा बढी जग्गाको सट्टापट्टा वा स्थानान्तरण सम्बन्धी कार्यको व्यवस्थापन गर्ने गर्नू, गराउनू।<br><br>(ख) हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिएबमोजिमको (शर्त बमोजिमको) प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक (अन्य) प्रयोजनमा उपयोग गरिएको वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रुपमा सो हदबन्दी भन्दा बढी देखिएको जग्गा | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारको नाममा प्राप्त गर्नू, गराउनू।<br>(ग) भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७ को उपदफा (४) बमोजिम भूमिको हदबन्दी लागू भएको क्षेत्रहरुमा सो हदबन्दी लागू भएको मितिसम्म कानून बमोजिम राख्न पाउने अधिकतम् हद भन्दा बढी जग्गा आफ्नो साथमा वा आफ्ना परिवारका साथमा हुने कुनै जग्गावालाले हदबन्दी सम्बन्धी दफा ७ बमोजिमको प्रावधान प्रारम्भ भएपछि त्यस्तो जग्गा नेपाल कानूनले अंशमा हक पुग्ने हकवाला अंशियार बाहेक अरु कसैलाई बेचबिखन, दान दातव्य, सट्टापट्टा गरी वा अरु कुनै व्यहोराले हक छाडी दिएको रहेछ भने सो लेनदेनको लिखत रजिट्रेसन पास भएको वा | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | नभएको जे भए तापनि त्यस्तो लेनदेनलाई दफा ७ को (हदबन्दीको) तात्पर्यको लागि मान्यता नदिइने र त्यस्तो जग्गा हक छाडी दिने जग्गावालाकै साथमा कायम रहेको सरह मानी दफा ७ को प्रावधान लागू हुने (हदबन्दीको प्रावधान लागू हुने) देखिन्छ। तसर्थ, गिरीबन्धु टि स्टेट प्रा.लि.को हदबन्दी प्रयोजनका लागि जग्गाको क्षेत्रफल गणना गर्दा २०६० सालको निर्णय बमोजिम हस्तान्तरण गरिएको ५१ बिगाहा जग्गालाई समेत कूल हदबन्दी क्षेत्रफल कायम गर्ने प्रयोजनका लागि गणना गर्नू र तदनुसार गणना गर्दा हदबन्दी भन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोगमा नरहेको प्रत्यर्थी गिरीबन्धु टि स्टेट प्रा.लि.का नाममा रहेका जग्गा भूमि सम्बन्धी ऐन, २०२१ | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | बमोजिम नेपाल सरकारका नाममा प्राप्त गर्नू, गराउनू।<br>मिति २०७८/१/१३ मा नेपाल सरकार (मन्त्रिपरिषद) बाट प्रस्तुत विवाद सम्बन्धी निर्णय भएपछि मिति २०७८/१०/२३ मा कोशी प्रदेश सरकारबाट उल्लिखित विषयमा प्रश्न उठाई निर्णय गरेको प्रसंग समेत लिखित जवाफमा उल्लेख गरेको पाइयो। नेपालको संविधानको अनुसूची ५ मा रहेको संघको अधिकार सूचीको प्रकरण २९ मा "भूउपयोग नीति", अनुसूची ६ मा रहेको प्रदेशको अधिकार सूचीको प्रकरण १६ मा "भूमि व्यवस्थापन, जग्गाको अभिलेख" र अनुसूची ७ को संघ तथा प्रदेशको साझा अधिकार सूचीमा "भूमि नीति र सो सम्बन्धी कानून" भनी उल्लेख भएको | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | देखिन्छ। संघीयताको अवधारणालाई कार्यान्वयनमा ल्याउन गरिएको राज्य संरचना र शक्तिको बाँडफाँड अनुसार "भूमि व्यवस्थापन, जग्गाको अभिलेख, भूमि नीति र सो सम्बन्धी कानून" निर्माण गर्ने कुरामा प्रदेशहरुमा समेत अधिकार रहेको देखिन्छ। तर संघीय तहबाट भूमि सम्बन्धी ऐनमा आठौं संशोधन गर्दा प्रदेश सरकारसंग सामान्य परामर्श पनि गरेको देखिएन। नेपालको संविधानले समन्वय र सहकार्यको मान्यतामा आधारित संघीय संरचनाको व्यवस्था गरेको हुँदा यस प्रकारका नीतिगत व्यवस्थापनका कुरामा प्रदेश सरकारहरुसंग समन्वय कायम गरी सहकार्य गर्नु वाञ्छनीय देखिन्छ। तसर्थ, संघ र प्रदेशको | |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | साझा अधिकारको विषयमा कुनै नीति वा कानून निर्माण गर्दा समन्वय कायम गर्ने गर्नु।" | |
| ७६. | ०६७-WO-१००२ अधिवक्ता प्रकाशमणी शर्मा समेत | २०८०/०९/०३ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | बागमती र यसका सहायक नदीहरुमा सालिन्दा आउने बाढीको उच्च तह (High flood level) समेतलाई दृष्टिगत गरी किनारामा के कति जग्गा दाँया-वाँया छाड्ने भन्ने वारेमा नेपाल सरकार मन्त्री परिषदद्वारा मिति २०६५।०८।०१ मा निर्धारित दूरी बाहेक नै सवै खोलाहरुको हकमा दाँया-वायाँ न्यूनतम अर्को थप २० मिटर छाडेर मात्र निर्माणको अनुमति प्रदान गर्ने, सो दूरीभित्र सरकारी जग्गा अतिक्रमण गरी बनाएका संरचनाहरु हटाउने; कुनै नदी वा खोलाको हकमा सीमा नतोकिएको भएमा किनाराबाट दायाँ-बायाँ न्यूनतम २० मिटर सीमा निर्धारण | एकीकृत बागमती सभ्यता (पाँचौं संशोधन) आदेश, २०८२ नेपाल सरकार मन्त्रिपरिषद्बाट २०८२।०२।०६ मा स्वीकृत भई विषय सम्बोधन भएको भन्ने व्यहोराको जानकारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | गर्ने, थप गरिएको दूरीमा हालसम्म कुनै संरचना नबनिसकेको अवस्था भए उक्त दूरीभित्र पर्ने जग्गालाई निर्माण निषेधित क्षेत्र (No Construction Zone) घोषणा गरिएको हुँदा अब कुनै निर्माणको अनुमति प्रदान नगर्ने र कानूनबमोजिम नक्सा पास गरी पहिले नै भवन आदि संरचना निर्माण गरिएको अवस्थामा नदी किनारा क्षेत्रमा सडक, ढल वा प्रशोधन केन्द्र आदि संरचनाहरु निर्माण गर्न र नदी तथा खोलाहरुको सहज प्रवाहको लागि आवश्यक पर्ने जग्गा कानूनबमोजिम क्षतिपूर्ति प्रदान गरी प्राप्त गर्ने समेतको आदेश। | |
| ७७. | ०७४-WO-०२१७ | २०८०-०९-२६ | संविधान र निर्वाचन सम्वन्धी कानूनले प्रत्याभूत गरे वमोजिम समानुपातिक निर्वाचन प्रणाली | आदेश कार्यान्वयनको लागि च.नं २२ मिति |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | बिरेन्द्रराज शर्मा पोखरेल | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | अनुरुप राजनीतिक दलहरुले उम्मेदवारको बन्दसूची पेश गर्दा अपाङ्गता भएका ब्यक्तिहरुको तोकिए वमोजिम प्रतिनिधित्व हुनु जरुरी रहेको र विपक्षीहरुले लिखित जवाफ मार्फत जनाएको प्रतिवद्धता ब्यवहारमा देखिनु पर्ने हुन्छ। अतः आगामी निर्वाचनमा यसको सुनिश्चितताको प्रत्याभूति हुने गरी आवश्यक ब्यवस्था गर्नु,गराउनु भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ। | २०८२।०२।२८ गृह मन्त्रालयमा पत्राचार गरिएको भन्ने व्यहोराको जानकारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत प्राप्त भएको। |
| ७८ | ०७९-WO-१५१७ अर्चना थापा | २०८०-०४-०८ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ मा अन्तराष्ट्रिय र तुलनात्मक कानूनहरुमा आएको परिवर्तन/चिकित्सकीय आवश्यकता, अंग ग्रहणकर्ताको बाँच्न पाउने हक, अंगदानमा | आदेश कार्यान्वयनका लागि च.नं. २१ मिति २०८२।०२।२७ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलमा पत्राचार गरिएको भन्ने |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | परोपकारको उद्देश्य र मानवीय गरिबीमाथि हुनसक्ने शोषण समेतलाई मध्यनजर गरी आवश्यक परिमार्जन गर्नु भनी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सुझाव स्वरुप यस आदेशको एकप्रति साथै राखी लेखी पठाउनु। | व्यहोराको जानकारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत प्राप्त भएको। |
| ७९. | ०७०-WS-००२३ अधिवता मणिराम निरौला | २०८०-०९-११ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेत | उच्च अदालतको न्यायाधीश वा सो सरहको व्यक्ति अध्यक्ष रहने राजस्व न्यायाधीकरणमा नेपाल सरकारले मनोनित गर्ने अन्य सदस्यहरुको समेत पदीय ओहोदा पनि उचित तवरबाट मिलान गर्नु आवश्यक हुँदा पुनरावेदन सुन्ने अधिकारी निर्णय गर्ने अधिकारी भन्दा कनिष्ठ वा तल्लो तह वा श्रेणीको अधिकृत नहुने गरी आवश्यक कानूनी प्रवन्ध गर्नू, तथा राजस्व | आदेश कार्यान्वयनका लागि च.नं. २३, मिति २०८३।०३।१२ मा कानूनी सुधारको लागि सम्बन्धित महाशाखामा पत्राचार गरिएको भन्ने व्यहोराको जानकारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | न्यायाधीकरणको कार्यसम्पादन तथा यसको निरन्तर कार्यप्रवाह कायम राख्न सबै सदस्यहरुको समयमै पदपूर्ति हुने कुराको सुनिश्चितता गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। | |
| ८० | ०७३-WC-००२३, ०७३-WC-००२४ कमला राई तिमल्सेना | २०८०-०९-०४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | आयोगमा प्राप्त उजुरीको छानबिन गर्दा बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २१ तथा नियमावलीको नियम ७ बमोजिम तामेलीमा राख्नु पर्ने मनासिब अवस्था देखिन आएमा सोको वस्तुगत स्पष्ट आधार र कारण खुलाई तामेलीमा राख्नु अघि पीडित पक्षलाई आफ्नो भनाई राख्ने मौकासमेत प्रदान गरी निर्णय गर्नु भनी प्रत्यर्थी आयोगको नाममा परमादेश जारी हुने ठहर्छ। | बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१ जारी भई सो बमोजिमका पदाधिकारी नियुक्ति गरिएकोमा सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ बमोजिम पदाधिकारी |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | (ख) बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगलाई पदाधिकारी विहिन अवस्थामा रहन नदिनु, यस अदालतबाट विभिन्न समयमा भएका आदेश र निर्देशनहरूको अनुशरण गरी कानूनमा संशोधन परिमार्जन गर्नु गराउनु र पीडितको पीडालाई समुचित सम्बोधन हुने गरी संक्रमणकालीन न्यायलाई अविलम्व तार्किक निष्कर्षमा पुऱ्याउनु भनी सबै प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ। | पदमुक्त भई हाल पधाधिकारी नियुक्तिको प्रकृयामा रहेको। आदेश कार्यान्वयनका लागि च.नं. २४, मिति २०८३।०३।१२ लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग मा पत्रचार गरिएको भन्ने व्यहोराको जानकारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत प्राप्त भएको। |
| ८१. | ०८१-WF-०००९ | २०८१-१०-०६ | राष्ट्रिय परिचयपत्र प्रासिका बारेमा सबै नागरिकलाई जानकारी गराउन सूचना प्रवाह गर्ने | आदेश कार्यान्वयनका लागि गृह मन्त्रालयलाई च.नं. २० मिति |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | रामबहादुर राउत समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | कार्यमा थप प्रभावकारिता ल्याउने कार्य गर्न, नागरिकका बासस्थान नजिकको बिन्दुमा पुगी नेपाली नागरिकतासमेतका आधारमा नागरिकका व्यक्तिगत तथा जैविक विवरण संकलन गरी राष्ट्रिय परिचयपत्र वितरणको कार्य यथाशीघ्र सम्पन्न गरी राष्ट्रिय परिचयपत्र नभएकै कारणले सार्वजनिक सेवा प्रवाहमा व्यहोर्नु परेको झन्झट, असहजता र कठिनाईको अन्त्य गर्नू। सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरूमा राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन तथा वितरणका लागि पर्याप्त स्टेशन वा ईकाई खडा गरी कार्य गर्नू, राष्ट्रिय परिचयपत्रका विवरण वैज्ञानिक तरिकाले अभिलेखीकरण गरी व्यक्तिका सूचना अनधिकृत प्रयोग वा दुरुपयोग हुन नदिने, राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना | २०८२।०२।२८ को पत्रमार्फत पत्राचार गरिएको भन्ने व्यहोराको जानकारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत प्राप्त भएको। |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | प्रणाली र राष्ट्रिय परिचयपत्र वा परिचयपत्र नम्बर प्रयोग गरी सेवा प्रदान गर्ने अन्य निकायका प्रणालीको सुरक्षा संपरीक्षण गर्ने तथा व्यक्तिका विद्युतीय विवरण सुरक्षित र गोपनीयताको संरक्षण गरी राख्ने कुराको प्रत्याभूतिका लागि जो गर्नुपर्ने नीतिगत, कानूनी, संरचनागत प्रबन्धको विकाससमेत गर्नू गराउनू भन्ने निर्देशनात्मक आदेश जारी। | |
| ८२ | ०७४-WO-०४९४ अधिवक्ता ज्ञानेश्वर कोइराला | २०८०।११।०८ गृह मन्त्रालय समेत | "...रिट निवेदनको विषयवस्तुको गम्भीरता र आम नागरीकको सम्वेदनशीलता समेतलाई दृष्टिगत गरी हाल कार्यान्वयनमा रहेको विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७० मा परिमार्जन गरी विशिष्ठ व्यक्तिको सवारीको प्रवन्ध गर्दा आम नागरीकको आवागमनमा | गृह मन्त्रालयको फैसला कार्यान्वयनसम्बन्धी गठन भएको कार्यसमितिले मिति २०८२।१।४ मा उक्त मुद्दाका सम्बन्धमा विशेष व्यक्तिको सुरक्षा प्रबन्धका सम्बन्धमा |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | कमभन्दा कम अवरोध हुने अवस्था सृजना गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र नेपाल सरकार गृह मन्त्रालयका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ..." | अतिविशिष्ट तथा विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम कार्यान्वयन भई रहेको र सर्वसाधारणलाई सहज हुने गरी गरीएकोले प्रस्तुत आदेशको कार्यान्वयन भएकोले लगत कट्टाको लागि सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयमा लेखी पठाउने भनी निर्णय भएको व्यहोराको जानकारी प्राप्त हुन आएको। |
| ८३. | २०६०-WO-०१२१ टेक | २०६२/५/३० | निवेदनपत्रमा बाबुको ठेगान नभएकै कारणले वादी महिलाहरुबाट जन्मदर्ता गर्न र निजहरुले | गृह मन्त्रालयको फैसला कार्यान्वयनसम्बन्धी गठन भएको |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | ताम्रकार | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत | नागरीकता प्राप्त गर्न नसकेको भन्ने जिकिर .....वादी महिलाहरुबाट जन्मिएका बालबालिकाको जन्मदर्ता गर्न पाउने तथा गर्न सक्ने संवैधानिक तथा कानूनसम्मत हुने देखिएकोले ...वादी महिलाहरुबाट जन्मिएका बालबालिकाको जन्मदर्ता गर्न सक्ने संवैधानिक तथा कानूनी हकबाट वञ्चित नगरी त्यस्ता व्यक्तिले जन्मदर्ता तथा नागरीकताको लागि निवेदन गर्न आएमा कानून बमोजिम गर्न नमिल्ने देखिंदैन। | कार्यसमितिले मिति २०८२।२।२० सम्बन्धमा प्राप्त अदालतको आदेश कार्यान्वयनको लागि गृह मन्त्रालयको नागरीकता तथा राष्ट्रिय परिचयपत्र शाखा र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा पत्राचार गर्ने भनी निर्णय भएको व्यहोराको जानकारी प्राप्त हुन आएको। |
| ८४ | ०६७-WO-१०४३ सुनिल रञ्जन सिंह समेत | २०७६-९-२१ गृह मन्त्रालय समेत | रिट निवेदनमा उठाइएका व्यक्तिहत्याका विषयमा परेका उजुरीहरुका सम्बन्धमा तदारुकताकासाथ निष्पक्ष, प्रभावकारी र विश्वसनीय अनुसन्धान गर्न मुलुकी फौजदारी | मिति २०८२/१०/२१ मा आदेश कार्यान्यिनको लागि सुरक्षा तथा समन्वय महाशाखा, गृह मन्त्रालयमा पठाईएको र मिति |

| क्र.सं | रिट नं/ निवेदक | आदेश मिति/ विपक्षी | आदेशको मुख्य व्यहोरा | कार्यान्वयन अवस्था (जिम्मेवार निकायबाट प्राप्त विवरण बमोजिम) |
|---|---|---|---|---|
| | | | कार्यविधि संहिता, २०७४ को दफा १२ बमोजिम विशेष अनुसन्धान टोली गठन गरी वा नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्युरोबाट अविलम्ब अनुसन्धान गर्ने सम्बन्धमा आवश्यक निर्णय गरी अनुसन्धान गर्नु गराउनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) अनुसार विपक्षीहरु मध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको नाममा परमादेशको आदेश जारि गरीएको छ। | २०८२/१०/२७ मा प्रहरी प्रधान कार्यालय, नक्साललाई आदेश कार्यान्वयनको लागि पठाईएको। |

## तालिका नं. २

### सर्वोच्च अदालतबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सम्बद्ध रहेका रिट निवेदनमा जारी परमादेश तथा निर्देशनात्मक आदेशहरुमध्ये लगत कट्टा भएका आदेशहरुको विवरण

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| १. | ०७२-WO-०२८७ पारसमणी भट्टराई | २०७४/१०/१५ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | नाकाबन्दीबाट नेपालको संविधानको धारा ४, ५, १६, ४४ प्रदत्त मौलिक हकको उल्लंघन हुने हुँदा दुवै पक्ष राष्ट्रहरुले पालना गर्नु पर्ने अन्तराष्ट्रिय मान्यता बमोजिम व्यापारसँग सम्बन्धित बहुपक्षिय तथा द्विपक्षीय सम्झौताहरुको परिपालना र पुनरावलोकन सम्बन्धमा आवश्यक व्यवस्था गर्नु भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०७३/०३/०१ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| २. | ०७३-wo-०१४० मनोज नेवा खड्गी | २०७६/१२/०२ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत | खड्गी समुदायका व्यक्तिहरुलाई राज्यबाट प्रदान गरिएको नागरिकता, पासपोर्ट, शैक्षिक प्रमाणपत्र, सवारी चालक अनुमितपत्र, जग्गा धनी प्रमाणपत्र लगायतको सरकारी कागजातहरुमा साबिकमा प्रयुक्त थरहरु कसाई, कसाही, साही, साई को सट्टामा आत्मसम्मानको बोध हुने थरहरु नायः, सिंह, शाही, खड्गी कायम गराउन यथाशीघ्र आवश्यक कानूनी तथा | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०१/१६ को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | | | अन्य व्यवस्थापकीय प्रबन्ध गरी कार्यान्वयन गर्नु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। | |
| ३. | ००५३/२०६४ राम चन्द्र चटौत | २०६५/०५/२४ वन तथा वातावरण मन्त्रालय समेत | "..... आयोजनाबाट प्रभावित स्थानीय जनप्रतिनिधिहरू, वातावरणविद्, नागरिक समाज समेतको प्रतिनिधित्व भएको वातावरण संरक्षण एवं उपचार समिति खडा गर्नु र उक्त समिति र त्यसको कामको प्रयोजनको लागि आवश्यक स्रोतहरूको व्यवस्था गर्नु, गर्न लगाउनु भनी विपक्षी जलस्रोत मन्त्रालयको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।" | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०२/२७ को निर्णय बमोजिम लगत कट्टा भएको |
| ४. | ०७४-WO-०७०४ राजेन्द्र चित्रकार | २०७७-१२-०९ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | नदी र खोलामा बालुवा, रोडा, गिटी र ढुङ्गाको उत्खनन् गर्ने कार्य र त्यससंग सम्बन्धित बालुवा प्रशोधन र क्रसरका उद्योगलाई बढी नियमित गर्ने र वातावरणको क्षेत्रलाई पनि संरक्षण गर्न संवेदनशील भै विशेष ध्यान पुऱ्याउनु पर्ने र साथै मापदण्ड निर्देशिका २०७७ मा उल्लेखित दुरीका सम्बन्धमा गंभीर रुपमा पुर्नविचार गरी देहायका बुँदाहरुलाई पनि कार्यान्वयन गर्नको लागि र साथै यस क्षेत्रमा एउटा बेग्लै | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०२/१८ को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | | | विशेष ऐन निर्माण गर्ने सम्बन्धमा समेत निर्देशनात्मक आदेश जारी भएको। | |
| ५. | ०७७-WO-०१६० शशी बस्नेत | २०८१-०८-१७ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | व्यावसायिक सामाजिक जिम्मवारी वहन गर्ने प्रयोजनका लागि छुट्ट्याइएको रकम र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम ठूला विकास आयोजनामा खर्च गर्न मिल्ने नभई गरिब, विपन्न तथा लक्षित वर्गको उत्थानका लागि संस्थागत सामाजिक उत्तरदायित्वको मूल्यमान्यता अनुसार खर्च गर्नुपर्ने रकम भएकाले त्यस्तो कोषमा जम्मा हुने रकम मुलुकमा रहेको चरम गरिबी निवारण गर्न तथा गरिबीको रेखामूनि रहेका नेपाली नागरिकको प्रत्यक्ष हित हुने गरी प्रयोग गर्न गराउन प्रत्यर्थीहरूले आवश्यक व्यवस्था गर्नू गराउनू भन्ने समेत व्यहोराको निर्देशनात्मक आदेश जारी भएको। | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०२/२२ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| ६. | ०६६-WO-०५२१ | २०६७-०४-२१ | प्राकृतिक श्रोतको उत्खनन, प्रयोग आदी गर्दा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी संचालन गर्न आवश्यक व्यवस्था गर्नु भन्ने समेत। | फैसला कार्यान्वयन निर्देशनालयको मिति |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | अधिवक्ता नारायण प्रसाद देवकोटा | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत | | २०८३/०२/२८ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| ७. | ०६६-WO-०५४४ अधवित्ता कविता पांडे समेत | २०६९-०२-०३ प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत | "...... विशेष कार्यदल गठन गरी अध्ययन र प्रतिवेदन प्राप्त गर्ने व्यवस्था महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालयले गर्नू, वैकल्याहरुले कानून विपरीत भोगेको भेदभाव वा यातनाजन्य व्यवहारको अध्ययन गरी सो हटाउन उचित उपायहरु प्राप्त गर्न सक्ने गराउने सम्बन्धमा महिला, बाल वालिका तथा समाज कल्याण मन्त्रालयले खास संस्थागत संयन्त्रको व्यवस्था गरी लागू गर्नु, गराउनू, यस सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकाय र केन्द्रदेखि जिल्लास्तर सम्मका बाल कल्याण समितिहरुबीच समन्वय गरी आवश्यक कार्यहरु गर्नु, गर्न लगाउनू, दाइजो लगायतको कारणहरुको जरोसम्म पुगेर सो प्रथाको समूल समाप्त गर्नलाई कानूनी, | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०६९/०२/३० को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | | | संस्थागत र जनचेतनाकारी कार्यक्रम समेत सञ्चालन गर्नु गराउनू।“ | |
| ८. | ०७६-WO-१०५३ जुरी(नेपालको तर्फवाट र आफ्नो हकमा समेत विष्णु प्रसाद पोखरेल समेत | २०८१-११-०१ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत | “..... खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी नियमावली, २०८० लागू भै कार्यान्वयनमा रहेको भन्नेसम्म विपक्षीहरुको बेहोरा रहे पनि लक्षित वर्गसम्म अनुभूति हुने गरी ऐन र नियमावली बमोजिमका व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन भएको भन्ने तथ्ययुक्त आधार समेत नदेखिएको हुँदा खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५ र ऐ. नियमावली, २०८० को प्रभावकारी कार्यान्वयन गर्नु, गराउनु भनी विपक्षीहरुका नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ।“ | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०१/२८ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| ९. | ०७६-WO-१०६८ | २०८१-११-०४ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | “...... सम्बन्धित सरकार तथा कानूनद्वारा स्थापित संरचनाहरुमा निरन्तर प्रतिवेदन सहितको सिफारिश गर्ने व्यवस्था मिलाउने, कृषकको बालीनालीमा पारेको प्रभावको वस्तुनिष्ठ मूल्याङ्कन गरी पीडितहरुका लागि आवश्यक क्षतिपूर्ति | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०१/२८ को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | अधिवक्ता डा पुण्यप्रसाद खतिवडा समेत | सिंहदरबार काठमाडौं समेत | उपलब्ध गराउन सम्बन्धित तहका सरकारहरुलाई सिफारिश गर्ने र सो कार्य गर्दा तीनवटै तहमा हाल कायम रहेका विपद व्यवस्थापन समितिहरुसँग आवश्यक समन्वय गर्नेसमेत व्यहोराको निर्देशनात्मक आदेश जारी भएको।“ | |
| १०. | ०८०-WO-१०७० अधिवक्ता देवी प्रसाद रिजाल समेत | २०८१-१२-०६ श्री वन तथा वातावरण मन्त्रालय सिंहदरबार काठमाण्डौसमेत | रेसुङ्गा संरक्षित वन, महापोखरी तथा सो क्षेत्रको वातावरणीय तथा पर्यावरणीय महत्व नखलवलिने तथा धार्मिक सामाजिक तथा पुरातात्विक महत्वमा असर नपर्नेगरी कानून बमोजिम क्षेत्राधिकार रहेका निकायको अनुमति जे जो लिनुपर्ने हो लिई परम्परागत नेपाली शैलीको गैह्र ब्यवसायीक तथा गैह्र नाफामूलक धार्मिक धर्मशाला निर्माण गर्नू गराउनू भनी विपक्षीहरुको नाममा परमादेशसमेत जारी हुने ठहर्छ। | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०३/०२ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| ११. | ०६७-WO-०८१७ नेपाल दुरसंचार कर्मचारि संघका | २०६८-११-१४ अर्थ मन्त्रालयसमेत | “.... कम्पनी वा यस्तै प्रकृतिका सँस्थानलाई दीर्घकालीन रुपमा भार पर्ने कर्मचारीहरुको पारिश्रमिक तथा आर्थिक सुविधाजस्ता खर्च वा व्ययका सम्बन्धमा नेपाल सरकारको नीतिगत सहमति आवश्यक पर्ने गरी कम्पनी ऐन २०६३ लगायत अन्य | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०२/२२ को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | अ।प्रा।अशोक कुमार कर्ण समेत | | सम्बन्धित कानूनहरुमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने व्यवस्था गर्न आवश्यक कार्य गर्नु भनी विपक्षी अर्थ मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयका नाममा निर्देशात्मक आदेश जारी गरिएको छ।" | |
| १२. | ०७५-WO-०४३८ सन्ध्याकालिन राष्ट्रिय दैनिक पत्रिकाको सम्पादक जयप्रकाश गुप्ता मायालु समेत | २०७९-०१-०७ सुचना तथा संचार प्रविधि मन्त्रालय समेत | "…..व्यवस्थाबमोजिम पुनर्योग/ पुनः मूल्याङ्कनका लागि निवेदन लिन तथा समिति गठन गर्ने र निर्णय गर्नेसमेत समय निर्धारण गर्ने आवश्यक प्रबन्ध मिलाउनू, प्रेस काउन्सिल ऐन, २०४८, प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९ तथा पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन-२०७५) समेतमा पत्रपत्रिकामा प्रकाशित के कस्तो समाचारलाई हुबहु गरेको मान्ने भन्ने विषयमा स्पष्ट व्यवस्था गरेको नदेखिंदा हुबहुको प्रकृति, प्रतिशत र पटक बारे स्पष्ट गरी वैज्ञानिक ढङ्गबाट मूल्याङ्कन गर्ने कार्यविधि निर्माण गरी लागू गर्नू भन्ने निर्देशनात्मक आदेश।" | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०२/२२ को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| १३. | ०७९-WO-०७९८ सगरमाथा आयुर्वेदिक औषधी उद्योग समेत | २०७९-१२-०१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरबार काठमाडौसमेत | "..... स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको औषधी व्यवस्था विभागलाई लेखी पठाउनू, उल्लिखित मापदण्डको पालना सम्बन्धमा सहजीकरण,अनुगमन निरिक्षण समेतको लागि आवश्यक जनशक्ति र पुर्वाधार तथा संयन्त्र को प्रवन्ध गर्न गराउनका साथै त्यस्तो मापदण्ड पुरा गर्न सकेको खण्डमा यी निवेदकहरुलाइ समेत अव हुने खरिद प्रकृयामा सहभागी गराउनका लागि समेत सबै प्रत्यर्थीहरुलाई विपक्षीहरुलाई लेखि पठाउनू भन्ने निर्देशनात्मक आदेश। " | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०२/२८ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| १४. | ०७५-WO-१०४७ अधिवक्ता प्रवीण सुवेदी समेत | २०८१-०८-१३ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरवार काठमाडौं समेत | "......पब्जी खेलका सकारात्मक तथा नकारात्मक दुवै किसिमका प्रभाव समेतका विषयमा विज्ञहरु सम्मिलित टोली बनाई अध्ययन गरी कानून तर्जुमा गर्न आवश्यक रहे नरहेको र तर्जुमा गर्न आवश्यक भए के कस्तो कानून बनाउन उपयुक्त हुन्छ भन्ने सम्बन्धमा सुझाव सहितको प्रतिवेदन प्राप्त गरी सो सम्बन्धमा उपयुक्त कदम चाल्नू। पब्जी लगायत खेलहरु | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०१/२८ को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | | | सञ्चालन गर्नेले दर्ता एवम् सञ्चालन शर्त कानूनमा नै व्यवस्थित गर्न गराउन आवश्यक कार्य गर्नू। बालबालिकामा नकारात्मक असर पार्ने हुँदा यस्ता गेम तथा एप्सलाई नियमन गर्न आवश्यक कानून बनाई लागू गर्नू भनी निर्देशनात्मक आदेश।“ | |
| १५. | ०७५-WO-०१९७ राम कुमार कार्की | २०७६-११-२१ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार काठमाडौ समेत | “.......न्यायोचित तथा मानवोचित रुपले क्षतिपूर्ति प्रदान गर्ने तर्फ आवश्यक कारबाही गर्नूभनी बिपक्षीहरुको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।“ | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०१/२८ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| १६. | ०७४-WO-१०३१ | २०८०-०६-०९ नेपाल सरकार प्रधानमन्त्रि तथा | कुनै पनि आयोजना निर्माण कार्य अघि बढाउँदा नेपालले अनुमोदन तथा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धी नं. १६९, आदिवासी, जनजाति | फैसला कार्यान्वयन निर्देशनालयको मिति |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | दत्त सिंह बस्नेत समेत | मन्त्रिपरिषदको कार्यालय सिंहदरवार काठमाडौ समेत | सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७, व्यवसाय र मानव अधिकार सम्बन्धी सिद्धान्त, २०११ र विकासको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र १९८६ को कार्यान्वयन पक्षमा ध्यान दिई विकास निर्माण कार्य अघि बढाउनु | २०८३/०१/१६ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| १७. | ०७६-WO-०२०३ अधिवक्ता दिपक विक्रम मिश्र | २०८१-०१-१४ प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरबार काठमाण्डौ समेत | हिमाल आरोहण दलका सदस्यहरुले प्रयोग गरी बाँकी रहेका सामग्री, मानव मलमुत्र र आरोहणको क्रममा दुर्घटनामा परी मृत्यु भएका पर्वतारोहीहरुका लाशको कारण हिमाली क्षेत्रहरुमा दिन प्रतिदिन फोहोरको मात्रा बढ्दो क्रममा रहेको र हिमालको हिउँ पग्लिने र हिमालको सुन्दरता नै खस्किने अवस्था रहेको देखिन आयो। तसर्थ प्रचलनमा रहेका कानूनहरुको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको देखिंदा विद्यमान कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्नु, गराउनू। | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०१/२८ को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| १८. | ०७९-WO-०२४७ चक्र बुढा समेत | २०७९-०९-२४ वन तथा भू(संरक्षण विभाग बबरमहल काठमाडौसमेत | "...... स्थानीय जनताको हक अधिकार र सुविधा संरक्षित हुने गरी प्रदेश सरकारसँग समेत आवश्यक समन्वय कायम गरी जटामसी लगायतका वनस्पतिको व्यवस्थापन गर्ने निकायको रुपमा आगामी आर्थिक बर्षदेखि जिल्ला स्थित वन कार्यालयलाई तोक्ने व्यवस्था गर्नू र जडिबुटी संकलन तथा निकासीका लागि आवश्यक सरल र स्थानीय जनताका लागि सुविधायुक्त व्यवस्था मिलाउनू भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ।" | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८२/०८/०३ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| १९. | ०७३-WO-०३०४ अन्जली कौशीक समेत | २०७६-१०-१९ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरवार काठमाडौं समेत | "..... निजहरुको कार्यसम्पादनको अभिलेख सम्बन्धित निकायहरुको जिम्मेवार अधिकृतमार्फत राख्न लगाई निजहरु मध्ये कसैको कार्य सम्पादनमा व्यक्तिगत स्वार्थ वा कुनै पनि प्रकारको अन्य कैफियत देखिएमा निजलाई भविष्यमा यस प्रकृतिको निरीक्षण कार्यमा संलग्न नगर्नु नगराउनू भन्ने निर्देशनात्मक आदेश जारी।" | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०१/०९ को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| २०. | ०७२-WO-०८४० मकालु एयर प्रा.लि.समेत | २०७९-०९-२१ प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय काठमाडौ समेत | "......विमान चालककोसमेत जिवन र धन सम्पत्तिको संरक्षण गर्दै नेपालमा रहेको Single engine aircraft को हकमा ICAO Annex 6 ले तोकेको International Standards Safety measures अनुसारको मापदण्ड पुरा भएको वायुयानलाई तोकिएको स्थानमा तोकिएको प्रकृतिको प्रयोजनको लागि मात्र हवाई सेवा संचालन गर्न अनुमति दिने व्यवस्था गर्नू, गराउनू भनी विपक्षीहरुको नाममा निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ।" | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०१/१६ को निर्णय बमोजिम लगत कट्टा भएको। |
| २१. | ०६३-WO-०७५७ लक्ष्मीदेवि धित्त समेत | २०६६-०२-०६ प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय काठमाडौ समेत | "...... विविध पक्षहरुको सही सूचना निश्चित कार्यक्रमहरु सहित व्यापक रुपमा जनचेतना जगाउने हिसाबले प्रचार प्रसार गर्नु भनी विपक्षीहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत का नाउँमा परमादेशको आदेश जारी गरिदिएको छ। साथै उपरोक्त विविध पक्षहरु समेटिएको तथा प्रजनन सम्बन्धी अन्तराष्ट्रिय मानव अधिकार कानूनका व्यवस्थाहरुको व्यवस्था समेत समावेश गरी गर्भ पतन सम्बन्धी छुट्टै र प्रयाप्त | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०२/२० को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | | | कानून बनाउन जो चाहिने पहल गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कानून न्याय तथा संसदीय मामिला मन्त्रालय समेतका विपक्षीहरुको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।" | |
| २२. | ०७२-WO-०१४६ अधिवक्ता हुत राज कोइराला समेत | २०७९-०५-१२ प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय काठमाडौ समेत | धुम्रपान निषेध गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समेतको मर्म र भावना अनुरूप निर्मित सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ बमोजिम स्वास्थ्य मन्त्रालयबाट जारी सुर्तिजन्य पदार्थ, बट्टा, प्याकेट, न्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ लाई तत्काल प्रभावकारीरूपमा कार्यान्वयन गर्नू, गराउनू, र सो बमोजिम चुरोट र सुर्तिजन्य पदार्थहरु भएको प्रत्येक बट्टा, न्यापर्स, प्याकेट, पेटी तथा पार्सल, प्याकेजिंगको अगाडी र पछाडि दुबै पट्टी ९०(नब्बे) प्रतिशत | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०२/२० को निर्णय बमोजिम लगत कट्टा भएको। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | | | क्षेत्रफल ओगट्ने गरी घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्ने व्यवस्था गर्नु, गराउनु, साथै सो विपरीतका उत्पादित सुर्तिजन्य पदार्थहरूलाई तीन महिना भित्र बजारबाट हटाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। | |
| २३. | ०६५-WO-०२६१ नेपाल ओलम्पिक कमिटिको तर्फबाट कमल बहादुर चित्रकार समेत | २०६७-०६-१८ गृह मन्त्रालय समेत | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०२/१४ को निर्णय बमोजिम लगत कट्टा भएको। | |
| २४. | ०७३-wo-०००१ | २०७८-५-२१ | फैसला कार्यान्वयन निर्देशनालयको मिति २०८३/०१/१६ को निर्णय बमोजिम लगत कट्टा भएको। | |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति/विपक्षी | आदेशको संक्षिप्त व्यहोरा | फैसला कार्यान्वयन निर्देशनालयबाट प्रात जानकारी बमोजिम |
|---|---|---|---|---|
| | अमरनाथ झा | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत | | |

## तालिका नं. ३

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सम्बद्ध रहेका रिट मध्ये सर्वोच्च अदालतबाट खारेज भएका रिटहरुको विवरण

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति | आदेशको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १. | ०७६-wo-१०४० अ. केशरजंग के.सी | २०८२।१२।३० | सम्मानित सर्वोच्च अदालतको च.नं. ३०६१, मिति २०८३/०३/१२ को पत्रबाट अन्तिम आदेश तयार हुन बाँकी भनी जानकारी प्राप्त भएको। |
| २. | ०७६-wo-११०३ डा. शितलकाजी श्रेष्ठ | २०८३।०२।१८ | |
| ३. | ०७७-wo-०००६ | २०८२।११।११ | |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति | आदेशको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | अ. विष्णु पोखरेल | | |
| ४. | ०७७-wo-०७८६<br>डा. पुणय प्रसाद खतिवडा | २०८२।१२।२३ | |
| ५. | ०७७-wo-११२२ सन्तोष भण्डारी | २०८३।०२।२५ | |
| ६. | ०७७-wo-११२३ नवराज अधिकारी | २०८३।०२।२५ | |
| ७. | ०७७-wo-११२४<br>राजकुमार सुवाल | २०८३।०२।२५ | |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति | आदेशको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| ८. | ०७७-wo-११२९<br>अन्जना अर्याल | २०८२।११।१० | सम्मानित सर्वोच्च अदालतको च.नं. ३०६१, मिति २०८३/०३/१२ को पत्रबाट अन्तिम आदेश तयार हुन बाँकी भनी जानकारी प्राप्त भएको। |
| ९. | ०७७-wo-१११०<br>शैलेन्द्र प्रसाद अम्बेकडर | २०८२।११।१० | |
| १०. | ०७८-wo-०५८५<br>जरी नेपाल | २०८२।०४।२६ | |
| ११. | ०७८-wo-१३७७<br>नविन कार्की | २०८२।०९।२१ | |
| १२. | ०७८-wo-१५८७ | २०८२।०९।२१ | |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति | आदेशको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | अदिति प्रकाश | | |
| १३. | ०७९-wo-१३६४ बिबेक बखेल | २०८२।०९।१३ | |
| १४. | ०७९-wo-१४७६ ज्योतिलाल भण्डारी | २०८२।०९।१३ | सम्मानित सर्वोच्च अदालतको च.नं. ३०६१, मिति २०८३/०३/१२ को पत्रबाट अन्तिम आदेश तयार हुन बाँकी भनी जानकारी प्राप्त भएको। |
| १५. | ०८०-wo-०३५३ कन्टिनेन्टल मार्केटिङ प्रा.लि/ राजेश उपाध्याय | २०८२।१२।२० | |
| १६. | ०७७-wo-००४६ | २०८३।०२।२० | |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति | आदेशको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| | रामचन्द्र अधिकारी | | |
| १७. | ०७७-wo-०११२ कपिल प्रसाद पाठक | २०८३।०२।१८ | |
| १८. | ०७७-wo-०९३३ / खोमबहादुर सोमैले | २०८२।१०।०४ | |
| १९. | ०७७-wo-१२६३ प्रभुनाथ चौधरी/ तारा प्रसाद लामिछाने | २०८२।०५।०१ | सम्पत्ति सम्बन्धी हक प्रचलित कानूनको अधीनस्थ रहने हुँदा निरपेक्ष मात्र नमिल्ने, भूमिहीन मुक्तकमैयालाई प्रदत्त जग्गा धितोबन्धक वा हकहस्तान्तरण गर्न नपाउने शर्त कार्यविधि, २०६८, नियमावली, २०६७ र जग्गाधनी प्रमाणपुर्जामा अभिलिखित रहेकोले सो विपरीत लिलाम सकार गरी लिएको जग्गामा सकारकर्ताको कानूनसम्मत हक सृजना हुन नसक्ने तथा निवेदकले दाखेल गरेको रकमका लागि कानूनी उपचारको मार्ग खुला रहने हुँदा विपक्षीको कामकारवाहीबाट निवेदकको हक हनन नभएको ठहर्छ। रिट निवेदन खारेज हुने ठहर्छ। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति | आदेशको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २०. | ०७८-wo-००८७<br>बज्रमान सिंह थापा | २०८२।०४।२०<br>उर्जा जलस्रोत तथा संचाई मन्त्रालय | रिट निवेदकहरु बज्रमान सिंह थापा समेत विरुद्ध नेपाल विद्युत प्राधिकरण समेतका विरुद्धमा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाउँ भनी यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनसँग सम्बन्धित विवादमा विपक्षी नेपाल विद्युत प्राधिकरणका तर्फबाट निवेदकहरुको माग बमोजिम मुआब्जा रकम उपलब्ध गराइएको भनी नेपाल विद्युत प्राधिकरणको च.नं. ९९ मिति २०७९।०७।१४ को पत्रबाट देखिएको, सो बमोजिमको मुआब्जा रकम आफूहरुले नपाएको भन्ने जिकिर नदेखिनुका साथै उक्त सोलु कोरिडोर १३२ के.भि प्रशारण लाईन सफलतापूर्वक चार्ज गरी सञ्चालन भएको भन्ने विद्युत प्राधिकरणको मिति २०७८।११।०३ को पत्रबाट देखिएको हुँदा प्रस्तुत रिट निवेदनको औचित्य र प्रयोजन नै समाप्त भएको देखिँदा निवेदन माग दावी बमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नहुँदा रिट निवेदन खारेज हुने ठहर्छ। |
| २१. | ०७८-wo-०९८१<br>पेशलकुमार न्यौपाने | २०८२।०९।०२<br>संस्कृति पर्यटन तथा नागरिक उडययन मन्त्रालय | विमानस्थललाई नियन्त्रण तथा नियमन गर्ने सक्षम प्राधिकरण समक्ष उजुरी दिई सम्बन्धित विषयको सम्बोधन हुन सक्ने अवस्था विद्यमान रहेको एवं प्रचलित कानून प्रतिकूल विक्री व्यवहार भएको भए सोका निमित्त प्रभावकारी वैकल्पिक कानूनी उपचारको मार्ग उपलब्ध हुँदाहुँदै सो मार्ग अवलम्बन नगरी सिधै यस अदालतको असाधारण अधिकारक्षेत्रको आश्रय लिइएको देखिँदा, प्रस्तुत रिट निवेदन माग बमोजिमको आदेश जारी गर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ। |

| क्र.सं. | रिट नं/ निवेदक | आदेश मिति | आदेशको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| २२. | ०७८-wo-०००४<br>रमेश राउत | २०८२।०८।०७<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | कसैको हक अधिकारमा आघात पुग्न गएको भए उल्लिखित विषयगत कानूनमा भएको प्रावधान बमोजिम सम्बन्धित निकायबाट कानूनी उपचार प्राप्त गर्न सक्ने वैकल्पिक मार्ग रहँदारहँदै रिट क्षेत्र प्रवेश गरेको देखिंदा Doctrine of Alternative Remedy समेतको विपरित भएको देखिन्छ। निवेदकले निवेदनमा उल्लिखित क्रियाबाट मुस्लिम र गैर मुस्लिम समुदाय बीच धार्मिक सहिष्णुतामा खलल् पर्न गएको जिकिर लिएको भएतापनि सो को पुष्टी भएको देखीन नआएको तथा धार्मीक ग्रन्थहरुको अरु भाषामा रुपान्तरण गरी विक्रि वितरण गर्न नमिल्ने भनी भने तापनि सो को स्पष्ट कानूनी आधार उल्लेख गर्न नसकेको अवस्थामा निवेदकको माग बमोजिम आदेश जारी हुन सक्ने देखिन आएन। |

प्रस्तुत प्रतिवेदन यस कार्यालयको वेबसाइटमा उपलब्ध छ।

**www.opmcm.gov.np**

मुद्रक: मुद्रण विभाग, सिंहदरबार, काठमाडौँ ।